*"समृद्ध प्युठान नगरपालिका निर्माणको आधार, सामाजिक न्याय र दिगो विकास सहतिको पूर्वाधार"*




# प्युठान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### प्युठान, लुम्बिनी प्रदेश, नेपाल

# प्रथम आवधिक योजना

## (आ.व.२०८०/०८१ – २०८४/०८५)

आर्थिक तथा प्राविधिक सहयोग
प्रदेश सुशासन केन्द्र
बाँके, नेपालगञ्ज

# विषयसूची


*परिच्छेद १ - भूमिका* ___ *१*

**१.१ पृष्ठभूमि** ___ **१**

**१.२ आवधिक योजनाको उद्देश्य** ___ **३**

**१.३ आवधिक योजना निर्माणका आधारहरू** ___ **४**

१. विद्यमान ऐन तथा वैधानिक रूपमा प्राप्त आधारहरू ___ ४

२. विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू ___ ५

३. संघीय, प्रादेशिक र स्थानीयतहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू ___ ५

४. दिगो विकासका लक्ष्यहरू ___ ११

५. स्थानीय राजनीतिक दलका घोषणापत्रहरू ___ १२

६. संघ तथा प्रदेश सरकारका निर्देशनहरू ___ १२

७. अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू ___ १३

८. नगरपालिकाको वस्तुस्थिति ___ १३

**१.४ योजनाका सीमाहरू** ___ **१३**

**१.५ योजना निर्माणका विधि र प्रक्रिया** ___ **१५**

*परिच्छेद - २ : प्युठान नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा* ___ *१८*

**२.१ नगरपालिकाको परिचय** ___ **१८**

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ___ १८

**प्यूठान नगरपालिकाको वडा विभाजन** ___ **१९**

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ___ २०

**प्यूठान नगरपालिकामा रहेको मठ, मन्दिर प्राकृतिक, साँकृतिक तथा ऐतिहासिक स्थानहरू** ___ **२०**

२.१.३ जनसांख्यिक अवस्था ___ २१

**२.२ आर्थिक विकास अवस्था** ___ **२२**

२.२.१ कृषि तथा खाद्य सुरक्षा ___ २२

२.२.२ पर्यटन तथा सँस्कृति ___ २३

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ___ २४

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ___ २५

२.२.५ सहकारी ___ २६

**२.३ सामाजिक विकासको अवस्था** ___ **२६**

२.३.१ स्वास्थ्य तथा पोषण ___ २६

२.३.२ शैक्षिक विकास ___ २७

२.३.३ खानेपानी तथा सरसफाई ____ २८
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ____ २८
२.३.५ युवा, खेलकुद तथा कला ____ २८

**२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ____ २९**
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ____ २९
२.४.२ सडक, पुल तथा यातायात ____ ३१
२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ____ ३१
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ____ ३१

**२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ____ ३२**
२.५.१ वन तथा जैविक विविधता ____ ३२
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ____ ३२

**भू-उपयोग विश्लेषण ____ ३३**

**नगरपालिकामा भएका जलाधारहरूको विवरण ____ ३३**
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ____ ३४
२.५.४ महामारी तथा विपद् व्यवस्थापन ____ ३५

**२.६ सुशासन तथा संस्थागत व्यवस्था ____ ३५**
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ____ ३५
२.६.२ श्रोत परिचालन ____ ३५
२.६.३ योजना व्यवस्थापन ____ ३६

***परिच्छेद ३: सोच तथा विकासको अवधारणा ____ ३७***

**३.१ पृष्ठभूमि ____ ३७**

**३.२ प्रमुख समस्या तथा चुनौती ____ ३७**

**३.३ प्रमुख सम्भावना तथा अवसर ____ ३८**

**३.४ निर्देशक सिद्धान्त ____ ३८**

**३.५ सोच, लक्ष्य तथा उद्देश्य ____ ३९**

**३.६ परिमाणात्मक लक्ष्य ____ ४०**

**३.७ रणनीति तथा प्राथमिकता ____ ४२**

**३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ____ ४३**

***परिच्छेद ४ : आर्थिक क्षेत्र ____ ४८***

**४.१ कृषि तथा पशुपन्छी वकास ____ ४८**

(अ) कृषि ___ ४८
पृष्ठभूमि ___ ४८
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ ४९
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ ५०
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ ५१
(आ) जडीबुटी ___ ५६
पृष्ठभूमि ___ ५६
(इ) पशुपंक्षी विकास ___ ६६
पृष्ठभूमि ___ ६६
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ ६६
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ ६६
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ ६७
अपेक्षित उपलब्धि तथा नतिजा खाका ___ ७३
अनुमान तथा जोखिम पक्ष ___ ८०

**४.२ सिंचाई ___ ८०**
पृष्ठभूमि ___ ८०
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ ८०
दुर्बल पक्ष : प्रमुख समस्याहरूर चुनौतीहरू ___ ८१
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ ८१
अनुमान तथा जोखिम पक्ष ___ ८८

**४.३ पर्यटन, सँस्कृति तथा सम्पदा ___ ८८**
(अ) पर्यटन ___ ८८
पृष्ठभूमि ___ ८८
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ ८९
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ ८९
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ ९०
अपेक्षित उपलब्धि तथा नतिजा खाका ___ ९८
अनुमान तथा जोखिम पक्ष ___ १००
(आ) संस्कृति, भाषा, कला तथा साहित्य ___ १००
पृष्ठभूमि ___ १००
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ १०१
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ १०२
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ १०२
अनुमान तथा जोखिम पक्ष ___ ११०

**४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ______ १११**
(अ) खानी, खनिज, उद्योग, वाणिज्य तथा आपूर्ति ______ १११
पृष्ठभूमि ______ १११
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ______ १११
दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू ______ ११२
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ______ ११३
अपेक्षित उपलब्धि तथा नतिजा खाका ______ १२०
अनुमान तथा जोखिम पक्ष ______ १२२
(आ) बैङ्क तथा वित्तीय क्षेत्र ______ १२२
पृष्ठभूमि ______ १२२
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ______ १२२
दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू ______ १२३
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ______ १२४
अपेक्षित उपलब्धि तथा नतिजा खाका ______ १२६
अनुमान तथा जोखिम पक्ष ______ १२८
(इ) सहकारी ______ १२८
पृष्ठभूमि ______ १२८
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ______ १२८
दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू ______ १२९
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ______ १२९
अपेक्षित उपलब्धि तथा नतिजा खाका ______ १३३
अनुमान तथा जोखिम पक्ष ______ १३४
**४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ______ १३४**
पृष्ठभूमि ______ १३४
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ______ १३५
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ______ १३५
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ______ १३६
अपेक्षित उपलब्धि तथा नतिजा खाका ______ १४२
अनुमान तथा जोखिम पक्ष ______ १४४
**४.६ भूमि व्यवस्थापन (भू-उपयोग) ______ १४५**
पृष्ठभूमि ______ १४५
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ______ १४५
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ______ १४५
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ______ १४६

अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ १४९
अनुमान तथा जोखिम पक्ष ____ १५०

**४.७ गरिबी निवारण ____ १५०**
पृष्ठभूमि ____ १५०
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ १५०
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ १५१
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ १५१
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ १५५
अनुमान तथा जोखिम पक्ष ____ १५७

***परिच्छेद ५ : सामाजिक विकासको अवस्था ____ १५८***

**५.१ स्वास्थ्य तथा पोषण ____ १५८**
पृष्ठभूमि ____ १५८
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ १५९
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ १६१
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ १६१
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ १७३
अनुमान तथा जोखिम पक्ष ____ १७६

**५.२ शैक्षिक विकास ____ १७७**
पृष्ठभूमि ____ १७७
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ १७८
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ १७९
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ १८१
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ १९७
अनुमान तथा जोखिम पक्ष ____ २०१

**५.३ खानेपानी तथा सरसफाई ____ २०२**
पृष्ठभूमि ____ २०२
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ २०२
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २०३
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २०४
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ २११
अनुमान तथा जोखिम पक्ष ____ २१२

**५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ____ २१३**
(अ) लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण ____ २१३

पृष्ठभूमि ____ २१३
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ २१३
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २१५
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २१६
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ २२७
अनुमान तथा जोखिम पक्ष ____ २३०
(आ) बालबालिका ____ २३१
पृष्ठभूमि ____ २३१
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ २३१
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २३१
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २३२
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ २३६
अनुमान तथा जोखिम पक्ष ____ २३७

**५.५ युवा तथा खेलकुद ____ २३९**
पृष्ठभूमि ____ २३९
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ २४०
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २४१
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २४२
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ २४५
अनुमान तथा जोखिम पक्ष ____ २४७

**५.६ शान्ति सुरक्षा ____ २४७**
पृष्ठभूमि ____ २४७
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ २४७
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २४८
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २४९
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ २५२
अनुमान तथा जोखिम पक्ष ____ २५३

**५.७ शवदाहस्थल तथा चिहान व्यवस्थापन ____ २५३**
पृष्ठभूमि ____ २५३
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ २५३
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २५४
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २५४
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ २५६
अनुमान तथा जोखिम पक्ष ____ २५७

*परिच्छेद ६ : पूर्वाधार क्षेत्र* ___ *२५८*

**६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** ___ **२५८**

पृष्ठभूमि ___ २५८

सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ २५९

दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ २५९

उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ २५९

अपेक्षित उपलब्धि तथा नतिजा खाका ___ २६४

अनुमान तथा जोखिम पक्ष ___ २६५

**६.२ सडक, पुल तथा यातायात** ___ **२६५**

पृष्ठभूमि ___ २६५

सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ २६६

दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ २६६

उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ २६६

अपेक्षित उपलब्धि तथा नतिजा खाका ___ २७४

अनुमान तथा जोखिम पक्ष ___ २७५

**६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा** ___ **२७६**

पृष्ठभूमि ___ २७६

सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ २७६

दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ २७६

उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ २७७

अपेक्षित उपलब्धि तथा नतिजा खाका ___ २८०

अनुमान तथा जोखिम पक्ष ___ २८१

**६.४ सूचना, सञ्चार तथा प्रविधि** ___ **२८२**

पृष्ठभूमि ___ २८२

सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ २८२

दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ___ २८२

उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ___ २८३

अपेक्षित उपलब्धि तथा नतिजा खाका ___ २८६

अनुमान तथा जोखिम पक्ष ___ २८७

*परिच्छेद ७ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र* ___ *२८८*

**७.१ वन, जैविक विविधता तथा भू-संरक्षण** ___ **२८८**

पृष्ठभूमि ___ २८८

सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ___ २८९

दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २८९
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २८९
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ २९५
अनुमान तथा जोखिम पक्ष ____ २९७

**७.२ जलाधार व्यवस्थापन ____ २९७**
पृष्ठभूमि ____ २९७
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ २९७
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ २९८
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ २९८
अनुमान तथा जोखिम पक्ष ____ ३०२

**७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन ____ ३०२**
पृष्ठभूमि ____ ३०२
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ ३०२
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ ३०३
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ ३०३
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ ३०७
अनुमान तथा जोखिम पक्ष ____ ३०८

**७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ____ ३०९**
पृष्ठभूमि ____ ३०९
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ ३०९
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ ३१०
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ ३१०
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ ३१५
अनुमान तथा जोखिम पक्ष ____ ३१६

***परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र ____ ३१७***

**८.१ संस्थागत विकास तथा सुशासन ____ ३१७**
पृष्ठभूमि ____ ३१७
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ ३१७
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ ३१९
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ ३२०
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ ३२५
अनुमान तथा जोखिम पक्ष ____ ३२६

**८.२ मानव अधिकार तथा सामाजिक न्याय ____ ३२७**

पृष्ठभूमि ____ ३२७
सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू ____ ३२७
दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू ____ ३२७
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ ३२७
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ ३३१
अनुमान तथा जोखिम पक्ष ____ ३३२

**८.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ____ ३३२**
पृष्ठभूमि ____ ३३२
उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ____ ३३२
अपेक्षित उपलब्धि तथा नतिजा खाका ____ ३३६
अनुमान तथा जोखिम पक्ष ____ ३३७

***परिच्छेद ९ : कार्यान्वियन व्यवस्था ____ ३३८***

**९.१ पृष्ठभूमि ____ ३३८**

**९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट ____ ३३८**

**९.३ स्रोत अनुमान तथा प्रक्षेपण ____ ३४१**

**९.४ स्रोत परिचालन रणनीति ____ ३४२**

**९.५ आवधिक योजना कार्यान्वयन ____ ३४३**

**९.६ अनुगमन तथा मूल्याङ्कन योजना ____ ३४७**
९.६.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ____ ३४७
९.६.२ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ____ ३४८

***सन्दर्भ सामाग्रीहरु ____ ३५४***

***अनुसूचिहरू ____ ३५७***

**अनुसूची १ - वडास्तरमा माग भएका विषयक्षेत्रगत कार्यक्रमहरूको विवरण ____ ३५७**
(क) भौतिक पूर्वाधार विकास कार्यक्रमहरू ____ ३५७
(ख) आर्थिक विकासका कार्यक्रमहरू ____ ३६८
(ग) सामाजिक विकास योजना ____ ३६८
(घ) वातावरण तथा विपद् व्यवस्थापन योजना ____ ३७०
ङ) ऐतिहासिक तथा पर्यटकिय क्षेत्र ____ ३७१

**अनुसूची २ - आवधिक योजना तर्जुमाका लागि गठन भएको समिति ____ ३७५**

**अनुसूची ३- नगरपालिकाको नक्सा र वडागत नक्साहरु ____ ३७७**

**अनुसूची ४- अभिमुखीकरण तथा कार्यशाला गोष्ठीका तस्विरहरू ________________________ ३८९**

**अनुसूची ५- माइन्यूटस ________________________ ३९१**

# दुई शब्द

राज्यको पुनर्संरचनाका सिलसिलामा स्थापित यस प्यूठान नगरपालिका को प्रकाशित दस्तावेजको रूपमा आउन लागेको आवधिक योजना छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

नगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउन आवधिक योजना तयारीले नगरपालिका विकासका वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकिकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी नगरपालिकाको विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु। यस आवधिक योजनाले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्ने प्रयास गरेको भएतापनि सीमित समय र स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण नहुन सक्छ । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गरेका छौँ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो आवधिक योजना समयमै तयार गर्न लगाउने नगरपालिकाका सम्पूर्ण टिम, प्रमुख प्रशासकिय अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने निर्वाचित जनप्रतिनिधि एवम् कर्मचारी लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिको तर्फबाट आभार प्रकट गर्न चाहन्छु। यस आवधिक योजना निर्माण गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने सुशासन केन्द्रलाई हार्दिक धन्यबाद का साथै अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने आरोग्य विल्डर्स एण्ड कन्सलटिङ्ग प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

अन्तमा समग्र नगरपालिकाको विकासको आधार चित्र कोर्न यो पञ्च वर्षिय आवधिक योजना सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न यसबाट हामी सबैलाई आधार प्राप्त होस भन्ने शुभेच्छा प्रकट गर्दछु।

विष्णु बहादुर योगी

नगर प्रमुख

# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि नगरको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी नगरपालिका आवधिक योजना तयार गरिएको छ । जसमा नगरपालिको विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका योजना समावेश गरी नगर आवधिक योजना तयारी गरिएको छ ।

यस नगरपालिकाको आवधिक योजनाले यस नगरपालिकामा काम गर्ने संघसंस्था, निजी क्षेत्र, सहकारी, समुह तथा तथा नगरवासीहरूलाई आवधिक योजनाले कार्य गर्ने क्षेत्रका बारेमा सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु । आवधिक योजनामा उल्लेखित विवरणमा नगरपालिकाको विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै विविध पक्षहरू समावेश गरिएका छन् ।

अन्तमा प्रस्तुत आवधिक योजना तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, नगर कार्यपालिकाका कर्मचारीहरू, कार्यकारी अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी आवधिक योजनालाई निर्माण गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने सुशासन केन्द्रलाई हार्दिक धन्यबाद का साथै योजनालाई यो रूप दिने परामर्शदाता श्री आरोग्य विल्डर्स एण्ड कन्सलटिङ्ग प्रा.लि. काठमाडौँलाई विशेष धन्यबाद दिन चाहन्छु ।

देवेन्द्र वर्मा

नगर उपप्रमख

# मेरो भनाई

कुनै पनि विकासको मार्ग तयार गर्ने उद्देश्यका लागि योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरूको चासो त्यसको निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाका लागि सही र वस्तुनिष्ठ निर्णय लिन योजनाको आवश्यकता पर्दछ । विगतबाट पाठ सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

आवश्यकताअनुसार योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाका पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो आवधिक योजना सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । आवधिक योजनालाई सामान्य रूपमा अध्ययन गर्ने जो कोहीले पनि यस नगरपालिकाको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । या आवधिक योजनालाई एकातिर नगरको सम्पूर्ण चिनारीका रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई पहिचान गर्न सकिन्छ ।

आवधिक योजना तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख ज्यू, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पञ्चवर्षिय नगर आवधिक योजनालाई निर्माण गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने सुशासन केन्द्रलाई हार्दिक धन्यबाद का साथै आवधिक योजनालाई यो रूप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री आरोग्य बिल्डर्स एण्ड कन्सलटिङ्ग प्रा.लि. काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो आवधिक योजना आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

महेश कुमार गुरुङ्ग

प्रमुख प्रशासकिय अधिकृत

# परिच्छेद १ - भूमिका

## १.१ पृष्ठभूमि

नेपालको संविधान जारी भएसँगै नेपाल एकल शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा रुपान्तरण भएको छ । संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून बनाउने, नीति तथा योजना तयार गर्ने, बार्षिक बजेट बनाउने, सोको कार्यान्वयन र नतिजा मापन गर्ने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा १) । यसैगरी संविधानले प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानून बमोजिम हुने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा ३) । सङ्घीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा लिइएको हुन्छ । तसर्थ राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसँग जनताको बढी नै अपेक्षा हुने गर्दछ । नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सक्षम, सबल र नागरिक प्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ । यसका लागि स्थानीय सरकारका रुपमा नगरपालिका तथा नगरपालिकाले स्थानीय धरातलिय परिवेश, विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी स्थानीय नीति, योजना तथा बजेट तर्जुमा गर्नु आवश्यक रहेको छ ।

यसका लागि नेपाल सरकारले स्थानीय सरकार संचालन ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ लगायत आर्थिक संकेत, वर्गीकरण र व्याख्या जस्ता नीतिगत तथा कानूनी व्यवस्था समेत गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी तर्जुमा गर्नु पर्ने व्यवस्था ऐनमा गरिएको छ ।

यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत ऐनले स्पष्ट गरेको छ । यसका अतिरिक्त ऐनले योजना तर्जुमा गर्दा प्राथमिकता दिनु पर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्वन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गरेको छ । सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरिबी निवारण, जीवनस्तरमा दीगो सुधार, रोजगारीका अवसरमा वृद्धी समेत आर्थिक सामाजिक पुनर्लाभ, जनसहभागिता प्रवर्धन, समावेशी, दीगो विकास र स्थानीय सँस्कृति संरक्षण जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ ।

नेपालको संविधान र प्रचलित कानुन बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ । यसै व्यवस्था अनुसार जनताको सबैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकारले समृद्धी र सुशासनको जनआकांक्षा पुरा गर्ने प्रयासलाई दिशानिर्देश गर्न आवधिक योजना तर्जुमा आवश्यक रहेको छ। स्थानीय तहको योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकार क्षेत्रलाई मनन् गरी संविधान एवं कानून बमोजिम स्थानीय सरकारको रुपमा स्थापित यस प्युठान नगरपालिकाले पहिलो प्रयासको रुपमा प्रथम आवधिक विकास योजना (२०८०/०८१-२०८४/८५) तर्जुमा गरी कार्यान्वयन गर्ने प्रतिवद्धता गरेको छ । यस आवधिक विकास योजनामा नगरपालिकाको समष्टिगत आर्थिक, सामाजिक विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी आगामी ५ बर्ष अवधिभित्र सो हासिल गर्ने निर्देशक सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित मार्गचित्र प्रस्तुत गरिएको छ । यस योजनाले निर्धारित अवधिका लागि आफुले चाहेको विकास गन्तव्यतर्फ नगरपालिकालाई डोऱ्याउने अपेक्षा गरिएको छ ।

नगरपालिकाको विकास प्रयासलाई दिशानिर्देश गर्न विषयक्षेत्र गुरुयोजना, आवधिक तथा बार्षिक योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा विकासका प्रयासहरुको प्रभाव लेखाजोखा गर्न विषयगत सूचना तथा श्रोत नक्शा सहित वस्तुस्थिति विवरण (स्थिति पत्र) लाई योजनाको आधार दस्तावेजको रुपमा लिइएको छ । नगर विकासको स्थिति पत्रको आधारमा विकासको वर्तमान अवस्था, संभावना, अवसर, समस्या तथा चूनौति विश्लेषण गरी प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया बमोजिम नगर सभा तथा कार्यपालिका पदाधिकारी, कार्यालय तथा विषयगत क्षेत्रका कर्मचारी, स्थानीय राजनीतिक दलहरू,

अगुवा तथा विषयविज्ञहरु, नागरिक समाज, लक्षित वर्ग तथा सरोकारवालाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ। यस आवधिक विकास योजना तर्जुमा प्रक्रिया तथा नतिजामा दीगो विकासका लक्ष्यलाई स्थानीय परिवेश अनुसार एकीकृत गर्नुका साथै कोभिड १९ को अवस्था र सो पछिको सामाजिक आर्थिक पुनर्लाभका विषयहरुलाई समेत समावेश गर्ने प्रयास गरिएको छ।

यस प्रथम आवधिक विकास योजना तर्जुमा प्रक्रियामा जनसंख्या, आर्थिक बृद्धिदर, सेवा तथा सुविधाको माग समेत विकासको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी नगरपालिकाको समष्टिगत विकासको लागि दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तर्जुमा गरिएको छ। यस योजनाले नगरपालिकाको समग्र तथा योजनावद्ध विकासका लागि आगामी ५ वर्षको मार्गचित्र तयार गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत नतिजा अनुगमन र प्रभाव लेखाजाखाको लागि आधार तय गरेको छ। यस आवधिक योजनाको आधारमा मध्यमकालिन खर्च संरचना र सोको आधारमा बार्षिक बजेट तथा कार्यक्रम तयार गरी योजनाको कार्यान्वयन, नतिजाको अनुगमन तथा प्रगति मापन एवम् असर र प्रभावको लेखाजोखा गर्ने समेत प्रतिवद्धता गरिएको छ।

## १.२ आवधिक योजनाको उद्देश्य

प्युठान नगरपालिकाको विकास तथा समृद्धिका लागि नगरपालिकाको नेतृत्वमा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एकै स्थानमा ल्याई नगरपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गरी नगरबासीहरुको समृद्धीलाई सुनिश्चित गर्नु यस आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ। यस योजनाको विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन्।

- नगरपालिकाको विकासको संभावना, अवसर, समस्या तथा चूनौति र स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासीको चाहाना अनुसार दीर्घकालीन सोच उन्मुख समष्टिगत लक्ष्य, रणनीतिक कार्यक्रम तथा बजेट अनुमान सहितको विकासको रणनीतिक बृहद् दस्तावेज तयार गर्ने।
- नगरपालिकाको विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने नविन तथा रणनीतिक महत्वका कार्यक्रम र सोको कार्यान्वयनको लागि कार्यनीति तयार गर्ने।
- स्थानीय तहका विकासका साझेदार तथा सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासको मार्गचित्र तयार गर्ने।

- आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्यान्वयन योजना, अनुगमन र तथा प्रभाव लेखाजोखा खाका तयार गर्ने ।
- नगर विकासको स्पष्ट मार्गचित्र तयार गर्ने ।

## १.३ आवधिक योजना निर्माणका आधारहरू

सामान्यतया योजना निर्माण गर्दा वैधानिक र नीतिगत आधारहरू स्पष्ट हुनु आवश्यक भएकोले यो नगरपालिका नेपालको संघीय गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीयतहहरू रहेकोमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत तहको स्थानीय निकाय हो । नेपालको संविधानले स्थानीयतहहरूलाई एक प्रकारको पूर्ण स्थानीय सरकारको रूपमा स्थापित गरेकोले स्थानीयस्तरका विकास योजनाहरू तर्जुमा गर्ने र ती योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने सम्पूर्ण अधिकार स्थानीयतहलाई नै प्राप्त भएको छ । मूलतः यसै वैधानिक आधारको पृष्ठभूमिमा रहेका थप निम्न आधारहरूमा रहेर यो आवधिक योजना तयार पारिएको छ ।

### १. विद्यमान ऐन तथा वैधानिक रूपमा प्राप्त आधारहरू

#### (क) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार प्रस्तावित ढाँचा तथा सिद्धान्तमा रहेर यस आवधिक योजना निर्माण गरिएको छ ।

#### (ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (छ) बमोजिम नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागू भए पश्चात् स्वायत्त स्थानीय सरकारको रूपमा स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानुन तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सोही वैधानिक व्यवस्थाबमोजिम यो गुरुयोजना निर्माण गरिएको छ । साथै संविधानको मर्मअनुरूप सङ्घीय, प्रादेशिक तथा स्थानीयस्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधानअनुरूप आवधिक योजनालाई अन्तिम रूप दिइएको छ ।

### (ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

संविधानको धारा ५९ अनुसार तिनै तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व स्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ ।

### (घ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

संविधानको धारा ६० को उपधारा ३ मा प्रदेश र स्थानीयतहले प्राप्त गर्ने वित्तीय स्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृतिक स्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा स्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस आावधिक योजना निर्माणमा एक आधारको रूपमा लिएको छ ।

## २. विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

सबैभन्दा महत्वपूर्ण राष्ट्रिय नीतिहरूमध्ये **संविधानको धारा ५१** मा रहेका नीतिहरूलाई मूल आधार मानेर योजना निर्माण गर्नु उपयुक्त हुन्छ । यसर्थ नेपाल सरकारले तय गरेको विभिन्न नीतिहरूलाई प्रमुख आधार मान्नु उपयुक्त रहेकोले सोही आधारमा यो योजना निर्माण गरिएको छ ।

## ३. संघीय, प्रादेशिक र स्थानीयतहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

योजनाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग तादात्म्यता मिलाई तयार गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ ।

### (क) दीर्घकालीन सोच वि.सं. २१००

दीर्घकालीन सोचको प्रमुख लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाजको निर्माण गर्ने हो । यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधन लगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालन मार्फत रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो । यसर्थ प्युठान नगरपालिकाको समृद्ध प्युठान नगरपालिका निर्माणको आधार, सामाजिक न्याय र दिगो विकास सहतिको पूर्वाधार भन्ने दीर्घकालीन सोचलाई “समृद्ध नेपाल सुखी नेपाली” सँग अन्तर सम्बन्ध गरी

तय गरिएको छ र। यस सोचको अपेक्षित उपलब्धिमा "समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितका समान अवसर प्राप्त, स्वस्थ, शिक्षित मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक" मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ।

दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीतिहरूमा; तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने; सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने; आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने; उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने; उत्पादनका साधन, सार्वजनिक संस्था र रोजगारीमा समतामूलक अवसरको सिर्जना सहित पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षाको प्रत्याभूति तथा संरक्षण प्रदान गर्ने तथा सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने रहेका छन्।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | १०.५ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ |
| ५. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १२१०० |
| ६. | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ० |
| ७. | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ३ |
| ८. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात ९एकिबचबतष्य० | अनुपात | १.३ | १.१ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| ९. | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२५ |
| १०. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ |
| १२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १३. | जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन ( जडित क्षमता) | मेगावाट | १,०७४ | ४०,००० |
| १४. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० |
| १५. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९७ | ३,५०० |
| १६. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ |
| १७. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | ६,९७९ | ३३,००० |
| १८. | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मि. | ० | २,००० |
| १९. | रेलमार्ग | कि.मि. | ४२ | २,२०० |
| २०. | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ५५.४ | १०० |
| २१. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |
| २२. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २० |
| २३. | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३९ | ८ |
| २४. | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | २७ | २ |
| २५. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९८ |
| २६. | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ |
| २७. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० |
| २८. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ९५ |

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| २९. | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | १०० |
| ३० | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९२५ | १ |
| ३१. | मानव विकास सूचकांक | सूचकांक | ०.५७४ | ०.७६० |

स्रोत: १. राष्ट्रिय लेखा, आ.व. २०७५/७६; २. बहुआयामिक गरिबीको प्रतिवेदन २०१८; ३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण-२०१६; ४. राष्ट्रिय जनगणना, २०६८; ५. मानव विकास प्रतिवेदन २०१८

नोटः

- ☞ दीर्घकालीन सोचको मार्गचित्र र रणनीति, २५ वर्षमा नेपाल उच्च आय भएको मुलुकको स्तरमा पुग्ने लक्ष्य र अन्य देशहरूको विकासको अनुभवका आधारमा प्रारम्भिक अनुमान गरिएको छ ।
- ☞ शून्य प्रतिशत गरिबीले १ प्रतिशत भन्दा कम गरिबी रहेको अवस्थामा बुझाउँछ ।
- ☞ आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा माथि उल्लेखित लक्ष्यहरू समयानुकूल पुनरावलोकन गरिने छन् ।

## (ख) पन्ध्रौं योजना

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने आधार निर्माण गर्ने हो । "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजनालाई लिइएको छ ।

## (ग) लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना

**दीर्घकालीन सोच -** उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने “समृद्ध प्रदेश: खुशी जनता” भन्ने दीर्घकालीन सोच लुम्बिनी प्रदेशले तय गरेको छ।

।

**लक्ष्य -** समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु।

**योजनाको औचित्य -** सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन गरिबी निवारण गर्नु।

**परिमाणात्मक लक्ष्य -** यस योजनामा ५ वर्षभित्र देहायबमोजिम उपलब्धि हासिल गर्नेगरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ जुन तलको तालिकामा देखाएको छ।

**लुम्बिनी प्रदेशको आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू**

| राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | आ.व. २०७५/७६ | आ.व. २०८०/८१ |
|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ७.४ | ९.५ (५ वर्षको औसत) |
| उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत) | - | ६.० (५ वर्षको औसत) |
| निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | १८.२ | १०.० |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९ | १५ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३ | १६०० |
| बेरोजगारीको दर (प्रतिशत) | ११.२ | ६.० |
| जन्मदाको अपेक्षित आयु (वर्ष) | ६९.३ | ७२.० |
| साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ५८ | ८५ |
| बाल मृत्युदर (प्रति हजारमा) | ४५ | २५ |
| माध्यमिक तह (९-१२) मा कुल भर्ना दर (प्रतिशत) | ७४.७ | ९३ |
| खानेपानी सुविधा पुगेका घरपरिवार (प्रतिशत) | ८९.८३ | १०० |

| | | |
|---|---|---|
| विद्युत सेवा पुगेका जनसंख्या (प्रतिशत) | ८१.०३ | १०० |
| सिंचित क्षेत्र (प्रतिशत) | ५१ | ७० |
| सडकको लम्बाइ (कि.मि.)+ | ११२३३ | १२५०० |
| पक्की सडकको अंश प्रतिशत | १७ (१,९३८ कि.मि.) | २८ (३५००० कि.मि.) |
| इन्टरनेटको पहुँच भएका घरपरिवार (प्रतिशत) | ४९.४ | ८५ |

*स्रोतः लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना*

**प्रमुख रणनीति**

१. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने ।

२. आवश्यक भौतिक पूर्वधार निर्माण तथा विस्तार गर्ने ।

३. गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने ।

४. सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने ।

५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने ।

६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने ।

**प्रमुख नीतिहरू**

- ☞ भू-उपयोग नीति तथा प्रचलित ऐन बमोजिम भूमिको वर्गीकरण गरेर कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको उपयुक्त उपयोग गर्ने ।
- ☞ पूर्वाधार, कृषि, उद्योग र पर्यटन क्षेत्रलाई समेट्ने गरी बढीमा दश ओटा प्रादेशिक गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने । निर्माणाधीन र विभिन्न कारणबाट अधकल्चो अवस्थामा रहेका पूर्वाधारका आयोजनाहरूलाई शीघ्रातिशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने ।
- ☞ सन्तुलित विकास गर्ने ध्येयअनुरूप प्राथमिकताका आधारमा आयोजनाहरू छनोट गर्ने ।
- ☞ युवाहरूलाई प्राविधिक शिक्षा र व्यावसायिक सिप वृद्धिका विभिन्न कार्यक्रममार्फत क्षमता विकास गरी स्वरोजगारी र रोजगारीका अवसर सिर्जना र आय आर्जन वृद्धि गर्ने र स्वदेशमा नै रोजगारी उपलब्ध गराई बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने स्थिति अन्त्य गर्ने ।

- प्रदेशको समग्र आर्थिक समुन्नतिका लागि नयाँ नयाँ सम्भावना, स्रोत र समस्याहरूको पहिचान गरी तिनको सदुपयोग गर्न वा समाधान खोज्न नव-प्रवर्तन, अध्ययन र अनुसन्धानमा लगानी गर्ने ।
- उपलब्ध साधन स्रोतको अधिकतम प्रयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी नागरिकको स्वास्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय महिला तथा बालबालिकालाई आवश्यक सहयोग उपलब्ध गराई सम्मानजनक जीवनयापन गर्न सक्ने स्थिति सिर्जना गर्ने ।
- सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, कला, भाषा र साहित्यको संरक्षण, सुधार सम्बर्द्धन गर्दै सामाजिक सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने ।
- प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित ढंगले उत्खनन् तथा सदुपयोग गर्ने र जलस्रोतको बहुआयामिक प्रयोगलाई जोड दिई एकीकृत व्यवस्थापन गर्ने ।
- निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक संस्थाहरू, गैरआवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार गर्ने ।
- यस आवधिक योजनामा राखिएको आर्थिक वृद्धि तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी संघ तथा स्थानीयतहबाट यस प्रदेशमा साधन विनियोजन एवम् लगानी केन्द्रित गर्ने र कार्यान्वयन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने ।
- भौतिक पूर्वाधारको विकासलाई समग्र आर्थिक सामाजिक विकाससँग तादाम्यता मिलाउँदै जनप्रतिनिधिहरूको संलग्नतासहित जनसहभागितामूलक विकास प्रक्रिया अवलम्बन गर्ने ।

## ४. दिगो विकासका लक्ष्यहरू

- सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।
- भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
- सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।
- सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।
- लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।
- सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
- सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।

- भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।
- उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।
- मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने ।
- शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।
- दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।
- जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने ।
- दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने ।
- स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।
- दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।
- दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

## ५. स्थानीय राजनीतिक दलका घोषणापत्रहरू

यस योजना निर्माणका क्रममा नगरपालिकालाई आधार बनाई राजनीति गर्ने दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा नगरवासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

## ६. संघ तथा प्रदेश सरकारका निर्देशनहरू

यस योजना निर्माणका क्रममा नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

## ७. अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

## ८. नगरपालिकाको वस्तुस्थिति

नगरपालिकाको विद्यमान वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र सम्भावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा  नगरपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालाहरूबाट प्राप्त सुझावका आधारमा नगरपालिकाको प्रमुख समस्या चुनैती, सम्भावना र आवश्यकता पहिचान गरी सोको समस्या, चुनौती तथा समास्याको समाधानका उपायसम्बन्धी विश्लेषण गरी योजनाहरू निर्माण गरिएको छ ।

## १.४ योजनाका सीमाहरू

यो नगरपालिका देशका अन्य स्थानीयतहहरू जस्तै नयाँ अभ्यास र संघीय शासन प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो । तसर्थ, यो योजना निर्माणका केही सिमाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- ☞ यो आवधिक योजना प्युठान नगरपालिकाको प्रथम आवधिक योजना भएकोले द्बितिय श्रोतबाट प्राप्त हुनुपर्ने तथ्यांकहरु प्रपाप्त रुपमा उपलबध हुन नसकेको ।
- ☞ वडा भेलामा भएका सहभागीहरुको विचार प्रतिनिधिमूलक रुपमा आवधिक योजनामा समावेश भएको ।
- ☞ नगरपालिकाद्वारा प्रदान गर्नु पर्ने आधारभूत सेवा जस्तै- पिउने पानी खाद्यान्न, शिक्षा, स्वास्थ्य, रोजगार, सडक, सामाजिक सुरक्षा आदिका लागि तय गरिएका कार्यक्रमहरूमा तत्काल पऱ्याप्त बजेटको अभाव रहेको ।

☞ वित्तीय सन्तुलनका हिसाबले कतिपय कार्यक्रमका लागि तत्काल बजेट अभाव भए तापनि भविष्यमा बजेटको स्रोत पहिचान र व्यवस्था गर्ने हेतुले आयोजना बैंकमा अभिलेख रहने गरी त्यस्ता कार्यक्रमहरूलाई प्रस्ताव गरिएको ।

☞ नगरपालिकाको विभिन्न कार्यक्रमहरु दीर्यकालिन प्रकृतिका र विस्तृत परियाेजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकोले परररयोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको ।

☞ **तथ्यांकीय उपलब्धता :** यो योजना द्धितीय स्रोतका तथ्यांक/सूचना तथा नगरपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरूसँगको सहभागितामूलक छलफलका आधारमा आवश्यक तथ्यांक संकलन गरी तर्जुमा गरिएको छ । कुनै वस्तुस्थिति विवरण तयारी नभएको अवस्थामा तर्जुमा गरिएको हुँदा यसमा आवधिक योजनाका लागि आवश्यक आधाररेखा सूचनाहरू मात्र रहेका छन् ।

☞ **लागत तथा लगानी पूर्वानुमान :** विगतका अभ्यास, नगर कार्यपालिका कार्यालयका प्राविधिक कर्मचारी तथा योजना तर्जुमा कार्यमा संलग्न प्राविधिक सहयोग टोलीका सम्बन्धित विषय विज्ञका सुझावका आधारमा अनुमानित लागत तथा लगानीको पूर्वानुमान गरिएको छ । नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन । यस योजनाको सफल कार्यान्वयन विद्यमान संघीय तथा प्रादेशिक अनुदानको आनुपातिक वृद्धि, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा स्थानीय समुदाय र विकास साझेदार संस्थाको लागत साझेदारीको विद्यमान अवस्थामा भएको अपेक्षित सुधारमा निर्भर रहनेछ ।

☞ **कार्यान्वयन र अपेक्षित उपलब्धि :** यस आवधिक योजनाको अपेक्षित उपलब्धि हासिल हुने कुरा यसको पालनासँग प्रत्यक्ष सम्बन्धित हुनेछ । यो योजना आफैंमा कार्यान्वयन गरिने दस्तावेजभन्दा वार्षिक योजनालाई दिशानिर्देश गर्ने दस्तावेज भएको हुँदा वार्षिक कार्यान्वयन योजनालाई यस योजनासँग आबद्ध गरेर यसका लक्ष्य, उद्देश्य अनु?प वार्षिक योजनाहरू तर्जुमा र कार्यान्वयन गर्दै गएमा मात्र यस योजनाले लक्ष्यित गरेअनु?पका अपेक्षित उद्देश्यहरू हासिल गर्न सकिनेछ ।

## १.५ योजना निर्माणका विधि र प्रक्रिया

योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन २०७८" लाई आधार मानिएको छ । नगरपालिकाको यो आवधिक योजनाको तर्जुमाका लागि चरणवद्ध रुपमा विभिन्न विधि तथा प्रक्रियाहरू अवलम्बन गरिएको थियो, जुन निम्नअनुसार रहेका छन्:




### १.५.१ सन्दर्भ सामग्री अध्ययन

आवधिक योजना तर्जुमा गर्ने प्रक्रियासँगै आवधिक योजना तर्जुमा सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाहरू अध्ययन गरिएको थियो। यसक्रममा खासगरी राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, बमोजिम आवधिक योजना तर्जुमा निर्देशिका बमोजिम आवधिक योजना तर्जुमाका लागि आवश्यक खाकाको तयारी गरिएको थियो । यसबाहेक संघीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना, लम्बिनी प्रदेशको पहिलो आवधिक योजना, प्युठान नगरपालिकाका वार्षिक योजना तथा नीति कार्यक्रमहरू लगायत अन्य थुप्रै दस्तावेजहरूको अध्ययन गरिएको थियो । यसबाहेक, नगरपालिकाका प्रगति प्रतिवेदन तथा अन्य दस्तावेजहरूको अध्ययन गरी नगरपालिकाको विद्यमान वस्तुस्थिति तथा आधाररेखा सूचना संकलन गरिएको थियो। अध्ययन गरिएका दस्तावेजहरूको नामावली सन्दर्भ समाग्रीहरु मा प्रस्तुत गरिएको छ ।

### १.५.२ योजना तर्जुमा अभिमुखिकरण कार्यक्रम/गोष्ठी

आवधिक योजना तर्जुमा गर्ने नगरपालिकाको निर्णय बमोजिम प्युठान नगरपालिकाको आयोजनामा २०७९ फाल्गुण १७ र १८ गते आवधिक नगर विकास योजना तर्जुमा अभिमुखिकरण कार्यक्रम/गोष्ठी

आयोजना गरिएको थियो । उक्त कार्यक्रममामा नगरपालिका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरू गरी कुल ...जनाको उपस्थिति रहेको थियो । कार्यशाला गोष्ठीको ककपहिलो दिन आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, भौतिक पूर्वाधार विकास क्षेत्र, वन वातावरण तथा विपद्जोखिम व्यवस्थापन क्षेत्र र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रमा सन्दर्भ सामग्री अध्ययनबाट प्राप्त हुन नसकेका आधाररेखा सूचना संकलन गरी विषय क्षेत्रगत रुपमा विषयक्षेत्रगत वस्तुस्थिति विश्लेषण गरिएको थियो। यस पश्चात् दोस्रो दिन नगरपालिकाको दीर्घकालीन सोच तर्जुमा कार्यशाला गोष्ठी गरी विषय क्षेत्रगत योजना तर्जुमाका लागि विषयगत समिति र सम्बन्धित सरोकारवालाहरू पाँचवटा समूहमा विभाजन भई विषयक्षेत्रगत नतिजा खाका तथा प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू पहिचान गरिएको थियो र सम्बन्धित समितिहरूले नतिजा खाका तथा पहिचान भएका प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाहरू प्रस्तुत गरिएको थियो । साथै आवधिक योजना निर्माण गर्नका लागि आवधिक योजना निर्माण निर्देशन समिति, आवधिक योजना निर्माणका लागि सहजिकरण गर्ने समिति र विषयगत समितिहरु गठन पश्चात अभिमुखिकरण कार्यक्रम समापन गरिएको थियो । निर्माण गरिएका समितिहरुको विवरण अनुसूची २ मा राखिएको छ ।

### १.५.३ आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमाका लागि आवश्यक आधार रेखा सूचना नगरपालिकाका शाखागत अभिलेखहरू, प्रगति प्रतिवेदनहरू, नगरपालिकामा कार्यरत अन्य कार्यालयका प्रगति प्रतिवेदनहरू, प्रदेश तथा संघीय सरकारअन्तर्गतका विभिन्न निकायका प्रकाशनहरूबाट संकलन गरिएको थियो। यसका अलावा अपुग सूचना विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठीका क्रममा संकलन गरी विषय क्षेत्रअनुसार संभावना, अवसर, समस्या, चुनौती पहिचान गरी आवश्यक कदम/क्रियाकलाप पहिचान गरिएको थियो ।

### १.५.४ योजना दस्तावेज तयारी

आवधिक योजनाको यो दस्तावेज मूलतः आवधिक योजना तर्जुमा सम्बन्धी निर्देशिकामा आधारित रही आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीमा नगरपालिकाका पदाधिकारी, कर्मचारी तथा सरोकारहरूसँग गरिएको सहभागितामूलक छलफलबाट प्राप्त सूचनाका आधारमा तयार गरिएको छ । तयार भएको प्रारम्भिक मस्यौदा सुरुमा नगरपालिकालाई उपलब्ध गराई कर्मचारी तथा पदाधिकारीहरूबाट आवश्यक पृष्ठपोषण प्राप्त गरिनेछ र पृष्ठपोषणबाट प्राप्त सुझावका आधारमा दस्तावेजलाई सरोकारवालाबीच कार्यगोष्ठीमा छलफल गराई आवधिक योजनाको मस्यौदालाई थप

सुधारका लागि सल्लाह सुझावहरू प्राप्त गरिनेछ । प्राप्त सल्लाह सुझावका आधारमा पुनः उक्त दस्तावेजलाई सुधार गरी नगरपालिका समक्ष पेश गरिनेछ ।

### १.५.५ योजना दस्तावेजको संरचना

प्युठान नगरपालिकाको यो दस्तावेजमा जम्मा नौ परिच्छेद रहेका छन् । पहिलो परिच्छेदमा आवधिक योजना तर्जुमाको नीतिगत तथा कानुनी आधारहरू, यसका उद्देश्यहरू एवम् योजना तर्जुमा विधिका बारेमा प्रकाश पारिएको छ । दोस्रो परिच्छेदमा नगरपालिकाको संक्षिप्त वस्तुस्थिति वस्तुस्थिति एवम् नगरपालिका गठन पश्चात् भएका प्रमुख कार्यहरूका बारेमा प्रकाश पारिएको छ । तेस्रो परिच्छेदमा दीर्घकालीन सोच तथा अवधारणा, निर्देशक सिद्धान्तहरू, प्राथमिकताका क्षेत्र, योजना अवधिमा प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण तथा रुपान्तरणकारी परियोजनाहरू प्रस्तुत गरिएको छ । चौथो परिच्छेद देखि आठौं परिच्छेद सम्म क्रमशः आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन वातावरण तथा विपद्जोखिम व्यवस्थापन र संस्थागत विकास तथा सुशासन गरी पाँचवटा विषयगत क्षेत्रहरूको विषय क्षेत्रगत योजना प्रस्तुत गरिएको छ । यी सबै योजनाहरूमा पृष्ठपोपण, उपक्षेत्रगत वस्तुस्थिति विश्लेषण, विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, अपेक्षित उपलब्धि तथा नतिजा तालिका, आयोजना तथा कार्यक्रमको स्थानगत तथा अन्य विवरण समावेश गरिएको छ । नवौं परिच्छेदमा कार्यान्वयन एवम्अनुगमन तथा मूल्यांकन योजना प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषय क्षेत्र अनुसार अनुमानित कुल बजेट तथा आवधिक योजना कार्यान्वयनबारे संक्षिप्तमा प्रकाश पारिएको छ । परिच्छेद ९ (नौ) मा यस आवधिक योजनाको कार्यान्वयन तथा अनुगमनका व्यवस्थाहरूका सम्बन्धमा प्रकाश पारिएको छ भने त्यस पश्चात् अनुसूचीहरू रहेका छन् ।

# परिच्छेद - २ : प्युठान नगरपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

नेपालको लुम्बिनी प्रदेशमा पर्ने यस नगरपालिकामा झिमरुक नदीको वारिपारीका साविकका खलंगा, विजुवार, धर्मावती, विजयनगर, दाखाक्वाडी, खैरा र मरन्ठाना गाविसहरु मिलेर १९ वटा वडासहितको नगरपालिका बनेकोमा स्थानीय तहको पुनर्संचना पश्चात नेपाल सरकारले राजपत्रमा मिति २०७३ फागुन २६ को सुचना प्रकाशन गरेबमोजिम साविक प्युठान नगरपालिकाको वडा नं. ४, ६–१७, १९ तथा जुम्रीकाँढा र माझकोट गाविसहरु मिलाएर हालको प्युठान नगरपालिका स्थापना भएको हो । हाल यस नगरपालिकामा १० वटा वडाहरु रहेका र यसको केन्द्र वडा नम्बर ४ को विजुवारमा रहेको छ ।




*स्रोत : प्युठान नगरपालिकाको पार्श्वचित्र, २०७४*

**भौगोलिक अवस्थिति**

भौगोलिक हिसाबले यस नगरपालिका प्यूठान जिल्लाको मध्य भागमा ८२° ४६' ३०" देखि ८२° ५७' ३०" पूर्वी देशान्तर र २८° ३' ३०" देखि २८° ११' उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ । समुद्री सतहबाट ५४१ मि.देखि २४२६ मि. को उचाईमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल १२८.९६ व.कि.मी. रहेको छ । नगरपालिकाको उत्तरमा नौबहिनी नगरपालिका र रोल्पा जिल्ला, पश्चिमतिर स्वर्गद्वारी नगरपालिका र माण्डवी नगरपालिका, दक्षिणमा मल्लरानी र माण्डवी नगरपालिका र पूर्वमा झिमरुक नगरपालिका रहेका छन् । पहाडी क्षेत्रमा पर्ने नगरपालिकाको ३९.९९ प्रतिशत भूभाग खेतियोग्य जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा केही सहरीकरणको प्रभाव, जनसंख्या वृद्धि र बाँझो रहने साथै भू- खण्डीकरण बढेको छ । जंगल तथा जलाधार क्षेत्रको प्रचुरता भएको यस नगरपालिका भएर परिसरमा सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरू बग्ने गर्दछन् । यो प्यूठान नगरपालिका मिती २०७३/११/२२ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट प्यूठान नगरपालिका घोषणा भएको हो ।

**राजनैतिक तथा प्रशासनिक केन्द्र**

साविक प्युठान नगरपालिकाको वडा नं. ४, १७ र १९, साविक माझकोट र जुम्रीकाँडा गाविसहरू समेटेर प्यूठान नगरपालिका स्थापना भएको हो । हाल यस नगरपालिकामा १० वटा वडाहरु रहेका र यसको केन्द्र वडा नम्बर ४ को विजुवारमा रहेको छ ।हाल प्यूठान नगरपलिकाको संरचना यस प्रकार रहेको छ ।

**प्यूठान नगरपालिकाको वडा विभाजन**

| वडा नं. | समावेश भएका साविक गाविस/न.पा.हरू | साविकको वडा नं. |
|---|---|---|
| १ | प्यूठान | ११, १९ |
| २ | प्यूठान | १०, १२ |
| ३ | प्यूठान | १३ |
| ४ | प्यूठान | ४, ६, ७ |
| ५ | जुम्रीकाँडा | १–९ |
| ६ | माझकोट | १–९ |
| ७ | प्यूठान | ८, ९ |

| | | |
|---|---|---|
| ८ | प्यूठान | १४, १५ |
| ९ | प्यूठान | १६ |
| १० | प्यूठान | १७ |

### २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

प्यूठान नगरपालिकाको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृंखलाहरुको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ । प्यूठान नगरपालिकामा रहेको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यता पर्यटक आकर्षण हो । जुम्रीकाँडामा पर्ने लिस्ने पहाड, शिवालाय, गणेश मन्दिर, भिमसेन मन्दिर, विजुवारको कालिका मन्दिर, जाल्पाथान, सिद्धमेहेल थानजस्ता साँस्कृतिक, प्राकृतिक तथा ऐतिहासिक आकर्षणका क्षेत्रहरूले यस नगरपालिका लाई मनोरम र पर्यटकीय बनाएको छ । नगरपालिकामा पर्यटकीय क्षेत्रहरूको विवरण निम्नानुसार छन्:

**प्यूठान नगरपालिकामा रहेको मठ, मन्दिर प्राकृतिक, साँकृतिक तथा ऐतिहासिक स्थानहरू**

| प्रमुख धार्मिक तीर्थस्थल एवंम धार्मिक मन्दिरहरू | | | प्राकृतिक गुफाहरू | | |
|---|---|---|---|---|---|
| क्र.सं. | तीर्थस्थल/मन्दिर | स्थान | क्र.सं. | गुफाको नाम | स्थान |
| १ | कालिका मन्दिर | विजुवार | १ | सिद्धढुला गुफा | जुम्रीकाँडा |
| २ | भिमसेन मन्दिर | विजुवार | २ | सुडानी गुफा | मरन्ठाना |
| ३ | शिवालय मन्दिर | विजयनगर | ३ | जोगी गुफा | मंग्रा |
| ४ | खैराकोट | खैरा | ४ | चमेरी गुफा | मरन्ठाना |
| ५ | राजुराथान मन्दिर/क्षेत्रपाल मन्दिर | वडा नं ७ | ५ | रानी गुफा | भित्रिकोट |
| ६ | शिवगोपाल मन्दिर | वडा नं २ | ६ | सिन्धुला गुफा | मरन्ठाना |
| ७ | जाल्पास्थान | टारी | ७ | बुलबुले धारा | मरन्ठाना |
| ८ | सिद्धमेहेलथान | धर्मावती | ऐतिहासिक महत्वका स्थानहरू | | |
| ९ | भूमिस्थाना मन्दिर | वडा नं १ | क्र.सं. | ऐतिहासिक ठाउा | स्थान |
| १० | भूमेथान मन्दिर | वडा नं ९ | १ | दाख्वाकोट दरबार | वडा नं २ |

| | | |
|---|---|---|
| २ | राजुराथान दरवार | वडा नं ७ |
| ३ | वराहथान | वडा नं ७ |

| प्राकृतिक दृश्यावलोकनका स्थानहरू | | |
|---|---|---|
| क्र.सं. | प्राकृतिक दृष्य | स्थान |
| १ | लिस्ने पहाड | जुम्रीकाँडा |
| २ | सुंगुरखाल हलहले डाँडा | विजयनगर |
| ३ | साततले डाँडा | मरन्ठाना |
| ४ | झुलेनी लेक | माझकोट |
| ५ | भित्रीकोट | |
| ६ | गोरखपुरे भीर | मरन्ठाना |
| ७ | मरन्ठाना कोट | |

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०६८ मा नगरपालिकाको जम्मा जनसंख्या ३२६४० रहेकोमा राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन अनुसार ९४९० संख्या बढेर ४२१३० रहेको छ र यस नगरपालिकाको जनसंख्या वृद्धिद्धर २९.०७ प्रतिशत रहेको छ । त्यसतै गरी महिला जनसंख्या २१६३६ बाट २३२५१ हुन पुगेको छ र पुरुषको जनसंख्या १६८१३ बाट १८८७९ मा बढेको छ । संगै घरधुरी संख्या पनि राष्ट्रिय जनगणना २०६८ मा ८९६४ बाट बढेर ११२३५ भएको पाइन्छ । यहाँ नगरपालिकाको राष्ट्रिय जनगणना २०७८ प्रतिवेदनको आधारमा यस नगरपालिकमा रहेका कुल जनसंख्याको विवरण प्रस्तुत गरिएको छ ।

| विवरण | वि.सं. २०७८ |
|---|---|
| जम्मा जनसंख्या | ४२,१३० |
| पुरुष | १८,८७९ |
| महिला | २३,२५१ |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ८१.२० |
| जम्मा घरधुरी संख्या | ११२३५ |
| परिवारको औसत आकार | ३.७५ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ३२७ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, २०७८*

राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन अनुसार यस प्युठान नगरपालिकाको वडागत जनसंख्याको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | १९०० | १४२५ | ३३२५ |
| २ | २७७१ | २२०३ | ४९७४ |
| ३ | २२०७ | १७७९ | ३९८६ |
| ४ | ३६७९ | ३२४२ | ६९२१ |
| ५ | २४८६ | १९३४ | ४४२० |
| ६ | १७७२ | १५२३ | ३२९५ |
| ७ | १६३५ | १३९७ | ३०३२ |
| ८ | ३१९२ | २६३३ | ५८२५ |
| ९ | १८४१ | १४५६ | ३२९७ |
| १० | १७६८ | १२८७ | ३०३५ |
| जम्मा | २३२५१ | १८८७९ | ४२१३० |

*स्रोत: राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, २०७८*

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

आधार नक्शाको विश्लेषणको आधारमा कृषि क्षेत्र भन्नाले यस नगरपालिकामा प्रत्येक वडामा छरिएर रहेका खेतीयोग्य भू-भागलाई जनाउँछ । समग्र क्षेत्रफलमा ३९.९९ प्रतिशत (५१.५७ व.कि.मी.) भूभाग कृषिको लागि उपयुक्त क्षेत्र रहेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको  उर्वराशक्ति उच्च रहेको छ । त्यस्तै चरन क्षेत्रले करिव ४.९८ प्रतिशत (६.४२ वर्ग कि. मि.) जग्गा ओगटेको पाइन्छ । प्यूठान नगरपालिकामा ताल क्षेत्रले करिव ०.६ प्रतिशत ( ०.७८ वर्ग कि. मि.) जमिन ओगटेको छ । व्यापारिक तथा औद्योगिक केन्द्रको रुपमा विकसित हुँद गरेको नगरपालिका भएता पनि अझसम्म पनि नगरबासीको प्रमुख पेशा कृषि नै रहेको छ र आम्दानीको प्रमुख श्रोत पनि कृषिमा आधारित देखिन्छ । सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा रहर, मास, मसुरो, केराउ, चना उत्पादन

हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । हाल खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरूको वडागत विवरण निम्नानुसार छन् :

| वडा नं. | हाल खेतीपाती भइरहेका तथा कृषिका लागि योग्य क्षेत्रहरू |
|---|---|
| १ | खैरा, |
| २ | दाखाक्वाडी, झिमरुक फाँट |
| ३ | विजयनगर, झिमरुक फाँट |
| ४ | विजुवार, झिमरुक फाँट |
| ५ | जुम्रीकाँडा |
| ६ | माझकोट |
| ७ | धर्मावती |
| ८ | गेजवाङ |
| ९ | मरन्ठना |
| १० | सारीवाङ |

### २.२.२ पर्यटन तथा सँस्कृति

प्यूठान नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी नगरपालिकाको रूपमा रहेको छ । नगरपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, झ्याउरे भाका र दोहोरी गीत आदि यस नगरपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाख पूर्णिमा, असार १५ मा दही चिउरा खाने, श्रावण १५ मा खिर खाने, बैशाख संक्रान्ति, जेठ पूर्णिमा, भदौरे औँसी, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैं, सराय, तिहार, देउली, कार्त्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली), रामनवमी, ठूलो एकादशी यहाँका जनमानसले मनाउने मुख्य पर्वहरू हुन् । रजवारा मेला, लम्छ्याङ देवाली मेला, खैरा, फूलबारीको मेला, गुरुङ्गको घाँटु नाच आदि नृत्य एवं पर्वहरू भव्यताका साथ मनाइन्छ । यस वाहेक, भाइटिकाको अर्को दिन तृतीयादेखि पञ्चमीसम्म डल्ले सराया (बिजुवार नजिक) उल्लासजनक रूपमा मनाइन्छ भने दाखाक्वाडीको हिक्मतेश्वर मेला पनि उत्तिकै महत्वका साथ लिइन्छ । यी अवसर एवं पर्वहरूमा लट्ठी र तरवारको रोमाञ्चक खेल

देखाइन्छ । बिजुलीकोट जात्रा, मसानपाटी (सारिवांग) को कात्तिके जात्रा र मरन्ठानाको ठूलासिम मेला पनि उत्तिकै हर्षोल्लासका साथ मनाइन्छ । खलंगामा घण्टाकर्णदेखि ऋषितर्पणी पूर्णिमासम्म लाखे नाच, गाईजात्रा, पल्टन जात्रा, गणेश जात्रा र माघे पूर्णिमामा मनाइने खरजात्रा पनि लोकप्रिय छन् । यस्तै, भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलाँस, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रो, ढकिया, डोको, नाम्लो, ढकिया, गिलाँस लगायत विभिन्न किसिमका कला, सँस्कृतिहरू प्रचलनमा रहेका छन् । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

जिल्ला सदरमुकाम खलंगा र विजुवार यस क्षेत्रको प्रमुख व्यापारिक केन्द्र हो । विजुवार यस प्यूठान नगरपालिकामा पर्दछ । यसका अतिरिक्त सम्पूर्ण जिल्लामा हेर्दा बाग्दुला, चकचके, देविस्थान, मच्छी, ठुलाबेसी, चेरनेटा, दरवान, जुम्री आदी बजार केन्द्र तथा व्यापारिक केन्द्र हुन् । यस नगरपालिकामा ठुला उद्योगहरू नभएता पनि कृषि तथा वा पैदावारमा आधारित साना उद्योगहरू ६५ वटा सञ्चालनमा रहेका छन् । जडीबुटीमा आधारित चिउरीको साबुन बनाउने उद्योगहरूले व्यवसायिक उत्पादन सुरुवात गरेका छन् । परम्परागत उद्योगमा बाघमुखे चुलेसीजस्ता फलामका उत्पादनहरू बाहिरि जिल्लामा समेत प्रख्यात रहेका छन् । यस बाहेक मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि त्रमश व्यवसायिक हुँदै जान थालेको छ । श्रीखण्ड, रुद्राक्ष, दालचिनी, चिउरीजस्ता वन पैदावारको पनि व्यवसायिक खेति सुरु भएको छ ।

क) नगरपालिकामा उद्योगको लागि संभावित क्षेत्रहरू : विजुवार, धर्मावती, मरन्ठाना

ख) प्रमुख औद्योगिक क्रियाकलापहरू : साबुन, फर्निचर, ग्रिल, सटर, टायल, अल्लो, कपडा, मौरीपालन आदी

साथै प्यूठान नगरपालिका स्थित विजुवार, खलंगा, मरन्ठाना, जुम्रीकाँडा, धर्मावती आदी नगरपालिकाको बजार केन्द्र हुन् र विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । प्यूठान नगरपालिका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन्। तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। उखु, गन्ना मिल वा (कोलु), अगरबत्ति उद्योग, मैनबत्ति उद्योग, नमकिन उद्योग, साबुन तथा सर्फ, जैविक मल उत्पादन उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, दुना टपरी

उद्योग), समिल तथा फर्निचर उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरू हुन् । त्यसैगरी साप्ताहिक रूपमा लाग्ने प्यूठान नगरपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि नगरपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ । प्यूठान नगरपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले प्यूठान नगरपालिकामा उद्योगको संभावना प्रचुर देखिन्छ तर लगानी, व्यवसायिकता तथा विभिन्न पुर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन । केही साना साना उद्योगहरू सञ्चालित भएता पनि प्यूठान नगरपालिका लगायत आसपासका क्षेत्रसम्म मात्र आवश्यकता परिपुर्ति गर्न सफल छन् । ती उद्योगहरूलेराष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन ।

नगरपालिकामा रहेका व्यापारिक केन्द्रहरूको विवरण निम्नानुसार रहेको छ :

| क.सं | मुख्य व्यापारिक केन्द्रको विवरण | वडा नं. |
|---|---|---|
| १ | खैरा, | १ |
| २ | दाखाक्वाडी | २ |
| ३ | विजयनगर | ३ |
| ३ | विजुवार | ४ |
| ५ | जुम्रीकाँडा | ५ |
| ६ | माझकोट | ६ |
| ७ | धर्मावती | ७ |
| ८ | गेजवाङ | ८ |
| ९ | मरन्ठना | ९ |
| १० | सारीवाङ | १० |

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

यस नगरपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेको देखिन्छ । यस नगरपालिकामा कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता प्रचुरमात्रामा रहेकोले कृषिमा आधारित केही साना तथा घरेलु उद्योग व्यवसायहरु सञ्चालनमा रहेका छन् भने प्राकृतिक तथा साँस्कृतिक सम्पदाले धनी रहेको यस नगरपालिकामा आर्थिक क्षेत्रमा होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। यसका साथै नोकरी र वैदेशिक रोजगारीमा संलग्न रहेको देखिन्छ ।

आधुनिक अर्थव्यवस्थामा आर्थिक कारोबार बैंकबाट हुँदा त्यो व्यवस्थित र सहज हुन जान्छ । यसर्थ आधुनिक आर्थिक प्रणालीमा ग्रामीण जनताहरूको समेत बैङ्किङ सेवामा पहुँच पुऱ्याउन अपरिहार्य जस्तै भइसकेको छ । नगरपालिकामा विभिन्न सहकारी संस्थाहरू, बैङ्क तथा वित्तीय संस्थाहरूले सेवा दिइरहेका छन् । नगरमा ५७ सहकारी संस्था, ३ विकास बैंक र ७ बैंक रहेका छन् ।

### २.२.५ सहकारी

नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगर बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।

नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, दुग्ध, मौरीपालन आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ । जसमा बचत तथा ऋण सहकारी संस्था ८, बहुउद्देश्यीय ४, कृषि १०, मौरीपालन ३ गरी जम्मा २५ वटा सहकारी संस्थाहरू संचालनमा रहेका छन् ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

नगरपालिकामा प्रमुख स्वास्थ्य केन्द्रको रूपमा हाल नगरपालिका भित्र ५० शैयाको जिल्ला अस्पताल १, स्वास्थ्य चौकीहरु ६ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु ४ वटा, शहरी स्वास्थ्य केन्द्रहरु २ वटा, ४१ वटा खोप केन्द्र, २३ वटा गाउँघर क्लिनिक र ६९ जना सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु, निजी अस्पताल १ र केहि क्लिनिक तथा पोलिक्लिनिकहरुबाट स्वास्थ्य सेवाहरु प्रदान गर्दै आएको छ । जिल्ला सामुदायिक स्वास्थ्य सेवा अन्तरर्गत विजुवार बजारमा एच.आई.भी./एड्स को लागि Voluntary Counseling and Testing (VCT) सेवा उपलब्ध रहेको छ । जिल्ला अस्पतालको अतिरिक्त एक आयुर्वेद अस्पताल पनि रहेको छ । यस नगरपालिका सुगम रहनुका साथै स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार पनि अनुकुल देखिन्छ । राजनितिक रूपमा १० वडाहरूमा विभाजित यस नगरपालिका दुर्गम तथा भौगोलिक विकटता, सबै सिजनमा स्वास्थ्य संस्थामा पुग्न बाटो सहज नहुनु, पिछडिएको समुदाय, गरीबी, अशिक्षा, प्रयाप्त भौतिक पूर्वाधारको अभाव, स्वास्थ्य क्षेत्रमा प्रयाप्त लगानीको कमिले गर्दा अझैपनि बहुसंख्यक नगरबासीहरुले स्वास्थ्य सेवा लिनबाट पछाडी परेको हुँदा कुपोषण, मातृमृत्यु, नसर्ने रोगहरुको बढ्दो प्रकोप, घरैमा सुत्केरी गराउने

प्रचलन, कोभिड १९ को प्रकोप लगाएत गरीबीको कारणले मानसिक स्वास्थ्य समस्या देखापर्नु, विद्यमान रितिरिवाज, चालचलन तथा संस्कारले स्वास्थ्यमा प्रत्येक्ष असर गर्नु, अझैपनि धामीझाँक्रीहरु प्रति विश्वास गर्नु तथा विविध प्रकारका तत्वहरुका कारणले गर्दा स्वास्थ्य सेवामा कमि आउने गरेको देखिएकोछ। स्वास्थ्य चौकीहरूमा पर्याप्त स्वास्थ्यकर्मी र औषधीको उपलब्धता नहुँदा समस्या झेल्नुपर्ने बाध्यता छ। आधारभूत स्वास्थ्य सेवाको प्रबन्ध गर्न प्रत्येक वडामा सुविधासम्पन्न स्वास्थ्य चौकीहरू स्थापना गर्नुका साथै भइरहेका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ।

## २.३.२ शैक्षिक विकास

यस नगपालिकामा राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार महिलाको साक्षरता दर ७८.८३ प्रतिशत, पुरुषको साक्षरता दर ९१.६१ प्रतिशत र जम्मा साक्षरता दर ८४.४६ प्रतिशत रहेको छ। शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा शैक्षिक शत्र २०७९ सम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा नगरपालिकामा पठनपाठनका लागि आधारभूत (कक्षा १-८) विद्यालयको सङ्ख्या ५१, माध्यकि विद्यालय ९ र स्वर्गद्वारी बहुमुखी क्याम्पस गरी जम्मा ६१ ओटा शिक्षण संस्थाहरू रहेका छन्। वर्तमान समयमा निजी क्षेत्रको संलग्नता बढ्दै गइरहेको अवस्थामा ग्रामीण क्षेत्रमा भने निजी क्षेत्रको न्यून संलग्नता देखिन्छ। यद्यपि सामुदायिक र संस्थागत निजी क्षेत्रले शिक्षाको क्षेत्रमा विभिन्न समस्याको बावजुत उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ।

| क.सं. | विद्यालयको प्रकार | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १. | आधारभूत विद्यालय (कक्षा १ देखि ८ सम्म) | ४३ | ८ | ५१ |
| २ | माध्यमिक विद्यालय | ६ | ३ | ९ |
| ३ | बुहमुखी क्याम्पस | १ | | १ |
| जम्मा | | ५० | ११ | ६१ |

सामुदायिक विद्यालयको शैक्षिक साथै भौतिक स्तर वृद्धि गर्नुपर्ने ठुलो आवश्यकता रहेको छ भने उच्च अध्ययन र प्राविधिक शिक्षाका लागि थप लगानी गर्नु पर्ने देखिन्छ। कृषि र उद्योग क्षेत्रको विकासको सम्भावना बोकेको यो नगरपालिकामा बहुप्राविधिक शिक्षालयको पनि आवश्यकता रहेको छ।

### २.३.३ खानेपानी तथा सरसफाई

प्यूठान नगरपालिकाको खानेपानीको प्रमुख स्रोत धारा भएकोले नगरका परिवारहरूले सबैभन्दा बढी ९८१२ (८७.३३ प्रतिशत) धारा पाईपको खानेपानी प्रयोग गरिरहेका छन् । त्यसैगरी नगरपालिकामा बन्द ईनार/कुवाको प्रयोग गर्ने घरधुरी संख्या २४९ (२.२२ प्रतिशत), खुल्ला ईनार/कुवाको प्रयोग गर्ने घरधुरी संख्या १२१ (१.०८ प्रतिशत), नदी तथा खोलाको प्रयोग गर्ने घरधुरी संख्या ६० (०.५३ प्रतिशत) रहेको छ, Spout water प्रयोग गर्ने घरधुरी संख्या ६२३ (५.५५ प्रतिशत) रहेको छ, । त्यस्तै ट्युबवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या ३५६ (३.१७ प्रतिशत) छन् भने सबैभन्दा कम जारको पानी प्रगोग गर्ने ७ (०.०६ प्रतिशत) खानेपानीको श्रोत प्रयोग गरिरहेका छन् ।

प्यूठान नगरपालिका पुर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारत्मक सुधार निश्चित छ । शहरीकरणको धेरै प्रभाव नभएको प्यूठान नगरपालिकामा स्वच्छ हावापानीको र प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ । तर पनि दैनिक जीवन बाट निस्किएको फोहोरलाई उचित व्यस्थापन गर्न सकिएको खण्डमा फोहोर मैलाको व्यवस्थापन हुन्छ । जसले नगर बासिन्दा लाई स्वस्थकर जीवन जिउन मद्दत गर्दछ ।

### २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। हाल यस नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार लैंगिक अनुपात (Sex Ratio) ८१.२० रहेको छ र महिलाको भन्दा पुरुषको जनसंख्या ४३७३ ले कमि रहेको छ। समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जीवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरपालिकाको चौतर्फी विकासलाई बल पु¥याउन सकिन्छ भन्ने मान्यताअनुसार यस नगरपालिकामा खेलकुदको विकास लागि प्रयासरत रकेको पाइन्छ। यसको लागि नगरपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार भइरहेको देखिन्छ। नगरपालिकाले पनि आफ्नोकार्यक्षेत्र भित्र गतिशिल रहने

गरी केही समितिहरू गठन गरेका छन् । नगरपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी बालबालिका तथा युवापुस्तलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार गर्नुपर्ने देखिन्छ । नगरपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रूपमा समन्वय गरी चिल्ड्रेनपार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरू खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ । नगरपालिका रहेका बालबालिका तथा युवाहरूमा रहेको खेलकुदप्रतिको रुचि मध्यनजर गर्दै नगरपालिकामा रहेका संभावना पहिचान गरको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ ।

खेलकुद मैदानको विवरण

| क्र.स | खेलकुद मैदान | ठेगाना |
|---|---|---|
| १ | भोगटेश्वरी मा.वि | खैरा |
| २ | मुक्ति मा.वि. | रातामाटा, वडा नं ३ |
| ३ | स्वर्गद्वारी बहुमुखी क्याम्पस | वडा नं ७ |
| ४ | बाल विद्या मा.वि. | वडा नं ९ |
| ५ | भिmमरुक खेल मैदान | वडा नं ४ |
| ६ | जिल्ला खेलकुद विकास समितिको कवर्ड हल | वडा नं ७ |

स्रोतः प्युठान नगरपालिकाको पार्श्वचित्र, २०७४

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

प्यूठान नगरपालिकामा क्रमश वस्तीहरुको विकास बढ्दो रहेको छ । नगरपालिकाको क्षेत्रगत अध्ययन अनुसार नगरपालिकाका अधिकांश घरहरू कच्ची तथा विपन्न अवस्थामा रहनुले यस नगरपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । नगरपालिकाको कुल ११२३५ परिवारहरू मध्ये, घरको जग आधारमा माटोको जोडाइ भएको इट्टा ढुंगाले बनेको घरधुरी ८८.२३ प्रतिशत रहेको छ, बाहिरी गाह्रो माटोको जोडाइ भएको इँटा/ढुङ्गा भएका घरधुरी ८६.३९ प्रतिशत र जस्ता/टिन/च्यादर छाना भएका घरधुरी ३६.३९ प्रतिशत

छन् । आवास घर निर्माणमा प्यूठान नगरपालिकाको स्थिति राम्रो रहेको छ तथापि माटो ढुगांको प्रयोग धेरै भएको छ । नगरपालिकामा कुल ६.६३ प्रतिशत परिवारहरू मात्र घर भाडा लिई बसेका छन्भने ९२.०६ प्रतिशत परिवारको आफ्नै घर रहेको छ ।

ग्रामीण क्षेत्रको सडक सञ्जाल विकासको क्रममा रहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ बन्दै गरेको सन्दर्भमा नगरपालिकाका केन्द्र वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ । वस्ती विकासको क्रममा विगतमा पानीको सुविधा, खेती योग्य क्षेत्र र पशुपालनलाई पायक स्थानमा यत्रतत्र छरिएर बस्ने प्रचलन भएकोले आ-आफ्नो पायकअनुसार सबै वडाहरूमा कतै बाक्लो तथा कतै पातलो हिसाबले यस प्रकारका वस्ती क्षेत्रहरू रहेका छन् । सेवा प्रवाहका दृष्टिकोणले यसरी छरिएको वस्तीहरूमा पूर्वाधार र सेवा पुर्‍याउन राज्यलाई हम्मे हम्मे पर्दछ भने लागत समेत अत्यन्त बढी पर्दछ । तसर्थ यस्ता क्षेत्रका वस्तीहरूलाई उपयुक्त स्थानमा एकीकृत रूपमा स्थानान्तरण गर्दा कालान्तरमा राज्यलाई फाइदा पुग्नुका साथै जनतालाई सहज, सुरक्षित आवास क्षेत्रहरू निर्माण हुन्छन् र सेवा प्रवाह सहज हुन जान्छ । साथसाथै पहिरो भुकम्प, वाढी, डढेलो लगायतका प्राकृतिक प्रकोपबाट  समेत यस्ता वस्तीहरू कतिपय अवस्थामा जोखिममा रहेका छन । तसर्थ तिनीहरूको सुरक्षाका लागि समेत एकीकृत र सुरक्षित वस्ती विकासको सार्न्दभिकता पुष्टी हुन्छ । नगरपालिकामा मिश्रित जनघनत्व भएका वस्ती क्षेत्रहरू निम्नानुसार छन् :

| वडा नं. | मुख्य बस्तीहरूको विवरण |
|---|---|
| १ | खैरा, |
| २ | दाखाक्वाडी |
| ३ | विजयनगर |
| ४ | विजुवार |
| ५ | जुम्रीकाँडा |
| ६ | माझकोट |
| ७ | धर्मावती |
| ८ | गेजवाङ |
| ९ | मरन्ठना |
| १० | सारीवाङ |

### २.४.२ सडक, पुल तथा यातायात

प्यूठान नगरपालिकाको बाटो-घाटोको स्थिति हेर्दा कालोपत्रे बाटो १४.५ कि.मि रहेको छ, त्यस्तै ग्राभेल सडक १५ कि.मि. रहेको छ भने कच्ची सडक २०६ कि.मि. रहेको छ । प्यूठान नगरपालिकामा सडकका सञ्जाल सबै वडाहरूमा पुगेको अवस्था रहेको देखिन्छ । नगरपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भईरहेको छ भने केही वडाहरूमा कच्ची सडक बाह्रै महिना यातायात संचालन हुन नसक्ने देखिन्छ तसर्थ सोक्षेत्रमा बाटोको स्तरोन्नती गर्नुपर्ने देखिन्छ । प्यूठान नगरपालिकामा पनि नगरबासीको दैनिक जिवन सहज हुनको लागी नगरमा ३ वटा झोलुङ्गे पूल निर्माण गरिएको छ ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

यस नगरपालिकाको कुल ११२३५ घरपरिवारहरू मध्ये ८६८८ घरपरिवार (७७.३३ प्रतिशत) ले खाना पकाउने इन्धनको रूपमा काठदाउरा, २५०४ घरपरिवार (२२.२९ प्रतिशत) ले खाना पकाउने इन्धनको रूपमा एल.पी ग्याँस, १६ घरपरिवार (०.१४ प्रतिशत) ले खाना पकाउने इन्धनको रूपमा विद्युतको प्रयोग र २५ घरपरिवार (०.२२ प्रतिशत) ले खाना पकाउने इन्धनको रूपमा गोबर ग्याँसको प्रयोग गर्दछन् । तसर्थ ग्रामीण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रूपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्न सकिन्छ । यस्तै नगरपालिकामा दैनिक वत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा ११०३४ घरपरिवार (९८.२१ प्रतिशत) ले विद्युत, १२९ घरपरिवार (१.१५ प्रतिशत) ले सोलार, ३३ घरपरिवार (०.२९ प्रतिशत) ले मट्टीतेलको प्रयोग गरेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा यस नगरपालिकामा ग्रामीण विद्युतीकरणको विकास तीव्र रूपमा भएको देखिन्छ ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

सामान्यतया नगरपालिकामा नेपाल टेलिकम, एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले सेवा प्रदान गरीरहेका छन् । मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदानप्रदानमा सहजता प्रदान गरेको छ । हाल रहेका इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रेडियो नेपाल र नगरपालिका अन्तर्गत रेडियो लिस्ने आवाज ५०० मे.ह. र गौमुखी सामुदायिक रेडियो कृपालु ९९ मे.ह. का साथै विभिन्न स्थानीय एफएमहरूको प्रसारण सुन्न पाइन्छ । टेलिभिजन प्रसारणको लागि माध्यम डीसहोम र नेट टिभी रहेको छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

प्यूठान नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको श्रेणीमा पर्दछ । यस प्यूठान नगरपालिकाको कुल क्षेत्रफल १२८.९६ वर्ग कि.मि. मध्ये ५४.७८ प्रतिशत वन क्षेत्रको रूपमा रहि आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रूपमा रहेको छ । प्यूठान नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालिगुँरास, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो यसै गरी घिस्रने जन्तुहरूमा धामन, तिरीच, घोरगराईच, हरियो काना, सुगा सर्प, दुई मुखे, पानी सर्प, डोम जातका सर्प, गोहोरा, सुन गोहोरो, आदि पाइन्छन्। चराचुरुङ्गीहरूमा राज धनेश, मयूर, कालो तित्रा, सिम तित्रा, लुईंचे, खैरो धनेश, सुगा, कण्ठे सुगा, मदन सुगा/टुईके सुगा, जुँगे सुगा, कालो गिद्ध, डंगर गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके, मौरी, चरी, जङ्गली लाटोकोसेरो, खैरो हाँस, सानो माटोकोरे, भुद्रुङ, चिल, काँडे बाज, कण्ठे बाज, घुकुती ढुकुर, सानो बौडाई, ठूलो लहाँचे, छिर्के लहाँचे, कोईली, हुट्टी ट्याउँ, कालो ढाडे लाहाँचे, भद्रे, सानो जलेवा, सानो बकुला, लालसर, कालो भूँडीफोर, चिभे, तोप चरा, कोकले, जुरेली/बुलबुल, गाजले चरी, धोबी चरा, श्यामा, रानी चरी, छिरबिरे माटो कोरे, कालिज, निलकण्ठ, बट्टाई, कुथ्रुके, ठूलो चमेरो, भँगेरी बाज, थोप्ले लाटोकोसेरो, बकुला, मलेवा आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरू पाइन्छन् ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

प्यूठान नगरपालिकाको विधमान भू-उपयोग हेर्दा नगरपालिकाको ४२.४८ प्रतिशत (५४.७८ वर्ग कि.मि.) वनले ओगटेको छ भने ३९.९९ प्रतिशत (५१.५७ वर्ग कि. मि.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रूपमा रहेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ । त्यस्तै चरन क्षेत्रले करिव ४.९८ प्रतिशत (६.४२ वर्ग कि. मि.) जग्गा ओगटेको पाइन्छ । प्यूठान नगरपालिकामा ताल क्षेत्रले करिव ०.६ प्रतिशत ( ०.७८ वर्ग कि. मि.) जमिन ओगटेको छ । नगरपालिकाको विद्यामान भू-उपयोगलाई तलको तालिकामा प्रस्तत गरिएको छ ।

## भू-उपयोग विश्लेषण

| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| झाडी | १३.०३ | १०.१० |
| खेतीयोग्य जमिन | ५१.५७ | ३९.९९ |
| वनजंगल | ५४.७८ | ४२.४८ |
| चरि चरन | ६.४२ | ४.९८ |
| बालुवा (नदि किनार) | २.३८ | १.८५ |
| खोला, नदी, पोखरी, आदि | ०.७८ | ०.६० |
| कुल क्षेत्रफल | १२८.९६ | १००.०० |

स्रोत : प्यूठान नगरपालिकाको पार्श्वचित्र, २०७४

जल सम्पदाको हिसाबले यस प्यूठान नगरपालिका एकदमै समृद्ध नगरपालिकाको रूपमा रहेको छ। यस नगरपालिकामा रहेका विभिन्न नदी नालाहरूको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## नगरपालिकामा भएका जलाधारहरूको विवरण

| सि. नं. | जालाधारको नाम | क्षेत्रफल कि.मी. | समेटिएको क्षेत्र वा ठाउँ | प्राथमिकताक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | लुङ्ग खोला | ४०.४४ | धर्मावती ४,५,७, माझकोट ५,६ | १० | |
| २ | चुदरी खोला | २६.३३ | मरन्ठाना १,२,३,४,५,६,७, | २ | आ.व.६९/०७० उपजलाधार योजन तयार भएको |
| ३ | माझिल्ला झिमरुक २ | ३७.१२ | विजुवार १,२,३,४,५,६,७ धर्मावती १,२,३,६,७,८,९ खैरा १ खलंगा १,३,४,५,६,७,८,९ माझकोट १,२,३,४,५,६,७,९ मरन्ठाना १,६,७,८,९ | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | झिमरुक खोला जलाधार | ४३.०३ | विजयनगर १,२,३,४,५,६,७,८,९ विजुवार ३,४,५,६,७,८,९ दाखाक्वाडी ६,७ जुम्रीकाडा १,२,३,४,५,६,७,८,९, माझकोट ४,७,८,९ | ५ | |
| ५ | तल्लो झिमरुक १ | २१.९१ | विजुवार ७ दाखाक्वाडी १,२,३,४,५,६,७,९ खैरा ३,४,५,६,७,८,९ | १३ | |
| ६ | काक्रे खोला जलाधार | १६.७९ | खैरा १,२,३,४,५ खलंगा १,२,३,४,५, | ४ | आ.व.७२/०७३ उपजलाधार योजना तयार भएको |
| ७ | तल्लो झिमरुक २ | ८०.३९ | खैरा २,५ | १४ | |
| ८ | माडी खोला ४ | ६५.५४ | विजयनगर ८ दाखाक्वाडी ३,५,७,८,९ | २२ | |
| ९ | खप्रिङ खोला | | धर्मावती ८ | | |

श्रोतः प्यूठान नगरपालिकाको पार्श्वचित्र, २०७४

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

वातावरणीय अवयवहरु जस्तै– वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको एकीकृत संरक्षणको प्रक्रिया नै वातावरण व्यवस्थापन हो । हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राखी वातावरण प्रदुषण हुनबाट जोगाउनु भनेको मानिसमा विभिन्न किसिमको रोगहरु लाग्नबाट सुरक्षित हुनु हो । तसर्थ यस नगरपालिकामा पनि समग्र वातावरण संरक्षण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।

- नगरपालिकाभित्र हुन सक्ने प्राकृतिक विपत्तिको क्षतिलाई न्यूनीकरण गर्दै उद्दार, राहत वितरण तथा पुनर्लाभका कार्यमा जोड दिइएको छ । नगरभित्र रहेका दमकल, एम्वुलेन्स, सववाहन र व्याकहोलोडरलाई २४ सै घण्टा सुचारु अवस्थामा राखिएको छ ।

- वातावरणको क्षेत्रमा काम गर्ने विभिन्न संघ सस्थाह?सगँको समन्वय र सहकार्यमा वृक्षारोपण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सञ्चालन गरी वातावरण मैत्री नगर निर्माणमा जोड दिएको छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

नगरपालिकाको मूल अर्थात् जल निकासको रूपमा झिम्रुक नदीका सहायक नदी नै रहेका छन । अधिकांश भू-भाग भौगोलिक रूपले पहाडी क्षेत्र भएको कारणले जल निकास व्यवस्थित गर्न नसके व्यापक रूपमा पहिरो, भू-क्षय र कटानको जोखिम रहन्छ । तसर्थ सडकको दायाँबाँया नाला निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखेर दिगो विकासको अवधारणाअनुरूप अगाडि बढ्नु पर्ने देखिन्छ । यसका लागि सडकको स्तरोन्नति सँगसँगै नाला निर्माण गर्ने र नजिकको खोलाहरूमा निकास गर्ने प्रणालीको विकास गर्नु जरुरी देखिन्छ । यसरी नालाको कामको थालनी गर्दा पहिरो र कटानका क्षेत्रहरूलाई प्राथमिकतामा राख्दै वर्षायाममा उर्लने भेल, खहरे खोला तथा खोल्साले ठुलो पानी परेका बेला पटकपटक दुख दिएको समेत ख्याल राख्नु पर्दछ । खोला छेउका जग्गाहरूमा तटबन्ध निर्माण गरी विपत्ती न्यूनीकरणको प्रयास निरन्तर रुपमा अगाडी बढाउनुपर्ने छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरू हुन् । सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुर्‍याउन यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्नुपर्दछ ।

### २.६.२ श्रोत परिचालन

प्युठान नगरपालिकाको आम्दानीको आन्तरिक श्रोतहरुमा सम्पति, भूमि कर/मालपोत, बहाल कर, व्यवसाय कर, विज्ञापन कर, घरजग्गा रजिष्ट्रेसन दस्तुर, नापनक्सा दस्तुर, सिफारिश दस्तुर, नाता प्रमाणित दस्तुर, अचल सम्पति मूल्यांकन शूल्क, सडक स्तरोन्नति शूल्क, सरकारी सम्पतिको बहालबाट प्राप्त आय, अय विक्रिीबाट प्राप्त रकम, विद्युत सेवा शुल्क, सुरसफाइ शूल्क, शौचालय शूल्क, प्रशासनिक दण्ड, जरिवाना र जफत आदि रहेका छन् । यसै गरी बाह्य श्रोतसंघीय सरकारबाट प्राप्त अनुदान भएता पनि प्रत्यक्ष तथा परोक्ष रुपमा निजी क्षेत्र, सहकारी, संघ संस्था तथा व्यक्तिगत रुपमा सेवाग्राहीबाट प्राप्त श्रमदानको योगदान र महत्वलाई समेत उच्च स्थानमा राख्नु पर्दछ । नेपाल

सरकारको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा तीनखम्बे नीतिलाई विकासको प्रमुख आधार मानिएको सन्दर्भमा यस प्युठान नगरपालिकाको विकासमा समेत उक्त क्षेत्रहरूबाट हुने योगदानलाई कदर गरिएको छ ।

### २.६.३ योजना व्यवस्थापन

प्युठान नगरपालिकाका आफनो क्षेत्राधिकारमा कृषि विकास, घरेलु उद्योग, शिक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु र भौतिक पूर्वाधारको विकास गरी रोजगारको सिर्जना गर्न आफनो बजेट केन्द्रित गर्नपर्ने देखिन्छ । आय र खर्चको समुचित व्यवस्थापन गरी उत्पादनशील रोजगारी सिर्जना गर्ने, आयआर्जन गर्ने र उपलब्ध साधन र स्रोतको समुचित उपयोग गरी आम नागरिकको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्नु जरुरि देखिन्छ ।

# परिच्छेद ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

यस आवधिक योजनाले संघीय योजनाको दीर्घकालिन सोच "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त, सामाजिक न्याय तथा परिष्कृत जीवन सहतिको समाजबाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोन्नती हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवम् निर्धारित उद्देश्य एवम् प्राथमिकताहरु र लुम्विनी प्रदेशको प्रथम आवधिक योजना २०७६/७७ देखि २०८०/८१ को दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरुसँग तादामत्यता हुने गरी यस प्युठान नगरपालिकाको आवश्यक्ता र प्राथमिकता अनुसार यो नगरपालिकाले आफ्नो नगरको प्रथम आवधिक विकास योजना निर्माण गरेको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

- नगरपालिकाको कुल क्षेत्रफलको ३९.९९ प्रतिशत जमिन खेतीयोग्य रहेको तर वैज्ञानिक भु उपयोग नीति कार्यन्वयन नहुँदा भूमिको सदुपयोग पूर्ण रुपममा हुन नसकेको ।
- सम्पूर्ण खतीयोग्य जमिनमा बाह्र महिना सिँचाइ सुविधा पुचाउन नसकिएको ।
- वन्यजन्तु आक्रमणको (Human wildlife conflict) डरका कारण खेतियोग्य जमिन बाँझो बस्ने र उत्पादनशील क्षेत्र खेर गैरहेको ।
- सर्वाजनिक सेवा प्रवाह सम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन नभएको ।
- भौगोलिक विकटताले गर्दा मापदण्द अनुसारको खेलकद मैदान, सडक बनाउन नसकेको ।
- पर्यटनको राम्रो सम्भावना भए तापनि ऐतिहासिक पर्यटकिय क्षेत्रका वास्ताविक पहिचान र पर्यटनका आधारभूत पूर्वाधारको विकास हुन नसकेको ।
- कृषि तथा स्थानीय उत्पादनमा आधारित उद्योगहरूको सम्भावना भए तापनि विकास हुन नसकेको ।
- परम्परागत चिन्तन शैलीमा व्यापक परिवर्तन नभइसकेकोले लैङ्गिकता, सामाजिक विभेद लगायतका सामाजिक सन्तुलनका विषयहरूमा प्रसस्त जागरण गर्नु पर्ने अवस्था रहेको ।
- विकास र समृद्धि तर्फको यात्रा सफल तुल्याउन व्यापक जनचेतना फैलाउनु पर्ने आवश्यकता रहेको ।
- युवा जनशक्तिलाई नगरपालिकामै अवसर सिर्जना गरी पुर्ण सदुपयोग गर्ने चुनौती रहेको ।
- अन्तर निकाय समन्वय र सम्बन्ध बलियो र सुमधुर बनाउन कठिन भएको ।

- ☞ सडक, उर्जा, सिँचाइ, पिउनेपानी, आवास जस्ता आधारभूत भौतिक पूर्वाधारको यथोचित विकास हुन नसकेको ।
- ☞ कृषि जमीनको रुपान्तरण र अव्यवस्थित बसोबास/वस्तीको विकास ।
- ☞ प्राकृतिक, सास्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा विनास
- ☞ वायु, जल, माटो र ध्वनी प्रदुषण तिब्र बृद्धि
- ☞ सर्वाजनिक सेवा प्रवाह सम्बन्धी ऐन नियमको प्रभावकारी कार्यान्वयन नभएको ।
- ☞ राष्ट्रिय राजमार्ग प्रणाली सम्मको पहुँच सुद्धढ र सहज भै नसकेको ।
- ☞ शहर र बजार क्षेत्रमा खुल्ला स्थानको अभाव

## ३.३ प्रमुख सम्भावना तथा अवसर

- ☞ स्थानीय विशिष्टताका आधारमा आफ्नो स्थानीय आवश्यकता अनुरूप योजना तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारलाई प्राप्त भएको ।
- ☞ कुल भू भागको ३९.९९ प्रतिशत जमिन खेतियोग्य र उर्वर भूमिको उपलब्धता ।
- ☞ पर्यटन, उद्योग तथा कृषिमा व्यावसायीकरण गर्न सकिने संभावना रहको ।
- ☞ प्रसिद्ध प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरू उपलब्ध रहेको ।
- ☞ व्यवस्थित वन तथा जलाधारको क्षेत्र भएको ।
- ☞ पर्यटन क्षेत्र विकास गरी आन्तरिक र वाह्य पर्यटन भित्राउन सकिने
- ☞ झिमरुक तथा यसका सहायक नदीहरूको अविरल जलभण्डार रहेको ।
- ☞ विजुवा बजार प्युठान जिल्लाको व्यापारिक केन्द्र रहेको ।
- ☞ स्थानीय उपजमा आधारित उद्योगको प्याकेजिङ र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने ।
- ☞ युवा जनशक्तिको जनसांख्यिक लाभाशंको उच्चतम सदुपयोग गरी समृद्धिको यात्रा तय गर्न सकिने ।
- ☞ वित्तिय संस्थाहरुको संख्या उल्लेख्य रहेको तथा आर्थिक गतिविधि चलायमान रहेको ।

## ३.४ निर्देशक सिद्धान्त

प्युठान जिल्लाको अत्यन्त संभावनायुक्त प्युठान नगरपालिका बसोबास, व्यावसाय, शैक्षिक र भौगोलिक संगमस्थलको रुपमा विकासको पथमा अगाडि बढेकोछ । नगरको यही विशेषतालाई आधारमा मानी

दीर्घकालिन सोच निर्धारण गरिएको छ। नगर विकासको दीर्घकालिन सोच निर्धारण गर्दा स्थिति पत्रको विवरण र द्वितिय स्रोतवाट प्राप्त आधार सूचना तथा आवधिक विकास योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्रस्तुत स्थिति विश्लेषण, सहभागितामूलक छलफल तथा परामर्शबाट पहिचान भएका संभावना, अग्रणी क्षेत्र र नगरबासीले चाहेको अवस्थालाई मध्यनजर गरी अपेक्षित उपलब्धिहरु हासिल गर्न तय गरिएका मूल निर्देशक सिद्धान्तहरु निम्न बमोजिम छन् :

१. स्थायिन श्रोतर साधनको अधिकतम परिचालन
२. दिगो विकासका लक्ष्यलाई स्थायिन परिवेश अनुसार प्रथामिकिकरण र आम नागरिकका दैनिक आधारभूत आवश्यकता पूर्ति हुने गरी प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रम कार्यान्वयन।
३. समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र
४. समतामूलक, समावेशी, आर्थिक, सामाजिक र साँस्कृतिक विकास
५. शिक्षा, स्वास्थ्य र मानव संसाधन निर्माण
६. बालमैत्री, महिलामैत्री तथा लैङ्गिक सन्तुलनयुक्त, युवा उद्यमी तथा रोजगारी केन्द्रीत विकास
७. न्यायमा आधारित भेदभाव रहित समाज तथा सामाजिक सुरक्षा
८. ऐतिहासिक, सँस्कृति, भूगोल, सम्भावना, पहिचान तथा परिवेशमा आधारित विकास
९. सार्वजनिक, निजी, सहकारी र सामुदायिक सहभागितामा आधारित विकास
१०. असल शासन र उत्तरदायी स्थानीय सरकार
११. सङ्घीय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई स्थानीयकरण गर्दै दिगो विकास लक्ष्य हासिल तर्फको विकास यात्रा
१२. सूचना प्रविधिमा आधारित विकास
१३. दिगो, सन्तुलित र हरित अर्थतन्त्रमा आधारित विकास

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

### दीर्घकालीन सोच

**"समृद्ध प्युठान नगरपालिका निर्माणको आधार, सामाजिक न्याय र दिगो विकास सहतिको पूर्वाधार"**

### लक्ष्य

**“प्युठान नगरवासीको जीवनस्तर, वातावरण तथा स्थानीय अर्थतन्त्रमा दीगो र गुणात्मक परिवर्तन गर्ने”**

## उद्देश्यहरू

- ✓ विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु ।
- ✓ सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पार्दै असल शासन स्थापित गर्नु ।
- ✓ शिक्षित, स्वस्थ र सभ्य नगरबासी तयार गर्नु
- ✓ योजनावद्ध, व्यवस्थित, व्यावसायिक र विकसित सहर निर्माण गर्नु
- ✓ हरित, सुरक्षित, स्वच्छ अनि सन्तुलित नगरपालिका निर्माण गर्नु
- ✓ सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना गर्नु
- ✓ पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु ।

## ३.६ परिमाणात्मक लक्ष्य

**नगरपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरू**

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.३* | ७.६२ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २९.३* | २६.६ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान | प्रतिशत | १९.३* | २०.५ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ४.५* | ६ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | १०.८* | ११ |
| ६ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | | | |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|
| ७ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ८०३* | १६०० |
| ८ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २९.९२* | १५ |
| ९ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | ०.१३३* | ०.०५ |
| १० | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३७.३* | ५० |
| ११ | बेरोजगारी दर | प्रतिशत | | |
| १२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६* | ५० |
| १३ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | | ९० |
| १४ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | | २५ |
| १५ | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | | ३० |
| १६ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९* | ७२ |
| १७ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २१५* | १०० |
| १८ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ४५* | ३० |
| १९ | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | १३* | ० |
| २० | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७९.४* | ९५ |
| २१ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४०.५* | ५५ |

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८४/८५ को लक्ष्य |
|---|---|---|---|---|
| २२ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | | |
| २३ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | | ८० |
| २४ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | | |
| २५ | लैंगिक विकास सूचकांक | सूचकांक | | |
| २६ | मानव विकास सूचकांक | सूचकांक | ०.५१* | |
| २७ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | | ७० |
| २८ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २२.६* | १० |
| २९ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | | ७१ |
| ३० | सिंचित क्षेत्रफल | प्रतिशत | | ६० |
| ३१ | पक्की सडकमा पहुँच भएको घरपरिवारको | प्रतिशत | | ४५ |

नोट- * लुम्बिनी प्रदेशको आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) को तथ्याङ्क

## ३.७ रणनीति तथा प्राथमिकता

### समष्टिगत रणनीतिहरू

नगरपालिकालाई दीर्घकालीन सोचतर्फ उन्मुख गराउन यसका समग्र रणनीतिहरू देहायअनुसार रहेका छन्:

- तुलनात्मक लाभका कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यावसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने
- उद्योग र व्यापार, दृष्यावलोकन र ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने

- जीवनपयोगी शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाई तथा खानेपानी सुविधा र सामाजिक सुरक्षामा पहुँच र उपभोग सुनिश्चित गर्ने
- यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने
- विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने
- अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने
- स्थानीय सेवा तथा विकास उपलब्धिलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने
- सामाजिक न्याय स्थापित गरी समावेशीकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने ।

**पाथमिकता क्षेत्र**

प्युठान नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा उपलब्ध संभावना र अवसर एवम् सरोकारवालाहरूसँगको छलफलका आधारमा यस आवधिक योजनाले नगरपालिकाको समग्र दिगो विकास र समृद्धिका लागि देहाय अनुसार प्रमुख प्राथमिकता प्राप्त क्षेत्रहरू पहिचान गरेको छ :

- कृषि, व्यापार एवम् सेवा क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा औद्योगीकरण
- गुणस्तरीय, व्यावसायिक र उच्च शिक्षा
- हरियाली प्रवर्द्धन, दिगो वन व्यवस्थापन
- विपद्जोखिम न्यूनीकरण र उत्थानशीलता विकास
- स्तरीकृत स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा स्वच्छ खानेपानी
- दिगो तथा उत्पादनशील पूर्वाधार, सहज यातायात, सुरक्षित आवास
- योजनावद्ध, दिगो, नतिजामुखी विकास
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण
- स्रोत व्यवस्थापन तथा वित्तीय अनुशासन

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग सम्बन्धी व्यवस्था गरिएको छ । यसैगरी धारा ६० मा राजश्व स्रोतको बाँडफाँट सम्बन्धी व्यवस्था छ । धारा ६० को उपधारा २ बमोजिम

नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीयतहलाई न्यायोचित वितरण गर्ने उल्लेख छ। यस व्यवस्थाको कार्यान्वयनका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ जारी गरिएको छ। त्यसैगरी संविधानको धारा २२९ मा स्थानीय संचित कोषको प्रबन्ध गरिएको छ। यस कोषमा स्थानीयतहलाई प्राप्त हुने सबै प्रकारको राजश्व नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीयतहले लिएको ऋण र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ।

स्थानीय संचित कोषमा जम्मा हुने रकमका स्रोतहरू देहाय बमोजिम रहेका छन्।

१) आन्तरिक राजश्व

२) राजश्व बाँडफाँटबाट प्राप्त रकम

३) सङ्घीय सरकारबाट प्राप्त रकम तथा अनुदान

४) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम

५) कुनै व्यक्ति, संघ, संस्थाबाट प्राप्त रकम

६) संघीय सरकारको पहलमा प्रप्त वैदेशिक सहायता रकम

७) अन्य स्थानीयतहहरूबाट प्राप्त सहयोग तथा अनुदान

८) आन्तरिक ऋणबाट प्राप्त रकम

९) अन्य कुनै स्रोतबाट प्राप्त रकम

नेपालको संविधानको मर्म अनुरूप अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम तीन तहका सरकारहरूलाई प्राप्त व्यवस्था अनुरूपका आयका स्रोतहरू देहाय बमोजिम छन्।

**(क) राजश्वको बाँडफाँट**

यस अन्तर्गत मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट उठेको रकम बाँडफाँट गर्ने व्यवस्था रहेको छ। यी कर तथा शुल्कहरू संघीय विभाज्य कोषमा जम्मा भई कुल रकमको ७० प्रतिशत संघीय सरकारलाई र १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीयतहलाई प्राप्त हुन्छ।

**(ख) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट**

प्राकृतिक स्रोत अन्तर्गत विशेषगरी पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रकम मध्ये संघीय विभाज्य कोषमा जम्मा भएको कुल रकमको ५०

प्रतिशत संघलाई, २५ प्रतिशत सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत सम्बन्धित स्थानीयतहलाई प्राप्त हुन्छ ।

**(ग) अनुदानबाट प्राप्त रकम**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम संघीय सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई देहाय बमोजिमका अनुदानहरू प्रदान गर्दछन् ।

१) वित्तीय समानीकरण अनुदान

२) सशर्त अनुदान

३) समपुरक अनुदान

४)विशेष अनुदान

**(घ) संघीय सरकारद्वारा लिइएको वैदेशिक सहायताबाट स्थानीयतहलाई प्राप्त रकम**

**(ङ) नेपाल सरकारको स्वीकृतिमा स्थानीयतहले लिएको आन्तरिक ऋण**

**(च) नेपाल सरकारले स्थानीय सरकारलाई दिएको ऋण**

यो आवधिक योजना प्युठान नगरपालिकाको नेतृत्वमा संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गैसस तथा जनसमुदायको सक्रिय सहभागिता तथा अन्य विकास साझेदार समेतको समन्वय, सहभागिता र सहकार्यमा सञ्चालन हुनेछ। यस योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य अनुसार वार्षिक रुपमा कार्यक्रम बजेट तर्जुमा, नियमित रुपमा समीक्षा र पृष्ठपोषणअनुरुपको सुधार सहित कार्यान्वयन हुने अपेक्षा गरिएको छ । यो योजना कार्यान्वयनको अवधिमा नगरपालिकाको विकासका लागि आन्तरिक, बाह्य स्रोत, निजी क्षेत्र, गैसस, जनसहभागिता र अन्य स्रोतबाट जम्मा रु. ७०,१७,४०० हजार स्रोत उपलब्ध हुन सक्ने प्रक्षेपण गरिएको छ। स्रोतअनुसारको आय प्रक्षेपण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

## योजना अवधिको प्रक्षेपित वार्षिक बजेट (रकम रु. ००० मा)

| क.सं. | विवरण | चालु आ.व.को अनुमान | बजेट अनुमान र प्रक्षेपण (रु. हजार) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | पाँच वर्षको कुल |
| १. | आन्तरिक आय | ३०००० | ३०३०० | ३०६०३ | ३१२१५ | ३१८३९ | ३२७९५ | १५६७५२ |
| २. | राजस्व बाँडफाँटबाट प्राप्त रकम | १२८५०५ | १२९७९० | १३१०८८ | १३३७१० | १३७०५२ | १४११६४ | ६७२८०४ |
| | क. नेपाल सरकार | ११४२०० | ११५३४२ | ११६४९५ | ११८८२५ | १२१२०२ | १२४८३८ | ५९६७०२ |
| | ख. प्रदेश सरकार | १४२५२ | १४३९५ | १४५३८ | १४८२९ | १५१२६ | १५५८० | ७४४६८ |
| ३. | रोयल्टी बाँडफाँट | २००० | २०२० | २०४० | २०८१ | २१३३ | २१९७ | १०४७१ |
| ४. | नेपाल सरकार वित्तीय हस्तान्तरण | ४६१७०० | ४६६३१७ | ४७०९८० | ४८०४०० | ४९२४१० | ५०७१८२ | २४१७२८९ |
| | क. वित्तीय समानीकरण अनुदान | १३६९०० | १३८२६९ | १३९६५२ | १४२४४५ | १४६७१८ | १५११२० | ७१८२०३ |
| | ख. सशर्त अनुदान | ३०५८०० | ३०८८५८ | ३११९४७ | ३१८१८६ | ३२७७३१ | ३३७५६३ | १६०४२८४ |
| | ग. समपूरक अनुदान | ५००० | ५०५० | ५१०१ | ५२०३ | ५३५९ | ५५१९ | २६२३१ |
| | घ. विशेष अनुदान | १४००० | १४१४० | १४२८१ | १४५६७ | १५००४ | १५४५४ | ७३४४७ |
| ५. | प्रदेश सरकार वित्तीय हस्तान्तरण | ८४८२९ | ८५६७७ | ८६५३४ | ८८२६५ | ९०९१३ | ९३६४० | ४४५०२९ |
| | क. वित्तीय समानीकरण अनुदान | ७५२९ | ७६०४ | ७६८० | ७८३४ | ८०६९ | ८३११ | ३९४९९ |
| | ख. सशर्त अनुदान | १६००० | १६१६० | १६३२२ | १६६४८ | १७१४७ | १७६६२ | ८३९३९ |
| | ग. समपूरक अनुदान | २०००० | २०२०० | २०४०२ | २०८१० | २१४३४ | २२०७७ | १०४९२४ |
| | घ. विशेष अनुदान (बजेट) | ४१३०० | ४१७१३ | ४२१३० | ४२९७३ | ४४२६२ | ४५५९० | २१६६६८ |
| ६. | अन्य अनुदान | १७७४०० | १७९१७४ | १८०९६६ | १८४५८५ | १९०१२३ | १९५८२६ | ९३०६७४ |
| | - सामाजिक सुरक्षा अनुदान रकम | १५०००० | १५१५०० | १५३०१५ | १५६०७५ | १६०७५८ | १६५५८० | ७८६९२८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १३१६५ | १३२९७ | १३४३० | १३६९८ | १४१०९ | १४५३२ | ६९०६६ |
| | - प्रदेश पूर्वाधार विकास कार्यक्रम | १३५८५ | १३७२१ | १३८५८ | १४१३५ | १४५५९ | १४९९६ | ७१२६९ |
| | - गरीबसँग विश्वेश्वर कार्यक्रम | ६५० | ६५७ | ६६३ | ६७६ | ६९७ | ७१८ | ३४१० |
| ८ | अन्य विविध | २९५२० | २९८१५ | ३०११३ | ३०७१६ | ३१६३७ | ३२५८६ | १५४८६७ |
| ९ | जनसहभागिता | ३८४५० | ३८८३५ | ३९२२३ | ४०००७ | ४१२०८ | ४२४४४ | २०१७१६ |
| १० | अन्तर स्थानीय तह साझेदारी रकम | ५००० | ५०५० | ५१०१ | ५२०३ | ५३५९ | ५५१९ | २६२३१ |
| ११ | मौज्दात रकम विभिन्न कोषहरु) | ३०४६७ | ३०७७२ | ३१०७९ | ३१७०१ | ३२६५२ | ३३६३२ | १५९८३६ |
| १२ | अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/ कार्यक्रममा लगानी रकम | ५०००० | ५०५०० | ५१००५ | ५२०२५ | ५३५८६ | ५५१९३ | २६२३०९ |
| १३ | नेपाल सरकारबाट सञ्चालित कार्यक्रममा लगानी रकम | २००००० | २०२००० | २०४०२० | २०८१०० | २१४३४३ | २२०७७४ | १०४९२३८ |
| १४ | प्रदेश सरकारबाट सञ्चालित कार्यक्रममा लगानी रकम | १००००० | १०१००० | १०२०१० | १०४०५० | १०७१७२ | ११०३८७ | ५२४६१९ |
| १५ | निजी क्षेत्रको लगानी रकम | १००० | १०१० | १०३० | १०८२ | १२०४ | १२४० | ५५६६ |
| | कुल जम्मा | १३३८८७१ | १३५२२६० | १३६५७९२ | १३९३१३९ | १४३१६३० | १४७४५७९ | ७०१७४०० |

*स्रोतः नगरपालिकाको आर्थिक प्रशासन शाखा, २०७९/८०*

# परिच्छेद ४ : आर्थिक क्षेत्र

स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ । नेपालको संविधान २०७२ ले समेत सो सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरी आर्थिक विकासको माध्यमबाट नै नगरबासीको जीवनस्तर सुधार गर्नका लागि स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने आवश्यकतालाई औंल्याएको छ । स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको अधिकतम उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गतिशील बनाउनु आवश्यक छ। प्युठान नगरपालिकाको विद्यमान भौगोलिक अवस्था र प्रकृति मनन् गर्दा मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका क्रियाकलापहरूलाई विशेष ढंगले संचालन गर्न अपरिहार्य देखिन्छ । नगरपालिका क्षेत्रभित्र आर्थिक क्रियाकलापहरूको परिमाण वृद्धि गरी सोको माध्यमबाट गरिबी निवारणमा समेत योगदान पुऱ्याउन एवं विपन्न वर्गको आर्थिक स्तरमा सुधार गर्नुपर्ने देखिन्छ। यसका साथै मानव संशाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । यसका लागि नगरपालिका क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ।

यस नगरपालिकामा अर्थतन्त्रका प्रमुख अवयवहरूमा मुख्यतया कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैङ्किङ, व्यापार, सेवा क्षेत्र आदि देखिन्छन्। आधुनिक तथा व्यवसायिक उद्योगहरूको विकास भइनसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन्। यसलाई केन्द्रविन्दुमा राखी नगरपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, जलश्रोत, पर्यटन, तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयबृद्धि गर्ने गरी विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नुपर्ने कदम सहित संक्षिप्त विश्लेषण गरिएको छ ।

## ४.१ कृषि तथा पशुपन्छी वकास

### (अ) कृषि

#### पृष्ठभूमि

यस नगरपालिकामा कृषि तथा पशुपालन अधिकांश नागरिकको परम्परागत र प्रमुख जीवन निर्वाहको प्रमुख माध्यमका रुपमा रहिआएको भए पनि कुल जमिनमा कृषियोग्य जमिनको हिस्सा न्यून रहेको

छ । कृषि तथा पशुपालन व्यवसाय जीवन निर्वाहमुखी नै रहेको छ । झिमरुक फाँटा कृषियोग्य उर्वर फाँटमा नयाँ वस्तीको विकासले गर्दा मासिने खतरातर्फ उन्मुख भइसकेको छ ।

व्यापार-व्यवसाय यहाँको आर्थिक विकासका लागि एक महत्वपूर्ण संभाव्य माध्यमका रुपमा देखिएको छ । विजुवार बजार आफैंमा यस नगरपालिकाको १० वटा वडाहरूको व्यावसायिक तथा प्रशासनिक केन्द्र विन्दु रहेको छ । यस नगरपालिकाको विजुवार, जुम्री, नयाबजार, मुढ्केचुला बजारमा तीव्र रुपमा आर्थिक गतिविधि, आर्थिक वृद्धि र बजार विस्तार भइरहेको छ । कृषि र पशुपालनमा व्यवसायीकरण अनि उद्योग, व्यवसाय तथा पर्यटनको विकास गरी प्युठान नगरपालिकालाई आर्थिक वृद्धिको केन्द्रका रुपमा विकास गर्न सकेमा यसले थप लाभ प्राप्त गर्न सक्दछ ।

नगरपालिकाका ३९.९९ प्रतिशत भूभाग कृषिको लागि उपयुक्त क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँआदि हुन्। यस्तै दलहन बालीमा रहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन्र यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ । प्यूठान नगरपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायम नै राखेको छ ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- पहाडी भू भाग भए तापनि ३९.९९ प्रतिशत खेतियोग्य जमिनको उपलब्धता हुनु ।
- जनसंख्याको ठुलो हिस्साको मुख्य पेशा कृषि र पशुपंक्षी पालनमा संलग्न रहनु ।
- कृषि सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू अनुकूल हुनु ।
- कृषिमा विविधिकरण, ब्यासायिकरण र यान्त्रीकीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई ब्यवसायिक बनाउदै लैजाने नीति लिइएको
- प्रसस्त जडिवुटी, फलफुल र मसलाजन्य पदार्थ, व्यावसायिक मह उत्पादनको सम्भावना हुनु ।
- स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार हुनु ।
- भौगोलिक तथा जैविक विविधताका कारण विविध प्रकारका बालीनाली तथा पशुपंक्षी पालनको संम्भाव्यता हुनु ।

- नगरपालिकामा कृषि तथा वन तालिम केन्द्र मार्फत दक्ष जनशक्ति उत्पादनको राम्रो सम्भावना रहेको ।
- कृषकको सम्मान कृषि उपजको उत्पादनमा अनुदान भन्ने मान्यतालाई अंगिकार गर्दै कृषकहरूले उत्पादन गरेका वस्तुहरूमा उत्पादनका आधारमा अनुदान दिने नीति लिइएको
- वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई व्यवसायिक खेतीमा  तथा पशुपालनमा लाग्न अनुदान मार्फत आकर्षण गर्न सकिने ।
- कुखुरापालन, बँगुरपालन तथा मासुजन्य उत्पापदनमा आत्मा निर्भर हुन सक्ने ।
- सार्वजनिक भूमिको पहिचान र अभिलेखिकरण गरी अतिक्रमणलाई रोक्न सकिने ।

## दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- पराम्परागत तथा निर्वाहमुखस् कृषि प्रणली ।
- माटो र बीउ परीक्षणको लागि दक्ष जनशक्ति र कृषि प्रयोगशालाको अभाव हुनु ।
- खेतीयोग्य जमिनको तीब्र खण्डिकरण हुनु ।
- कृषि प्रसार सेवामा कृषकहरुको पहुँचमा वृद्धि नुहुनु ।
- सार्वजनिक भूमिको पहिचान र अभिलेखकिरण नहुनु ।
- सरकारी जग्गाको संरक्षण तथा ऐतिहासिक साँस्कृति क्षेत्रको जग्गाको व्यवस्थापन नुहुनु ।
- वैज्ञानिक भू-उपयोग योजना लागू नहुनु ।
- कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, प्राविधिक ज्ञान र सिपमा पर्याप्त पहुँचका साथै पर्याप्त वितरण नहुनु ।
- बाह्रै महिना सिंचाइको सुविधा नहुदा आकासे पानीमा भर पर्नु ।
- जंगली जनावर आतंकका कारण बालीनाली र पशुपंक्षीको क्षती हुनुका साथै कृषकमा कृषिप्रति नैराश्यता र बस्ती स्थानान्तरणको समस्या रहेको ।
- कृषिको समग्र बैज्ञानिकिकरण, यान्त्रिकीकरण, व्यवसायिकरण र बजारीकरण हुन नसक्नु ।
- उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरूलाई आकर्षण गर्ने ठोस योजना नहुनु ।
- कृषि उत्पादन संकलन केन्द्र र भण्डारणको समस्या हुनुका साथै सडकको उपयुक्त पहुँच नहुनु ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

खाद्य, पोषण सुरक्षा तथाा खाद्य सम्प्रभुता सुनिश्चितता

### लक्ष्य

कृषिको बजारिकरण र व्यावसायिकरणद्धारा नगरपालिकाको आर्थिक समृद्ध नगरपालिका निर्माणमा योगदान पुऱ्याउने

### उद्देश्यहरू

१. व्यावसायिक र उच्च प्रतिफल दिने उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न केन्द्रित हुने ।

२. नगरपालिकमा रहेका उत्पादनशील क्षेत्रहरूलाई नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु ।

३. कृषिमा स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित उद्योगहरूको विकास गर्नु ।

४. वातावरण र बाली मैत्री मौरीपालन प्रवर्द्धन गर्नु ।

५. व्यवसायिक जडीबुटी उत्पादन तथा प्रशोधनलाई उच्च प्राथमिकता दिनु ।

## रणनीति तथा कार्यनीतिहरु

नगरपालिकाको प्रथम आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आर्थिक विकास क्षेत्रमा कृषि क्षेत्रमा देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने छ ।

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. व्यावसायिक र उच्च प्रतिफल दिने उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न केन्द्रित हुने ।** | |
| १.१ व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने | १.१.१ कृषकहरुको वर्गीकरण गर्ने नीति निर्माण गरी कृषक परिचय पत्र वितरण गरिने छ<br>१.१.२ अगुवा कृषकहरूको क्षमता अधिवृद्धीका लागि अभिमुखीकरण गरिने छ ।<br>१.१.३ अगुवा कृषकहरू विवरण संकलन तथा अगुवा कृषक छनौट गरिनेछ । |

| | |
|---|---|
| | १.१.४ मापदण्ड निर्धारण गरी वडा स्तरीय उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिने छ ।<br>१.१.५ प्रत्येक वडामा कृषक पाठशाला सञ्चालन गरिने छ । |
| १.२कृषि पकेट क्षेत्रको विकास गर्ने | १.२.१ बाली विशेष पकेट क्षेत्र निर्माणका लागि वडागत संभाव्यता अध्ययन गरिने छ र भैरहेका पकेट क्षेत्रको सुदृढीकरण र दिगो व्यवस्थापनमा जोड दिइने छ ।<br>१.२.२ नगदेबाली तथा फलफूल बाली जस्तै सुन्तला, कागती, को आदि विशेष स्रोत केन्द्रको निर्माण गरिने छ ।<br>१.२.३ फलफुल तथा नगदेबाली विशेष नर्सरी स्थापना गरिने छ । |
| १.३ उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अबलम्बन गर्ने | १.३.१ प्रत्येक वडामा उच्च मूल्यका कृषि उपज पहिचान गर्न संभाव्यता अध्ययन गरिने छ ।<br>१.३.२ असिंचित क्षेत्रलाई क्रमश सिंचित तुल्याउन सिंचाई योजनाहरूको प्राथमिकिकरण गरिने छ ।<br>१.३.३ प्रत्येक वडामा खेर गइरहेका तथा उर्वर खेती क्षेत्रको पुर्नउत्थानका लागि सर्वेक्षण गरिने छ ।<br>१.३.४ प्रत्येक वडामा अत्यन्त उर्वर र कृषियोग्य क्षेत्रको पहिचान गरी सघन खेतीका लागि मिश्रित बाली पहिचान गरिने छ । |
| १.४ अत्यावस्यक कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने | १.४.१ रासायनिक मलको नियमित आपूर्तिका लागि संयन्त्र निर्माण गरिने छ ।<br>१.४.२ प्रत्येक वडामा प्राङ्गारीक तथा हरित मल उत्पादन सम्बन्धी तालिमको आयोजना गरिने छ ।<br>१.४.३ वडास्तरमा उत्पादन हुने बाली विषेशका आधारमा उन्नत बीउ वितरण गर्न बीज बैङ्क तथा सामाग्री केन्द्रको विकास गरिने छ ।<br>१.४.४किसानले खरिद गर्ने कृषि औजारमा मापदण्डका आधारमा अनुदान दिइने छ । |
| १.५कृषि प्रविधि, मल तथा विषादिको प्रयोग सम्बन्धी | १.५.१ मलको प्रयोग र अनुपात, समय आदिका विषयमा प्रत्येक कृषकलाई सूसुचित गर्न स्थानीय सञ्चार माध्यमको प्रयोग गरिने छ ।<br>१.५.२ मल, विउ विजन तथा विषादिको प्रयोगसम्बन्धी जानकारी प्रदान गर्न नगरपालिका स्तरीय Call center को स्थापना गरिने छ । |

| | |
|---|---|
| कृषक ज्ञान अभिवृद्धि गर्ने | १.५.३ वडास्तरीय कृषक पाठशालामा मल, विउविजन र विषादी प्रयोग सम्बन्धी सामाग्री सम्प्रेषण गरिने छ ।<br>१.५.४ वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिने छ ।<br>१.५.५ जैविक विषादीको उत्पादन र प्रयोग सम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिने छ । |
| १.६सहुलियत पूर्ण कृषि कर्जाको व्यवस्था गर्ने | १.६.१ संघीय र प्रदेश सरकार तथा नगरपालिकाको सहजीकरण तथा समन्वयमा व्यवसायिक योजना अनुरूप खेती गर्न चाहने कृषकलाई सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गरिने छ ।<br>१.६.२ सहकारी क्षेत्रलाई कृषि क्षेत्रमा लगानी गर्न कृषि सहकारी विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.६.३ वैदेशिक रोजगारीमा संलग्न भई स्वदेश फर्केका युवाहरूलाई कृषिमा लगानी गर्न इच्छुक भए मापदण्डका आधारमा कृषि कर्जाको ब्याजमा अनुदान दिने व्यवस्था मिलाईने छ । |
| १.७ कृषि बिमालाई प्रभावकारी बनाउने | १.७.१ नगरपालिकाको समन्वय र सहजिकरणमा कृषि बिमालाई अनिवार्य बनाई बिमा प्रदायक कम्पनीहरूसँगको सहकार्यमा कृषक मैत्री बनाइने छ ।<br>१.७.२ कृषकहरूलाई कृषि बिमाको आवश्यकता र महत्वका विषयमा सूसुचित गर्न बिमा कम्पनीहरूको सहयोगमा नियमित अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।<br>१.७.३ बाँदर, बदेल, माउखाने र दुम्सिबाट हुने बालीनाली र पशुपंक्षीधनको क्षती कम गर्न बाँदर, बदेल जस्ता जनावर भगाउने यन्त्र खरिदमा अनुदानका साथै पशुगोठ व्यवस्थापनमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ ।<br>१.७.४ जंगली जनावरबाट हुने क्षति र जोखिम न्यूनीकरण गर्न बाली बिमा कार्यक्रम कार्यान्वयन गर्न बिमा कम्पनीसँग अर्न्तक्रृया गरिने छ । |
| १.८ कृषकलाई कृषि यान्त्रिकीकरणमा सहयोग गर्न | १.८.१ कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र संचालन गरिनेछ । |

| | |
|---|---|
| | १.८२ नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरूको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.८.३ कृषकहरूको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ ।<br>१.८.४ कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र बिक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २ः नगरपालिकमा रहेका उत्पादनशील क्षेत्रहरूलाई नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१ असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने | २.१.१ अगुवा कृषकहरूलाई देश तथा विदेशमा कृषि ग्रामको रूपमा विकास भैरहेका क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराइनेछ ।<br>२.१.२ अवलोकनबाट प्राप्त अनुभवहरूलाई अन्य कृषकहरूलाई सम्प्रेषण गर्न वर्षमा कम्तीमा १ पटक नगरपालिका स्तरीय कृषक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.१.३ वार्षिक कृषि मेलाको आयोजना गरी बजारको प्रवर्द्धन गरिने छ । |
| २.२सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने | २.२.१ उर्वर र खेतीयोग्य क्षेत्रलाई वर्गीकरण गरी क्रमश: सघन खेतीक्षेत्र घोषणा गरिने छ ।<br>२.२.२ सघन खेती क्षेत्रहरूलाई निश्चित मापदण्ड तथा राष्ट्रिय, प्रादेशिक र स्थानीय भू-उपयोग नीति अनुरूप खेतीपानी बाहेक अन्य क्रियाकलापमा प्रयोग गर्न निरुत्साहन गर्न कार्य गरिने छ । |
| २.३ कृषिको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमश विकास गर्दै नमुना कृषि क्षेत्र बनाउने । | २.३.१ नगरपालिका भित्रका प्रमुख कृषि सडकहरूको पहिचान गरिने छ<br>२.३.२ प्राथमिकताका आधारमा सघन क्षेत्रका कृषि सडकहरूको स्तरोन्नति गरिने छ ।<br>२.३.३ प्रत्येक वडामा सघन खेती क्षेत्रलाई उपयुक्त हुने स्थानमा कृषि उपज संकलन केन्द्रको स्थापना गरिने छ ।<br>२.३.४ नगरपालिकास्तरीय एक चिस्यान केन्द्रको स्थापना गरिने छ ।<br>२.३.५ घुम्ती माटो परीक्षण शिविर संचालनमा ल्याइ माटोको गुणस्तर सुधार गरिने छ । |

| | |
|---|---|
| | २.३.६ नगरपालिकामा उच्च उत्पादन संम्भावना रहेका बाली जस्तै– मकै, कोदो, धान तथा विभिन्न तरकारीहरूको बीज बैङ्क स्थापना गरिने छ । |
| **उद्देश्य ३: कृषिमा स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित उद्योगहरूको विकास गर्नु ।** | |
| ३.१ वातावरणमैत्री दिगो कृषिसम्बन्धी अभिमुखीकरण गर्ने | ३.१.१ वातावरण र कृषिको अन्तरसम्बन्धका विषयमा विज्ञहरूद्वारा नगरपालिकाका सफल र अगुवा कृषकहरूलाई वर्षमा १ पटक अभिमुखीकरण गरिने छ ।<br>३.१.२ दिगो कृषिको सैद्धान्तिक र व्यावहारिक पक्षका विषयमा विज्ञहरूद्वारा सम्प्रेषित ज्ञान अगुवा कृषकको अगुवाइमा अन्य कृषकलाई सम्प्रेषण गर्न वर्षमा १ पटक अगुवा कृषकसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ । |
| ३.२ नगरपालिकामा निरन्तर उत्पादन हुनसक्ने कृषिजन्य कच्चा पदार्थको पहिचान गर्ने | ३.२.१ वडास्तरमा जलवायु र माटो अनुकूल उत्पादन हुने प्रमुख बालीका आधारमा जोन र सुपरजोनको पहिचान र घोषणा गरिने छ ।<br>३.२.२ जोन र सुपरजोन स्तरीय उत्पादित प्रमुख उत्पादनको वार्षिक तथ्याङ्क प्राप्त गर्न वाषिक तथ्याङ्क प्रणालीको निर्माण गरिने छ । |
| ३.३ निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने | ३.३.१ बाली विषेश पकेट क्षेत्रका आधारमा उपलब्ध हुन सक्ने कच्चा पदार्थका आधारित प्रत्येक वडामा सम्भाव्य उद्योगहरूको सम्भाव्यता अध्ययन गरिने छ ।<br>३.३.२ पहिलो चरणमा एक वडा एक कृषि उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिने छ ।<br>३.३.३ उद्यमी कृषकहरूलाई लक्षित गरी अध्ययन तथा अभिमुखीकरण तालिम सन्चालनका लागि नगरपालिकाद्वारा सहयोग प्रदान गरिने छ । |

| | |
|---|---|
| ३.४ स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने | ३.४.१ कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिने छ ।<br>३.४.२ संघीय तथा प्रादेशिक सरकारको सहयोगमा नगरपालिकास्तरीय खाद्य गुणस्तर मापनको व्यवस्था गरिने छ ।<br>३.४.३ स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिने छ ।<br>३.४.४ स्थानीय उपज उपभोग हुने उपभोक्ता बजारको मागको अध्ययन गरी वस्तुगत सूचना संकलन गरिने छ<br>३.४.५ उत्पादनमा स्थानीय पहिचान राख्न सक्ने बाली तथा उत्पादनको पहिचान गरिने छ ।<br>३.४.६ गुणस्तर र ब्रान्ड कायम गर्न सक्ने बाली तथा उत्पादनको गुणस्तर प्रवर्द्धन गर्न जैविक प्रविधिको अवलम्बन गरिने छ ।<br>३.४.७ जैविक प्रविधिको अधिकतम प्रयोग गर्न र गुणस्तरीय उत्पादन गर्न कृषकहरूलाई नियमित तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गरिने छ ।<br>३.४.८ एक वडा एक कृषिमा आधारित उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ । |
| **उद्देश्य ४: वातावरण र बाली मैत्री मौरीपालन प्रवर्द्धन गर्नु ।** | |
| ४.१ कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रवर्द्धन गर्ने | ४.१.१ मौरीपालक कृषकको विवरण संकलन गरिने छ ।<br>४.१.२ मौरीपालक कृषकलाई प्राविधिक तालिम प्रदान गरिने छ ।<br>४.१.३ व्यवसायिक मौरीपालक कृषकलाई घारमा अनुदान प्रदान गरिने छ ।<br>४.१.४ उत्पादित महलाई प्रशोधन, प्याकेजिङ्ग, लेबलिङ र ब्रान्डिङ गरिने छ ।<br>४.१.५ मह उपभोक्ता बजार तथा मागको अध्ययन गरिने छ । |

## (आ) जडीबुटी

### पृष्ठभूमि

यस नगरपालिकामा भौगोलिक तथा जैविक विविधता हुनु र वनजंगल क्षेत्रले कुल भूभागको ४२.४८ प्रतिशत ओगटेका कारणले वनजंगल क्षेत्रमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन्। यस नगरपालिकामा विशेषगरी कुरिलो, टिमुर, तितेपाती, बोजो, चिराइतो, अमला, सिस्नु, ऐसेलु,, आल्लो, रिठा, रुद्राक्षा, अमृसो, दालचिनी, चिउरी  आदि पाइन्छ। तथापि यस्ता जडीबुटीहरूको व्यावसायिक उत्पादन भने हुनसकेको छैन। यस्ता जडीबुटीहरूको पहिचान गरी व्यावसायिक उत्पादन, प्रशोधन र बजार प्रवर्द्धन गर्न सकेमा स्थानीय बासीको आय आर्जनमा समेत टेवा पुचाउन सकिन्छ।

| **उद्देश्य ५: व्यवसायिक जडीबुटी उत्पादन तथा प्रशोधनलाई उच्च प्राथमिकता दिनु।** | |
|---|---|
| ५.१ नगरपालिकामा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान र संरक्षण गर्ने | ५.१.१ विज्ञको सहयोगमा नगरपालिकाभर पाइने जडीबुटीहरूको पहिचान गरी विवरण संकलन गरिने छ।<br>५.१.२ पहिचान भएका जडीबुटीको नमूना तथा तीनको गुण विशेषता र उपयोग बारे सुचि तयार गरिने छ।<br>५.१.३ आफ्नो वरपर रहेका बहुमूलय जडीबुटीको पहिचान र संरक्षण गर्न जनस्तरमा जनचेचना फैलाउन स्थानीय संचार माध्यमहरूको सहयोग लिइनेछ।<br>५.१.४ पूर्ण विवरण तयार पारी जडीबुटीको फाइदा र विशेषता सहित ब्रोसर तथा पुस्तक तयार पारिनेछ।<br>५.१.५ स्थानीयस्तरमा प्राप्त हुने बहुमूल्य र स्वास्थ्य हितकारी जडीबुटीहरूको पहिचान र संरक्षण गरी सदुपयोग गर्न जनचेतनामूलक कार्यक्रम निर्माणगरी प्रसारण गरिने छ।<br>५.१.६ नगरपालिकाका विभिन्न वडाहरूमा पाइने र संम्भाव्यता बोकेका जडिवुटीहरूको जोन स्थापना गर्न संम्भाव्यता अध्ययन गरी औषधिय पर्यटन तथा जडिवुटी क्षेत्रको विकास कार्ययोजना निर्माण गरिने छ। |
| ५.२ कृषकलाई व्यवसायीक जडीबुटी | ५.२.१ नगरपालिकामा जडीबुटी उत्पादनलाई पेशागत र व्यवसायिक बनाउन चाहने कृषकको विवरण संकलन गरिने छ। |

| | |
|---|---|
| उत्पादनका लागि प्रोत्साहन गरिने छ। | ५.२.२ इच्छुक कृषकहरूलाई नगरपालिकाको तर्फबाट व्यावसायिक जडीबुटी उत्पादनको संभाव्यता, बजार र प्राविधिक ज्ञानबारे तालिम प्रदान गर्न सहयोग गरिने छ।<br>५.२.३ नगरपालिकाभर प्राकृतिक चिकित्सा, आयुर्वेद विज्ञान तथा योग साधनामा लागेका अग्रजहरूको सहयोगमा वर्षमा एक पटक जडीबुटीको व्यवसायीक उत्पादन सम्बन्धी अन्तरक्रिया गरिने छ। |
| ५.३ कृषि र जडीबुटी उत्पादनलाई एकीकृत गरी व्यवसायिकता प्रवर्द्धन गरिने छ। | ५.३.१ कृषिसँगै जडीबुटी समेत उत्पादन गर्ने कृषकलाई जडीबुटी उत्पादन सम्बन्धी ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्न सहयोग पुऱ्याइने छ।<br>५.३.२ अन्तरबाली अन्तर्गत कृषि बाली सँगसँगै जडीबुटी उत्पादन गर्ने कृषकलाई तालिमको व्यवस्था गरिने छ।<br>५.३.३ नगरपालिकामा खेर गैरहेको जमिन र वनक्षेत्रलाई व्यवसायिक जडीबुटी उत्पादन गर्न निजी क्षेत्रलाई लिजमा दिन व्यवस्था मिलाईने छ।<br>५.३.४ कृषि उपज संकलन केन्द्रलाई जडीबुटी समेत संकलन केन्द्रका रूपमा विकास गरिने छ।<br>५.३.५ अति विपन्न वर्ग र न्यून आय भएका कृषकहरूलाई जडिबटी उत्पादनमा आकर्षण गर्न ब्याजमा अनुदान दिने व्यवस्था मिलाईने छ। |

## कृषि तथा जडीबुटीको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | कृषक वर्गीकरण तथा परिचय पत्र वितरण | कृषक | ० | १००० | १००० | २००० | २००० | १००० | १००० | १००० | १००० | १००० | १००० | १ | न.पा. |
| | | १.१.२ | व्यवसायिकरण सम्बन्धी अगुवा कृषक अभिमुखीकरण | संख्या | ० | ३० | ३०००० | ६० | ६०००० | ६० | ६०००० | ६० | ६०००० | ३० | ३०००० | १००० | न.पा. |
| | | १.१.३ | अगुवा कृषकको विवरण संकलन | संख्या | ० | ३० | ३० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | १ | न.पा. |
| | | १.१.४ | वडा स्तरीय उत्कृष्ट कृषक पुरस्कारको प्रबन्ध | संख्या | ० | १० | १०० | १० | १०० | १० | १०० | १० | १०० | १० | १०० | १० | न.पा. |
| | | १.१.५ | कृषक पाठशाला सञ्चालन तथा शिक्षक व्यवस्था | संख्या | ० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | ५०० | न.पा. |
| | १.२ | १.२.१ | प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र निर्माणका लागि संभाव्यता अध्ययन | संख्या | ० | १० | २०००० | १० | २०००० | १० | २०००० | १० | २०००० | १० | २०००० | २००० | न.पा. |
| | | १.२.२ | केरा, सुन्तला, अम्वा, कागती स्रोत केन्द्रको निर्माण गरिने छ। | केन्द्र | ० | १ | ५००० | ३ | १५००० | ३ | १५००० | ३ | १५००० | ३ | १५००० | ५००० | न.पा. |
| | | १.२.३ | फलफुल तथा नगदेबाली विशेष नर्सरी स्थापना | नर्सरी | ० | २ | १०००० | ३ | १५००० | ३ | १५००० | २ | १०००० | | ० | ५००० | न.पा. |
| | १.३ | १.३.१ | वडास्तरीय उच्च मूल्यका बाली तथा उत्पादन संभाव्यता अध्ययन | संख्या | ० | | ० | १ | ७००० | | ० | | ० | | ० | ७००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.३.२ | नगरपालिकाका प्रमुख सिंचाइ योजनाहरूको प्राथमिकिकरण | संख्या | ० | | ० | | ० | १ | १००० | | ० | | ० | १००० | न.पा. |
| | | १.३.३ | प्रत्येक वडामा खेर गइरहेका तथा उर्वर खेती क्षेत्रको पुनर्उत्थानका लागि पहिचान, सर्वेक्षण र विवरण संकलन | संख्या | ० | | ० | १ | १००० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.३.४ | वडास्तरीय सघन कृषि क्षेत्र तथा खेती मिश्रित बाली/अन्तरबाली वर्गीकरण तथा पहिचान | क्षेत्र | ० | १ | ३००० | २ | ६००० | २ | ६००० | ३ | ९००० | २ | ६००० | ३००० | न.पा. |
| | १.४. | १.४.१ | रासायनिक मल माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | संख्या | | | ० | १ | ५०० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.४.२ | वडास्तरीय प्राङ्गारीक तथा हरित मल उत्पादन तालिम | संख्या | ० | २ | १००० | २ | १००० | ३ | १५०० | ३ | १५०० | | ० | ५०० | न.पा. |
| | | १.४.३ | वडास्तरीय बीउ बैङ्क निर्माण | संख्या | ० | | ० | २ | ४००० | २ | ४००० | ३ | ६००० | ३ | ६००० | २००० | न.पा. |
| | | १.४.४ | कृषि यन्त्र अनुदान | कृषक | ० | ५० | १०००० | १०० | २०००० | १०० | २०००० | १०० | २०००० | ५० | १०००० | २०० | न.पा. |
| | | १.४.५ | नगरपालिकास्तरीय कृषक सहयता केन्द्र निर्माण | केन्द्र | ० | | ० | १ | ३००० | | ० | | ० | | ० | ३००० | न.पा. |
| | | १.४.६ | मल तथा विउ विजन ढुवानी अनुदान | मे.ट. | ० | १० | १०० | २० | २०० | २० | २०० | २० | २०० | २० | २०० | १० | न.पा. |
| | १.५ | १.५.१ | मल, बीउ, विषादी आदिको प्रयोग सम्बन्धी कृषि शिक्षा प्रसारण | संख्या | ० | १२ | ६०० | १२ | ६०० | १२ | ६०० | १२ | ६०० | १२ | ६०० | ५० | न.पा. |
| | | १.५.२ | नगरपालिकास्तरीय कृषि सम्पर्क केन्द्र को स्थापना | केन्द्र | ० | १ | ३००० | | ० | | ० | | ० | | ० | ३००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.५.३ | कृषक पाठशालाका लागि पाठ्यक्रम निर्माण | पाठ्यक्रम | | | ० | | ० | १ | १००० | | ० | | ० | १००० | न.पा. |
| | | १.५.४ | घुम्ती माटो परीक्षण शिविर सञ्चालन | संख्या | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १००० | न.पा. |
| | | १.५.५ | जैविक विषादी उत्पादन तालिम | तालिम | ० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १०० | न.पा. |
| | १.७ | १.७.१ | कृषक तथा बिमा कम्पनी बीच अन्तरक्रिया कार्यक्रम | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा. |
| | | १.७.२ | विपन्न कृषक बिमा अनुदान | कृषक | ० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | ५० | ५०० | १० | न.पा. |
| | | १.७.३ | बाँदर, बदेल भगाउने यन्त्र खरिद अनुदान, पशुगोठ सुरक्षा तथा व्यवस्था अनुदान | संख्या | ० | १०० | ३००० | १०० | ३००० | १०० | ३००० | १०० | ३००० | १०० | ३००० | ३० | न.पा. |
| | | १.७.४ | जनावरबाट हुने क्षती जोखिम न्यूनीकरण बाली बिमाका लागि बिमा कम्पनीसँग अन्तरक्रिया | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा. |
| २. | २.१ | २.१.१ | कृषि ग्राम विशेष अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | संख्या | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १००० | न.पा. |
| | | २.१.२ | अगुवा तथा साना किसान बीच अन्तरक्रिया कार्यक्रम | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा. |
| | | २.१.३ | वार्षिक कृषि मेलाको आयोजना | मेला | ० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | २००० | न.पा. |
| | २.२ | २.२.१ | सघन कृषि क्षेत्र विशेष मापदण्ड निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | २.२.२ | कृषि क्षेत्र विशेष मापदण्ड कार्यान्वयन | संख्या | | | ० | १ | ५ | | ० | | ० | | ० | ५ | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथा अनुगमन संयन्त्र निर्माण | | | | | | | | | | | | | | |
| | २.३ | २.३.१ | कृषि सडक (घोषणाका लागि) पहिचान | सडक | ० | १ | १० | | ० | | ० | | ० | | ० | १० | न.पा. |
| | | २.३.२ | कृषि सडक स्तरोन्नति | सडक | ० | | ० | ५ | १५००० | ५ | १५००० | | ० | | ० | ३००० | न.पा. |
| | | २.३.३. | वडास्तरीय कृषि उपज तथा जडीबुटी संकलन केन्द्र निर्माण | केन्द्र | ० | | ० | ३ | ६००० | ३ | ६००० | ३ | ६००० | १ | २००० | २००० | न.पा. |
| | | २.३.४ | नगरपालिकास्तरीय चिश्यान केन्द्र (शीत भण्डार) निर्माण | संख्या | ० | | ० | | ० | | ० | १ | १०००० | | ० | १०००० | न.पा. |
| | | २.३.५ | माटो परीक्षण केन्द्र निर्माण | केन्द्र | ० | | ० | | ० | १ | ५००० | | ० | | ० | ५००० | न.पा. |
| | | २.३.६ | मकै, धान, कोदोको बीज बैङ्क स्थापना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| ३. | ३.१ | ३.१.१ | वातावरण र दिगो कृषि विषयक अगुवा कृषक अभिमुखीकरण | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा. |
| | | ३.१.२ | वातावरण र दिगो कृषि विषयक अगुवा कृषक र साना किसान अभिमुखीकरण | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा. |
| | ३.२ | ३.२.१ | कृषि जोन र सूपर जोन पहिचान | संख्या | ० | | ० | १ | २५ | | ० | | ० | | ० | २५ | न.पा. |
| | | ३.२.२ | जोन र सूपर जोन स्तरीय स्वचालित वार्षिक तथ्याङ्क प्रणालीको निर्माण | संख्या | ० | | ० | | ० | १ | ३०० | | ० | | ० | ३०० | न.पा. |
| | ३.३ | ३.३.१ | पकेट क्षेत्र वा जोन, सूपर जोन स्तरीय कृषि उद्योगको सम्भाव्यता अध्ययन | संख्या | ० | | ० | १ | १०० | | ० | | ० | | ० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३.३.२ | कृषि उद्यमी विशेष अन्तरक्रिया कार्यक्रम | संख्या | ० | १ | २५ | १ | २५ | १ | २५ | १ | २५ | १ | २५ | २५ | न.पा. |
| | | ३.३.३ | अगुवा कृषि उद्यमी विशेष अभिमुखीकरण तथा अन्तरक्रिया | संख्या | ० | २ | ६० | २ | ६० | २ | ६० | २ | ६० | २ | ६० | ३० | न.पा. |
| | ३.४ | ३.४.१ | कृषि उपज प्याकेजिङ, लेबलिङ, गुणस्तर जाँच तथा ब्रान्डीङ सम्बन्धी तालिम तथा अन्तरक्रिया | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | ३.४.२ | खाद्य तथा कृषि उपज गुणस्तर मापन केन्द्र स्थापना | केन्द्र | ० | | ० | | ० | १ | १००० | | ० | | ० | १००० | न.पा. |
| | | ३.४.३ | कृषि उपभोक्ता बजारको सम्भाव्यता अध्ययन | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | ३.४.४ | कृषि सम्बन्धी उपभोग्य वस्तुको वस्तुगत माग सम्बन्धी तथ्याङ्क संकलन | प्रतिवेदन | ० | | ० | १ | १००० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | ३.४.५ | रैथाने प्रजातिका बालीहरूको पहिचान तथा बीज बैङ्क स्थापना | संख्या | ० | | ० | | ० | १ | २००० | | ० | | ० | २००० | न.पा. |
| | | ३.४.६ | जैविक प्रविधि र खेती सम्बन्धी तालिम | संख्या | ० | २ | २०० | २ | २०० | २ | २०० | २ | २०० | २ | २०० | १०० | न.पा. |
| ४. | ४.१ | ४.१.१ | मौरीपालक कृषकको विवरण संकलन | संख्या | ० | | ० | १ | ५० | | ० | | ० | | ० | ५० | न.पा. |
| | | ४.१.२ | मौरीपालन तालिम सञ्चालन | संख्या | | | ० | | ० | १ | १०० | | ० | | ० | १०० | न.पा. |
| | | ४.१.३ | लागत सहभागितामा मौरीको घारमा अनुदान | संख्या | ० | | ० | | ० | | ० | २०० | १००० | | ० | ५ | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ४.१.४ | मह ब्रान्डीङ सम्बन्धी तालिम सञ्चालन | संख्या | ० | | ० | | ० | | ० | | ० | १ | १०० | १०० | न.पा. |
| | | ४.१.५ | मह उपभोक्ता बजारको अध्ययन | संख्या | | | ० | १ | १०० | | ० | | ० | | ० | १०० | न.पा. |
| ५ | ५.१ | ५.१.१ | नगरपालिकामा पाइने सबैप्रकारका जडीबुटीको Profile तयार | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | ५.१.३ | नगरपालिका स्तरीय Herborium निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | ५.१.३ | जडीबुटी सम्बन्धी जनचेतना सञ्चार | संख्या | ० | | ० | १२ | १२० | | ० | | ० | | ० | १० | न.पा. |
| | | ५.१.४ | जडीबुटी सम्बन्धी ब्रोसर तथा Profile प्रकाशन | संख्या | ० | | ० | १ | २०० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | ५.१.५ | स्थानीय जडीबुटी पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना | संख्या | | | ० | | ० | | ० | | ० | | ० | | न.पा. |
| | | ५.१.६ | जडिवुटी जोन स्थापना, सम्भाव्यता अध्ययन,औषधिय पर्यटन तथा जडिवुटी क्षेत्र विकास कार्ययोजना निर्माण | संख्या | ० | | ० | | ० | १ | ५० | | ० | | ० | ५० | न.पा. |
| | ५.२. | ५.२.१ | जडीबुटी उत्पादक कृषकको विवरण संकलन | संख्या | ० | | ० | | ० | | ० | १ | ५० | | ० | ५० | न.पा. |
| | | ५.२.२ | जडीबुटी उत्पादन सम्बन्धी तालिम सञ्चालन | संख्या | | | ० | | ० | | ० | १ | १०० | | ० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ५.२.३ | आयुर्वेद, प्राकृतिक चिकित्सा, योग प्रशिक्षक विज्ञ तथा कृषक अन्तरक्रिया कार्यक्रम | संख्या | | | ० | | ० | | ० | | ० | १ | १०० | १०० | न.पा. |
| | ५.३ | ५.३.१ | जडीबुटी उत्पादन प्राविधिक सहयोग कक्ष निर्माण | संख्या | | | ० | | ० | | ० | १ | २०० | | ० | २०० | न.पा. |
| | | ५.३.२ | अन्तरबाली अन्तर्गत जडीबुटी उत्पादन तालिम सञ्चालन | संख्या | ० | | ० | | ० | | ० | २ | १०० | | ० | ५० | न.पा. |
| | | ५.३.३ | खेर गैरहेको जमिन र वन क्षेत्रलाई लिजमा दिन विवरण संकलन तथा अभिलेखिकरण | संख्या | ० | | ० | | ० | १ | २० | | ० | | ० | २० | न.पा. |
| | | ५.३.४ | कृषि उपज संकलन केन्द्रमा जडीबुटी संकलन कक्ष निर्माण | संख्या | ० | | ० | | ० | | ० | १० | १००० | | ० | १०० | न.पा. |
| | | ५.३.५ | अति विपन्न कृषकलाई जडीबुटीको व्यवसायिक उत्पादनमा अनुदान | संख्या | ० | | ० | | ० | | ० | | ० | ५० | ५०० | १० | न.पा. |
| | | ५.३.६ | जडिबुटी नर्सरीको संम्भाव्यता अध्ययन | संख्या | ० | | ० | १ | १०० | | ० | | ० | | ० | १०० | न.पा. |
| जम्मा | | | | | | | १०१२२५ | | १९५०४५ | | १८९८१५ | | १७६७९५ | | १०६५४५ | | |

## (इ) पशुपंक्षी विकास

### पृष्ठभूमि

यस प्युठान नगरपालिकाका कुल घरपरिवारहरू मध्ये ग्रामीण क्षेत्रका अधिकांश परिवारले पशुपंक्षी पाल्ने गरेका छन्। यहाँ गाई, भैसी, बाखा, कुखुरा, बङ्गुर लगायतका पशुपंक्षीहरूको व्यवसायीक उत्पादनको राम्रो सम्भावना रहेको छ। व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, बाखा, बङ्गुर, कुखुरा पाल्ने र बिक्री गर्ने गर्दछन्। पशुपन्छी पालनमा आधुनिकीकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरूको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ। पशुपालनको राम्रो सम्भावना भएकोले व्यावसायिक गाइ र भैसी पालन मार्फत दुग्ध उत्पादन तथा बाखा र कुखुरापालनबाट मासुमा आत्मनिर्भर भइ निर्यात प्रवर्द्धन गर्न सकिन्छ। नेपाली बजारमानै वाखा तथा लोकल कुखुराको उच्च माग रहेकोले सोको समेत यहाँ राम्रो सम्भावना रहेको छ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- दुग्धजन्य पदार्थ, माछा, मासु र अण्डाको निर्यात मार्फत राम्रो आम्दानी गर्न सकिने।
- पशुपन्छीको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निःशुल्क गर्ने नीति लिइएको।
- बाखपालन, बँगुरपालन तथा कुखुरापालनबाट आय स्तर सुधार गराउन सकिने।
- वन जंगल प्रशनष्ट मात्रमा भएकाले गाई तथा भैसीपालन व्यवसायिक गराउन सकिने।
- राष्ट्रिय राजमार्ग प्रणालीसँग जोडने मुख्य सडकहरूको स्तरोन्नति भइरहेको हुनाले ठूला उपभोक्ता बजारसँग सम्बन्ध विस्तार गर्न तथा कायम हुने।
- पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने।
- सामुदायिक होमस्टे तथा पर्यटन प्रवर्द्धन गरी स्थानिय स्तरमा उत्पादन भएका पशुपक्षीजन्य परिकारको खपत बढाउन सकिने।

### दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- पशुपंक्षी तथा मौरीपालन व्यवसायको व्यवसायीकरण र आधुनिकिकरण हुन नसकेको।
- पशुपंक्षी तथा मत्स्यपालन सम्बन्धी आधारभूत पूर्वाधारको विकास हुन नसकेको।
- युवा तथा व्यवसायीक सोचका कृषि उद्यमीहरूलाई यस क्षेत्रमा आकर्षण गर्ने चुनौती रहेको।
- पशुपंक्षी, मत्स्य तथा मौरीपालन सेवा केन्द्र, तथा दक्ष प्राविधिकहरूको पर्याप्त व्यवस्था र तालिम नभएको।

- पशुपक्षीं र मत्स्य पालन परम्परागत र निर्वाहमुखी रहेको ।
- पशुपक्षीको उपचार पर्याप्त नभएको ।
- पशुपक्षीजन्य उत्पादनको पर्याप्त बजारको संभाव्यता अध्ययन नभएको ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

व्यवसायिक पशुपन्छी पालन मार्फत आर्थिक स्तर सुधार गर्ने

### लक्ष्य

आधुनिक र व्यवसायिक पशुपन्छी पालनबाट निर्यातमुखी उत्पादनलाई वृद्धि गराउने

### उद्देश्यहरू

१. पशुपन्छी पालनलाई व्यवसायिक बनाउनु ।

२. पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नु ।

३. माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नु ।

## रणनीति तथा कार्यनीतिहरु

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य : पशुपन्छी पालनलाई व्यवसायिक बनाउनु ।** | |
| १.१ पशुपन्छी पालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने | १.१.१ वडास्तरमा उद्यमशील सोच भएका इच्छुक युवा तथा अग्रणी कृषकहरूको पहिचान गरिने छ ।<br>१.१.२ कृषि उद्यमीहरूको उत्प्रेरणाका लागि वडास्तरमा उनीहरूको सोच र योजनाबारे सूचना संकलन गरी Start-up का लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.३ इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी असल अभ्यास तथा |

| | |
|---|---|
| | प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तथा तालिम सञ्चालन गरिने छ । |
| १.२ युवा उद्यमीहरूलाई यसतर्फ आकर्षित गर्न विशेष सहुलियत प्रदान गर्ने | १.२.१ निश्चित मापदण्डका आधारमा एकल तथा सामूहिक रूपमा पशुपन्छी पालनमा व्यवसायिक रूपमा जान खोज्ने कृषक, कृषक समूह तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई ब्याजमा अनुदान दिइने छ ।<br>१.२.२ उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रवर्द्धन गर्न बोका तथा माउ आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ ।<br>१.२.३ स्थानीय सहकारी तथा समूहमा व्यवसाय गर्न चाहनेहरूलाई निश्चित प्रतिशत ब्याज तथा सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिने छ ।<br>१.२.४ स्थानीयजातका लोकल कुखुरा, कालिज, बट्टाइ, बङ्गुर लगायत पशुपंक्षी पाल्न चाहने वेरोजगार युवाहरूलाई निश्चित मापदण्डका आधारमा venture capital को प्रबन्ध गरिने छ । |
| १.३पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने | १.३.१ पशुपालनलाई आवश्यक घाँसको उत्पादन वीउ तथा बेर्ना वितरण गरिने छ ।<br>१.३.२ खेर गैरहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यवसायिक उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिने छ ।<br>१.३.३ प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवा मार्फत विस्तार गरिने छ ।<br>१.३.४ पशु बिमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अन्तरक्रिया कार्यकम गरिने छ ।<br>१.३.५ पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन तथा Call Center को व्यवस्था गरिने छ ।<br>१.३.६ उन्नत र उच्च प्रतिफल दिने पशुनश्ल सुधार तथा कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिने छ । |

| | |
|---|---|
| | १.३.७ स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाई मापदण्डका आधारमा सहुलियत प्रदान गरिने छ ।<br>१.३.८ पशुशिक्षा प्रवर्द्धन गर्न वडास्तरमा कृषक पाठशाला सञ्चालन गरिने छ ।<br>१.३.९ व्यवसायिक पशुपालन कृषकलाई लागत सहभागिता Cow Mat वितरण गरिने छ ।<br>१.३.१० पशुपालन पकेट क्षेत्र स्तरीय घाँस बीज बैङ्क तथा डालेघाँस नर्सरी स्थापनाका लागि संम्भाव्यता अध्ययन गरिनेछ ।<br>१.३.११ नगरपालिकामा संम्भाव्यता हेरी दुग्ध चिस्यान केन्द्र स्थापना गरिने छ<br>१.३.१२ चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग संचालनका लागि निजी क्षेत्रसँग अन्तरक्रिया गरी विशेष प्रोत्साहनको व्यवस्था गरिने छ । |
| **उद्देश्य २ः पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नु ।** | |
| २.१ कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने | २.१.१ नगरपालिकाभर पालिने पशुपन्छीको विवरण अद्यावधिक गर्ने तथ्याङ्क प्रणालीको निर्माण गरिने छ ।<br>२.१.२ नगरपालिकामा हरेक वर्ष पशुपन्छी जन्य उत्पादनको माग आपूर्तिको वस्तुपरक सूचना प्राप्त गरी उत्पादनलाई निर्यातमुखी बनाइने छ ।<br>२.१.३ हरेक वर्ष नगरपालिकाबाट निर्यात हुने पशुजन्य उत्पादनको वस्तुपरक सूचना अद्यावधिक गरिने छ । |
| २.२पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने | २.२.१ नगरपालिकामा उत्पादन हुने पशुपन्छी संकलन केन्द्रको स्थापना गरिने छ ।<br>२.२.२ पशुपन्छीजन्य उत्पादन निर्यात हुनसक्ने सम्भाव्य निकटवर्ती बजार तथा हाटबजारको मागको अध्ययन गरिने छ ।<br>२.२.३ ती उत्पादनहरूको ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ तथा गुणस्तर जाँच गर्ने व्यवस्था मिलाईने छ । |

| | |
|---|---|
| | २.२.४उत्पादन र मागको सन्तुलन कायम गर्न ठूला बजारका कृषि उपज संकलन तथा व्यापारीहरूसँग सम्पर्क तथा माग संकलन गर्ने संयन्त्रको निर्माण गरिने छ । |
| **उद्देश्य ३: माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन गर्नु ।** | |
| ३.१ माछापालनमा इच्छुक कृषक पहिचान गर्ने | ३.१.१ प्रत्येक वडामा सम्भाव्यताका आधारमा माछापालन गर्न चाहने र गरिरहेका कृषक पहिचान गरिने छ ।<br>३.१.२ माछापालन गर्न चाहने कृषकलाई प्राविधिक ज्ञान र सिपका लागि तालिमको व्यवस्था गरिने छ । |
| ३.२ माछाका भूरामा अनुदान दिने | ३.२.१निश्चित मापदण्डका आधारमा माछापालक कृषकलाई पहिलो पटक भूरामा अनुदान दिइने छ ।<br>३.२.२स्थानीय जलवायु अनुकूल उत्पादन हुनसक्ने माछाका बारेमा कृषकलाई जानकारी प्रदान गरिने छ ।<br>३.२.३माछा उत्पादनसम्बन्धी सल्लाह दिन प्राविधिक सहयोग प्रदान गरिने छ । |
| ३.३ माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने | ३.३.१ स्थानीयस्तरमा उत्पादित माछाको खपत हुनसक्ने प्रमुख बजारहरूको अध्ययन गरिने छ ।<br>३.३.२ माछाको निर्यातका लागि संकलन, भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना गरिने छ । |
| ३.४ पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने | ३.४.१ स्थानीय जल पर्यावरणीय प्रणालीको विकास गर्न वडा स्तरमा नमूना माछापोखरी निर्माण गर्ने कृषकलाई लागत सहभागिता तथा ब्याजमा अनुदान दिईनेछ ।<br>३.४.२ त्यस्ता पोखरी निर्माण गर्ने कृषकलाई प्राविधिक सहयोग प्रदान गरिने छ ।<br>३.४.३ नगरपालिकामा खेर गैरहेका तर पानीको उपलब्धता हुनसक्ने क्षेत्रमा पोखरी निर्माण गरी ठेक्कामा लगाउन संभाव्यता अध्ययन गरिने छ । |

पशुपंक्षी पालन तथा माछापालनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | अगुवा तथा युवा पशुपन्छी पालक कृषक पहिचान | संख्या | ० | १०० | १०० | २०० | २०० | ३०० | ३०० | ३०० | ३०० | १०० | १०० | १ | न.पा |
| | | १.१.२ | व्यवसायिक पशुपन्छी पालनलाई उद्यम लगानी ( Venture Capital) को प्रबन्ध | जना | ० | ५० | २५००० | १०० | ५०००० | १५० | ७५००० | १५० | ७५००० | ५० | २५००० | ५०० | न.पा |
| | | १.१.३ | अगुवा तथा युवा कृषक विशेष अभिमुखीकरण तथा तालिम | संख्या | ० | १ | १०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ४ | ४०० | १०० | न.पा |
| | १.२ | १.२.१ | व्यवसायिक पशुपन्छी पालक, युवा कृषक, वैदेशिक रोजगारीबाट फर्किएका युवा लाई ब्याज अनुदान | जना | ० | ५० | ५००० | १०० | १०००० | १०० | १०००० | १०० | १०००० | ५० | ५००० | १०० | न.पा |
| | | १.२.२ | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान | संख्या | ० | २० | ४००० | २० | ४००० | २० | ४००० | २० | ४००० | २० | ४००० | २०० | न.पा |
| | | १.२.३ | सामूहिक व्यवसाय गर्ने समूहलाई ब्याजमा सहुलियत | समुह | ० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | ५०० | न.पा |
| | | १.२.४ | बेरोजगार युवाहरूलाई पशुपंक्षिपालन विशेष उद्यम लगानी (Venture Capital) | युवा | ० | ५० | १०००० | १०० | २०००० | १०० | २०००० | ५० | १०००० | ५० | १०००० | २०० | न.पा |
| | १.३ | १.३.१ | घाँसको बीउ तथा बेर्ना वितरण | कृषक | ० | २०० | २०० | ४०० | ४०० | ५०० | ५०० | ५०० | ५०० | ३०० | ३०० | १ | न.पा |
| | | १.३.२ | घाँसको व्यवसायिक उत्पादन सम्बन्धी कृषक तालिम | संख्या | ० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १०० | न.पा |
| | | १.३.३ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा |
| | | १.३.४ | पशुबिमा अनुदान तथा अन्तरक्रिया | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा |
| | | १.३.५ | पशुखोप घुम्ती सेवा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.३.६ | उन्नत नश्ल तथा कृत्रिम गर्भाधान सेवा विस्तार | संखया | ० | २०० | १००० | २०० | १००० | २०० | १००० | २०० | १००० | २०० | १००० | ५ | न.पा |
| | | १.३.७ | कृषिदाना उद्योग सहुलियत अनुदान | उद्योग | ० | | ० | १ | १००० | १ | १००० | १ | १००० | | ० | १००० | न.पा |
| | | १.३.८ | पशु कृषक पाठशाला सञ्चालन तथा शिक्षक प्रबन्ध | संख्या | ० | १० | ४००० | १० | ४००० | १० | ४००० | १० | ४००० | १० | ४००० | ४०० | न.पा |
| | | १.३.९ | लागत सहभागितामा Cow Mat वितरण | संख्या | ० | १०० | ५००० | १०० | ५००० | १०० | ५००० | १०० | ५००० | १०० | ५००० | ५० | न.पा |
| | | १.३.१० | पशुपालन पकेट क्षेत्र स्तरीय घाँस बीज बैङ्क स्थापना | संख्या | ० | १० | १०००० | | ० | | ० | | ० | | ० | १००० | न.पा |
| | | १.३.११ | डालेघाँस नर्सरी स्थापना संम्भाव्यता अध्ययन | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा |
| | | १.३.१२ | दुध पकेट क्षेत्र स्तरीय चिस्यान केन्द्र स्थापना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा |
| | | १.३.१३ | ह्याचरी उद्योग स्थापना संम्भाव्यता अध्ययन तथा निजी क्षेत्र अन्तरक्रिया | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा |
| २ | २.१ | २.१.१ | पशुपन्छी तथ्याङ्क अद्यावधिक प्रणाली निमार्ण | संख्या | ० | | ० | १ | ५०० | | ० | | ० | | ० | ५०० | न.पा |
| | | २.१.२ | वार्षिक पशुजन्य उत्पादन माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | संख्या | ० | | ० | १ | ५०० | | ० | | ० | | ० | ५०० | न.पा |
| | २.२ | २.२.१ | पशुपन्छी उपज संकलन केन्द्रको निर्माण | संख्या | ० | १ | ३५०० | | ० | | ० | | ० | | ० | ३५०० | न.पा |
| | | २.२.२ | पशुपंक्षी जन्य उत्पादन निर्यात बजारको माग अध्ययन | अध्ययन | ० | १ | ५०० | | ० | १ | ५०० | | ० | | ० | ५०० | न.पा |
| | | २.२.३ | प्रशोधन, लेबलिङ, गुणस्तर मापन तथा ब्रान्डीङ सम्बन्धी तालिम | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा |
| | | २.२.४ | मुख्य उपभोक्ता बजार स्थित व्यापारीहरूसँग माग संकलन | अध्ययन | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा |
| ३. | ३.१ | ३.१.१ | माछा पालक कृषक विवरण संकलन | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा |
| | | ३.१.२ | माछापालन तालिम सञ्चालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा |
| | ३.२ | ३.२.१ | भुरा वितरण | पोखरी | ० | ५ | ५०० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १०० | न.पा |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३.२.२ | माछा पालन प्राविधिक सहयोग कक्ष स्थापना | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा |
| | ३.३ | ३.३.१ | स्थानीय तथा ठूला उपभोक्ता बजारमा मागको अध्ययन | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा |
| | | ३.३.२ | माछा संकलन भण्डारण तथा प्याकेजिङ केन्द्रको स्थापना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ ।
- कृषि क्षेत्र वैज्ञानिक र व्यवसायिक साथै निर्यातमुखी भएको हुनेछ ।
- खाद्यान्न, मासु, अण्डा, दुधमा आत्मनिर्भर भई निर्यात प्रवर्द्धन हुनेछ ।
- कृषिमा युवा कृषकहरूको आकर्षण बढेको हुनेछ ।
- मध्य पहाडि नमुना कृषि क्षेत्रको आवश्यक पूर्वाधारहरूको विकास भएको हुनेछ ।
- व्यवसायीक जडीबुटी उत्पादनको सुरुवात भएको हुनेछ ।

### नतिजा खाका

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१** | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशतमा | ७.४ | ९.५ |
| **२** | प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनका योगदान | प्रतिशतमा | २९.३७ | ३९ |
| **३** | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | ६३ | ७३ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ४ | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरूपमा खेती भैरहेको जमिनको | प्रतिशतमा | ५१.७९ | ७१ |
| ५ | असर | माटोमा औसत जैविक पदार्थको मात्रा | प्रतिशतमा | ३५ | ५५ |
| ६ | असर | झाडी बुट्यान र बाँझो जमिनको | प्रतिशतमा | १०.१० | १०.१० |
| ७ | असर | पूर्णरूपमा व्यवसायिक कृषिमा प्रयोग भरुहेको जमिन | प्रतिशतामा | ८.५ | १५ |
| ८ | असर | वर्षैभरी सिंचाई सुविधा पुगेको जमिन | हेक्टर | ३,६३८ | २२,१७५ हे. |
| ९ | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | ३६३८ | १२७५० |
| १० | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी.मा | | |
| ११ | असर | व्यवसायीक कृषिमा लागेका ४० वर्ष मूनिका युवा कृषक | प्रतिशत | ६३ | ५५ |
| १२ | असर | धान उत्पादन | मे.टन | ८५६२ | १२३७४ |
| १३ | असर | मकै उत्पादन | मे.टन | ५१३७ | ८६४० |
| १४ | असर | गहुँ उत्पादन | मे.टन | ६४२२ | १०२८७ |
| १५ | असर | केरा उत्पादन | मे.टन | ४२८ | ८५० |
| १६ | असर | कफी उत्पादन | मे.टन | ० | १० |
| १७ | असर | अन्य फलफुल | मे.टन | ० | २५० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १८ | असर | आलु उत्पादन | मे.टन | ४४३ | १००० |
| १९ | असर | अन्य तरकारी उत्पादन | मे.टन | २३४ | १२०० |
| २० | असर | दुध उत्पादन | लिटर | २००० | १०००० |
| २१ | असर | तेलहन बाली | मे.टन | ४३४ | ९०० |
| २२ | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | १ | १० |
| २३ | प्रतिफल | एग्रोभेट | संख्या | १७ | ३० |
| २४ | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | १ | १० |
| २५ | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | ० | १० |
| २६ | प्रतिफल | Custom Hiring Center | संख्या | ० | १ |
| २७ | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | संख्या | ३ | १० |
| २८ | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | ० | १० |
| २९ | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिक संख्या | ० | १० |
| ३० | प्रतिफल | कृषक पाठशाला | संख्या | ० | १० |
| ३१ | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | ० | १० |
| ३२ | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | ० | १० |
| ३३ | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | ० | १०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ३४ | प्रतिफल | आधुनिक कृषि औजार तथा यन्त्र प्रायोगकर्ता | कृषक संख्या | ० | १०० |
| ३५ | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | १५ | २० |
| ३६ | प्रतिफल | सामूहिक खेतीमा संलग्न समूह | संख्या | ३३ | ५० |
| ३७ | प्रतिफल | रैथाने तर नासिने अवस्थामा पुगेका स्थानीय बाली नश्ल | संख्या | ६ | ६ |
| ३८ | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | रोपनी | ० | १०० |
| ३९ | प्रतिफल | जलवायु अनुकूलन विशेष बालीनाली | संख्या | ० | १० |
| ४० | प्रतिफल | सामुदायिक बीज बैंक | संख्या | ० | १ |
| ४१ | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | ० | १० |
| ४२ | प्रतिफल | जैविक किटनासक प्रयोगकर्ता | कृषक संख्या | ० | ५०० |
| ४३ | प्रतिफल | नगरपालिकाबाट कृषि उपज निर्यात तथा बजारीकरणका लागि दिइएको अनुदान सहायता रकम | रू लाखमा | | ५० |
| ४४ | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेट | प्रतिशत | १० | १५ |
| ४५ | प्रतिफल | बाली भित्र्याइसके पछि हुने क्षती | प्रतिशतमा | ५ | १ |
| ४६ | प्रतिफल | वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | ० | १५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ४७ | प्रतिफल | सन्तुलित मूल्य शृङ्खलामा समेटिएका कृषि उपज | संख्या | ० | १० |
| ४८ | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | ४ | ३० |
| ४९ | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | १ | १० |
| ५० | प्रतिफल | पशुधन निर्यातबाट प्राप्त रकम | लाखमा | ० | ५० |
| ५१ | प्रतिफल | पन्छीजन्य निर्यातबाट प्राप्त रकम | लाखमा | ० | ५० |
| ५२ | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लाखमा | ० | २५ |
| ५३ | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लाखमा | ० | २० |
| ५४ | प्रतिफल | कृषक समूह | संख्या | ३३ | ५० |
| ५५ | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | ० | १ |
| ५६ | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | ० | १० |
| ५७ | प्रतिफल | व्यवसायिक जाडिबुटी खेती गरिएको क्षेत्रफल जडीबुटी नर्सरी | संख्या | ० | ५ |
| ५८ | प्रतिफल | व्यवसायिक तरकारी उत्पादन गरिएको क्षेत्रफल | हेक्टर | ० | १०० |
| ५९ | प्रतिफल | कृषि सडकको पहुँचले जोडिएको कृषि क्षेत्रको | प्रतिशत | १० | २० |
| ६० | प्रतिफल | रासायनिक मल समयमा प्राप्त हुन नसकि प्रभावित कृषक | प्रतिशत | ४५ | १५ |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| ६१ | प्रतिफल | व्यवसायिक रूपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | ३५ | ५५ |
| ६२ | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | | ० | १०० |
| ६३ | प्रतिफल | केराखेतीले ओगटेको क्षेत्रफल | | ० | २०० |
| ६४ | प्रतिफल | बगर खेतीले ओगटेको क्षेत्रफल | | ० | २०० |
| ६५ | प्रतिफल | खाद्यन्न गोदाम संख्या | संख्या | ० | १ |
| ६६ | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | १५ | ५५ |
| ६७ | प्रतिफल | कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | १०० | १००० |
| ६८ | प्रतिफल | उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र संख्या | | १ | १० |
| ६९ | प्रतिफल | रैथाने पन्छी तथा पशुपालक फार्म संख्या | संख्या | ० | १० |
| ७० | प्रतिफल | घाँसेबालीले ओगटेको कृषि क्षेत्र | हेक्टरमा | ० | ३०० |
| ७१ | प्रतिफल | भेटिरिनरी भेटिरिनरी प्रयोगशाला | संख्या | १ | १० |
| ७२ | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला | संख्या वार्षिक | ० | १ |
| ७३ | प्रतिफल | माछा पोखरीले हाटबजार ओगटेको क्षेत्रफल | प्रतिशत | ० | १० |
| ७४ | प्रतिफल | मौरी घार | संख्या | ० | १००० |
| ७५ | प्रतिफल | कृषि प्राविधिक तालिम तथा अभिमुखीकरणबाट पूर्ण लाभान्वित छु भन्ने कृषक | संख्या | | १००० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **७६** | प्रतिफल | माछाका भूरा वितरण संख्या | प्रतिवर्ष | ० | १०००००० |

**अनुमान तथा जोखिम पक्ष**

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ४.२ सिंचाई

**पृष्ठभूमि**

खाद्यान्न बाली, नगदेबाली तथा जडिवुटि उत्पादनमा राम्रो सम्भावना रहेको यस नगरपालिकामा विभिन्न आयोजनाहरू सञ्चालनमा रहेका छन भने कतिपय प्रस्तावित सिँचाइ आयोजनाहरू छन । यस नगरपालिकामा कुल ४९१ हे. जमिन मा सिँचाईको सुविधा रहेको देखिन्छ । यसको उपयोग गरी कृषि क्षेत्रलाई व्यवश्थित बनाई नगरपालिकाको अर्थतन्त्र लाई बलियो बनाउन सकिन्छ । कृषिको मुख्य पूर्वाधार मानिने सिँचाइलाई यस नगरपालिकाले मुख्य प्राथमिकतामा राखी प्रस्तावित योजनाहरूमात्र पनि सफल वनाउन सके कृषि क्षेत्रमा नगरपालिकाले उपलव्धी हासिल गर्न सक्ने देखिन्छ ।

**सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू**

- पर्याप्त खोला तथा जलस्रोतको रहेकोले कुलो मार्फत नगरपालिकाको अधिकांश खेतियोग्य जमिनलाई सिंचित गर्न सकिने ।
- नगरपालिकामा रहेका खोला नालाहरू लगायतका पानीका मुहानहरूलाई संरक्षण गरी सम्भाव्यता अध्ययन तथा सिंचाई योजना निर्माणबाट कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने ।

- प्रत्येक वडामा रहेका परम्परागत सिंचाई कुलाहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने ।
- वैकल्पिक सिँचाइ थोपा सिँचाइ, फोहोरा सिँचाइ तथा प्लास्टिक पोखरी आदिबाट सिँचाइ सुविधा पुयाउन सकिने ।
- विद्युतीकरण मार्फत सिंचाई सहजीकरण गर्न सकिने ।
- लिफ्ट सिंचाई मार्फत सिचाई  खेतियोग्य जमिनलाई सिंचित गर्न सकिने ।
- एकीकृत सिंचाई कार्यक्रमको सम्भाव्यता अध्ययन गरी पानीको स्रोतको बहुउपयोग गर्न सकिने ।
- झिम्रुक नदीको पानीलाई ड्याम बनाई संकलन गरी सिंचाई गर्न सकिने ।
- कृत्रिम जलाशयहरू निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउन सकिने ।

## दुर्बल पक्ष : प्रमुख समस्याहरूर चुनौतीहरू

- उपलब्ध जलस्रोतको पूर्णरूपमा सदुपयोग हुन नसकेको ।
- परम्परागत प्रविधिमा आधारित कुलोहरूको मर्मत संभार नियमित हुन नसकेको ।
- परम्परागत सिंचाइ प्रविधिहरूको निर्माणमा पनि भौगोलिक कठिनाइका कारण निर्माण लागत उच्च रहेका ।
- आधुनिक सिंचाई परियोजनाहरू खर्चिलो भएका कारण ठुलो आकारको बजेट आवश्यकता पर्ने ।
- लिफ्ट सिचाँइ प्रणाली खर्चिलो हुने गरेको ।
- निर्माण सम्पन्न भएका सिंचाइ आयोजनाहरूको पनि नियमित मर्मत संभार हुन नसकेको ।
- वैकल्पिक सिंचाइ सुविधाको अभ्यास हुन नसकेका

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

सिचाईमा क्रान्ती, बाह्रै महिना पूर्ण सिंचाइ युक्त नगरपालिका

### लक्ष्य

खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यबस्थापन गरी उच्च प्रतिफल दिने उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने ।

### उद्देश्यहरू

१. सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुऱ्याइ कृषिमा आत्मनिर्भर हुने ।

२. सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्म्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुऱ्याइ कृषिमा आत्मनिर्भर हुने ।** | |
| १.१ परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउने | १.१.१. नगरपालिका भएर बग्ने नदी, खोला - नाला, ताल - पोखरीहरू, लगायत पानीका मुख्य स्रोतहरू र तिनका जलाधार क्षेत्रको नक्सांकन गरी विस्तृत विवरण (inventory profile) तयार गरिने छ ।<br>१.१.२. परम्परागत सिंचाई कुलाहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाइनेछ ।<br>१.१.३. सम्भाव्यता अध्ययन गरी सिंचाई संरचनाहरू क्रमश: निर्माण गर्दै सिंचाई सुविधा बढाउँदै लगिनेछ ।<br>१.१.४. सतह सिंचाईको सम्भावना नभएका स्थानमा वैकल्पिक तथा नयाँ प्रविधिमा आधारित सिंचाई जस्तै थोपा सिंचाई, फोहरा सिंचाई, वर्षातको पानी संकलन, प्लास्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याइनेछ<br>१.१.५ जलपर्यावरण र जलस्रोत संरक्षणका हिसावले अत्यन्त उपयुक्त पोखरीहरूको निर्माण र व्यवस्थापन अभियानका रूपमा सञ्चालन गरी प्रत्येक वडामा वहुउदेश्यीय नमुना पोखरी निर्माण गरिने छ । यस अभियान अन्तर्गत पोखरीहरूको पुर्नउत्थानलाई प्राथमिकता दिइने छ । |
| **उद्देश्य २: सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने ।** | |
| २.१. उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर | २.१.१. चक्लाबन्दी भएका क्षेत्र, कृषि पकेट क्षेत्र तथा निजी कृषि फर्ममा आवश्यकताको आधारमा सिंचाईको व्यवस्था गरिने छ ।<br>२.१.२. कृषि विद्युतीकरण मार्फत Lift सिंचाई प्रणाली सुदृढिकरण गरिने छ । |

| | |
|---|---|
| सिंचाई प्रणालीको विकास गर्ने । | |
| २.२. कृत्रिम जलाशयहरू निर्माण गरी वैकल्पिक सिंचाई प्रवर्द्धन गर्ने | २.२.१. प्रत्येक वडामा कृत्रिम जलाशयहरू निर्माण गरी माछापालन, सिंचाई तथा पर्यटकलाई आकर्षित गर्नका लागि सम्भाव्यता अध्ययन गरिने छ । |
| २.३ संस्थागत संरचना सुदृढीकरण गर्ने | २.३.१. मर्मत संभार कोष स्थापना गरी नियमित मर्मत संभार गर्ने व्यवस्था गरिने छ ।<br>२.३.२.पोखरी खोला तथा मुहान संरक्षणका लागि स्थानीयवासीहरूको सहभागिता सुनिश्चित गरिने छ साथै सिंचाइ उपभोक्ता समितिको क्षमता विकास गरिने छ ।<br>२.३.३. मुहानहरू संरक्षण कार्य योजना जस्तै बायो इन्जिनियरिङ्ग, पोखरी तथा हरित क्षेत्र विकास कार्यक्रम प्रत्येक वडामा सम्भाव्य क्षेत्रमा संचालन गरिने छ ।<br>२.३.४. मानवीय हस्तक्षेप तथा जलवायु परिवर्तनका कारण जलस्रोत क्षेत्रमा परेको असर न्यूनीकरण गर्ने कार्ययोजना निर्माण गरी लागू गरिने छ ।<br>२.३.५.सिंचाई आयोजना सञ्चालन र व्यवस्थापन प्रणालीलाई स्वचालित र आत्मनिर्भर बनाउनका लागि न्यूनतम उपभोगको मात्रा अनुसार सेवा शुल्क निर्धारण गरी संकलन गरिने छ ।<br>२.३.६. मुहान तथा जलाधार संरक्षणका लागि प्रत्येक घरपरिवारको सहभागिता सुनिश्चित गर्न “हामी जोनगरछौ हाम्रो मुहान” कार्यक्रमलाई अभियानका रूपमा वडास्तरमा व्यापक जागरण कार्यक्रम संचालन गरिने छ । |

सिंचाइको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १ | १.१. | १.१.१. | जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.१.२. | प्राथमिकता प्राप्त कुलोहरूको मर्मत सम्भार तथा स्तरोन्नति | संख्या | ० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | २०० | न.पा. |
| | | १.१.२. | अनुसूची १ म भएको वडा नं. १ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२. | अनुसूची १ म भएको वडा नं. २ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२. | अनुसूची १ म भएको वडा नं. ३ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२. | अनुसूची १ म भएको वडा नं. ४ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२. | अनुसूची १ म भएको वडा नं. ५ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२ | अनुसूची १ म भएको वडा नं. ६ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.२ | अनुसूची १ म भएको वडा नं. ७ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२ | अनुसूची १ म भएको वडा नं. ८ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२ | अनुसूची १ म भएको वडा नं. ९ सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२ | अनुसूची १ म भएको वडा नं. १० सिंचाइ आयोजा | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.३. | भूमिगत तथा सतह सिंचाई सम्भाव्यता अध्ययन तथा निर्माण | संख्या | ० | १ | १५०० | | ० | | ० | | ० | | ० | १५०० | न.पा. |
- नगरपालिकाबासीले आफुसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका
- नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको ।
- सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगर बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका ।
- नगरपालिकाको महिला बचत समूह तथा महिला सहकारीहरूको क्षमता अभिवृद्धि गर्ने नीति रहेको ।
- अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्ने नगरपालिकाको नीति रहेको ।
- नगरपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि, महिला तथा वचत समूहहरू सक्रिय रहेका ।
- उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको बिस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने ।
- अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई शाखा विस्तारको लागि आकर्षण गर्न सकिने ।
- स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र बिस्तार गर्न सकिने

## दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू

- बैङ्क तथा वित्तीय संस्थाहरू प्राय बजारकेन्द्रमा मात्र सीमित रहेका ।
- ग्रामीण परिवेशका कारण बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पूँजी वृद्धि हुन नसकेको ।
- सघन बजार केन्द्रहरू र वाणिज्य तथा व्यापारको समुचित विकास नभएको ।
- स-साना कुटानी पिसानी मिल्स र केही ग्रिल वर्कसप बाहेक अरु ठूला अति आवश्यक उद्योग तथा कल कारखानाहरूको स्थापना नभएको ।
- वित्तीय संस्थाहरूमा सहज र सुलभ पहुँच नहुँदा समग्र अर्थतन्त्र चलायमान हुन नसक्दा स्थानीय पूँजीको विकास कमजोर रहेको ।
- औद्योगिक पूर्वाधार, उद्योग, व्यापारिक केन्द्र र स्थानीय पूँजीको विकास गर्नुपर्ने ।

- बैंङ्क तथा वित्तीय संस्थाको स्थापना हुन नसक्दा स्थानीय लगानीकर्ता तथा पूँजीपतीको पूँजी पलायन भई ग्रामीण अर्थतन्त्र थप कमजोर बन्न सक्ने ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

आर्थिक क्षेत्रको गतिशीलतका लागि वित्तीय पहुँचमा वृद्धि

### लक्ष्य

प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने

### उद्देश्यहरू

१. बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आकर्षण गराउने ।

२. सहज कर्जा प्रवाह र बचत परिचालन मार्फत उद्योग, कृषि, पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि गराउने ।

## रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उद्देश्य १: बैङ्क तथा वित्तीय संस्थातर्फ आम सर्वसाधारणलाई आकर्षण गराउने ।** | |
| १.१ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने | १.१.१ आफ्नो नाममा बैङ्क खाता नभएका घरधुरीको पूर्ण विवरण संकलन गरिने छ ।<br>१.१.२ निजी क्षेत्रमा बैङ्कहरूसँग सहकार्य गरी इच्छुक घरधनीको घरमा घुम्ती बैङ्क खाता खोल्ने अभियान सञ्चालन गरिने छ ।<br>१.१.३ बैङ्क खाता खोल्दा हुने फाइदाका विषयमा तथा महिलालाई बैङ्क खाता खोल्न प्रोत्साहन गर्न बैङ्कसँगको सहकार्यमा स्थानीय सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम प्रशारण गरिने छ । |
| **उद्देश्य २ : सहज कर्जा प्रवाह र बचत परिचालन मार्फत उद्योग, कृषि, पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि गराउने ।** | |

| | |
|---|---|
| २.१ व्यवसायिक, उत्पादनमूलक ग्रामीण साना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने | २.१.१स्थानीय उद्यमी तथा बैङ्कहरू बीच ऋण प्रवाहमा सहजीकरण गर्न नगरपालिकाद्वारा अन्तरक्रिया गरिने छ ।<br>२.१.२ स्थानीय रोजगारी सिर्जना गर्न युवा उद्यमी र महिलाले तयार गरेको व्यवसायिक योजना, मझौला उद्योग क्षेत्र, पर्यटन वा कृषिमा लगानीका लागि ऋण प्रवाह गर्न नगरपालिका जमानत बसी ब्याजमा निश्चित प्रतिशत अनुदान प्रदान गरिने छ । |

बैङ्क तथा वित्तीय क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | बैङ्क खाता नभएका घरधुरीको लगत संकलन | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.२ | घुम्ती बैङ्किङ सेवा अभियान सञ्चालन | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.३ | महिलाको बैङ्किङ जनचेतनामूलक कार्यक्रम प्रशारण | संख्या | ० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | १ | १२०० | १२०० | न.पा. |
| | २.१ | २.१.१ | उद्यमी तथा बैङ्कहरू बीच अन्तरक्रिया सहजिकरण | संख्या | ० | १ | ३० | १ | ३० | १ | ३० | १ | ३० | १ | ३० | ३० | न.पा. |
| | | २.१.२ | युवा र महिला उद्यमीलाई मझौला उद्योगतर्फ विशेष ब्याज अनुदान | संख्या | ० | २० | ४००० | २० | ४००० | २० | ४००० | २० | ४००० | २० | ४००० | २०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- ✓ आगामी ५ वर्षमा नगरपालिकाका ८० प्रतिशतभन्दा बढी घरपरिवारका सदस्यहरूको आफ्नो नाममा बैङ्क खाता हुने छ ।
- ✓ व्यक्तिगत ऋण लिने प्रवृत्तिमा उल्लेख्य कमी आएको हुने छ ।

✓ उत्पादनशील क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको ऋण प्रवाह वृद्धि भएको हुने छ ।

**नतिजा खाका**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रतिफल | आफ्नै नाममा बैङ्क खाता भएका घरपरिवार | संख्या | | ८००० |
| २ | प्रतिफल | नगरपालिकामा विस्तार भएका वाणिज्य बैङ्कको | संख्या | ७ | १० |
| ३ | प्रतिफल | नगरपालिकामा विस्तार भएका विकास बैङ्कको | संख्या | ३ | ५ |
| ४ | प्रतिफल | नगरपालिकामा विस्तार भएका लघुवित्त | संख्या | ५ | १० |
| ५ | असर | वित्तीय सेवाको पहुँचमा रहेका घर परिवारको संख्या | संख्या | | ८००० |
| ६ | प्रतिफल | ए.टि.एम प्रयोग गर्नेको संख्या | संख्या | | १५००० |
| ७ | असर | बैङ्कबाट ऋण लिएर व्यवसायका उद्योग सञ्चालन गर्ने व्यवसायी | संख्या | | १००० |
| ८ | प्रतिफल | लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवार प्रतिशत | प्रतिशत | | ३० |
| ९ | असर | ३० मिनेटको पैदल दुरीमा बैङ्कि सेवामा पहुँच भएका परिवार | प्रतिशत | | १५ |

### अनुमान तथा जोखिम पक्ष

- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## (इ) सहकारी

### पृष्ठभूमि

समाजका सबै वर्ग र समुदायमा आर्थिक वचतको बानी विकास गराउने र सह कार्य गर्न प्रेरित गर्ने संस्थाको रूपमा सहकारीलाई लिइदै आइएको छ । ग्रामीण पूँजीको संकलन र उचित सदुपयोगमार्फत आय आर्जन गर्न सहकारीको महत्वपूर्ण भूमिका हुन्छ । राष्ट्रिय अर्थतन्त्रको ३ प्रमुख खम्बा मध्ये एक महत्वपूर्ण खम्बाको रूपमा रहेको सहकारी क्षेत्रको ग्रामीण अर्थतन्त्रको सुदृढीकरणमा मुख्य सहयोगी भूमिका हुन्छ । यस नगरपालिकामा हाल विधिवत दर्ता भई सञ्चालनमा बचत तथा ऋण सहकारी संस्था ८, बहुउद्देश्यीय ४, कृषि १०, मौरीपालन ३ गरी जम्मा २५ वटा सहकारी संस्थाहरू संचालनमा रहेका छन् । नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, दुग्ध, मौरीपालन आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- सहकारी क्षेत्रतर्फ क्रमशः जनताको आकर्षण बढ्दै गैरहेको ।
- जनतामा सानो रकम भए पनि बचत गर्नुपर्छ भन्ने चेतनाको विकास क्रमश हुदै गएको ।
- सामूहिकता र सहकार्यमार्फत आर्थिक विकासको सम्भावना रहेको ।
- सहकारीको परिचालन, नियमन, अनुगमन र खारेजीसम्बन्धी अधिकार स्थानीय सरकारलाई प्राप्त भएको ।

## दुर्बल पक्ष : प्रमुख समस्याहरू र चुनौतीहरू

- सहकारीको संख्यामा वृद्धि भए तापनि गुणात्मक विकास हुन नसकेको ।
- आर्थिक अनुशासन कायम हुन नसक्दा आम नागरिकको बचत जोखिममा पर्ने गरेको
- सहकारीहरू आफनो मूल मर्मअनुसार विकास हुन नसकेको ।
- नियामक निकायको प्रभावकारीतामा कमी रहेको ।
- सहकारीहरूको क्षेत्र विस्तारका साथै जनचेतनाको व्यापक विकास गर्नुपर्ने ।
- कृषि, उद्योग तथा व्यवसायिकता विकासमा यसको योगदान वृद्धि गर्नुपर्ने ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

सामूहिकता र सहकार्य मार्फत सबल ग्रामीण अर्थतन्त्र निर्माण ।

### लक्ष्य

सहकारीको संस्थागत विकास मार्फत आम बचतकर्ताको जीवनस्तर उकास्ने

### उद्देश्यहरू

१. सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्ने

२. सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्ने ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्ने ।** | |
| १.१ सहकारी शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने | १.१.१ स्थानीय सञ्चार माध्यमको सहयोगमा सहकारीको महत्व सम्बन्धमा नियमित जनचेतना कार्यक्रम सञ्चालन गरिने छ र सहकारी सञ्चालकहरूलाई संस्थागत क्षमता विकास गर्न संघीय तथा प्रदेश सरकारहरूको सहयोगमा क्षमता विकास अभिमुखीकरण तालिम सञ्चालन गर्ने |

| | |
|---|---|
| | १.१.२महिलाहरूलाई सहकारीतर्फ आकर्षण गर्न महिला सहकारी विस्तार उत्प्रेरणा तालिम सञ्चालन गर्ने<br>१.२.३नगरपालिकाका प्रत्येक कृषि सघन क्षेत्रलाई समेट्ने गरी कृषि सहकारी संस्था तथा दुग्ध उत्पादक किसानलाई समेट्ने दुग्ध सहकारी संस्था स्थापना गर्न समुदाय स्तरमा कृषक अन्तरक्रिया सम्पन्न गरिने छ । |
| १.२ उचित कार्यविधि तथा निर्देशिका निर्माण गरी नियमन तथा व्यवस्थापन गर्ने | १.२.१ नगरपालिकाले सहकारीको अनुमति, खारेजी तथा विघटनको पूर्ण अभिलेखिकरण गर्ने संयन्त्र तथा स्थानीय नीति, कानुन र मापदण्डको निर्माण गर्ने<br>१.२.२ सहकारीले स्थानीय अर्थतन्त्रमा पार्ने र पारेको प्रभावहरूको वस्तुगत अध्ययन गर्ने |
| **उद्देश्य २ : सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्ने ।** | |
| २.१ सहकारी नीति परिमार्जन तथा निर्माण गरी ग्रामीण अर्थतन्त्र मैत्री बनाउने । | २.१.१ सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्र जस्तै कृषि, उद्योग तथा पर्यटनमा लगानी अभिवृद्धि गर्न स्थानीय सहकारी नीति र ऐनमा आवश्यक सूधार संशोधन र परिमार्जन गरिने छ ।<br>२.१.२ अति विपन्न नागरिक तथा मजदुरहरूलाई सामूहिक बचत गर्ने बानी बसाल्न उत्प्रेरणा अभिमुखीकरण गरिने छ ।<br>२.१.३ निश्चित मापदण्डका आधारमा बचत, लगानी तथा ऋण परिचालनमा अब्बल एक सहकारीलाई वार्षिक उचित पुरस्कारको व्यवस्था गरिने छ ।<br>२.१.४ सहकारी खेतीलाई प्रोत्साहन गर्न कृषि सहकारी संस्थाको सहयोगमा व्यवसायिकता प्रबर्द्धन तालिम सञ्चालन गरिने छ ।<br>२.१.५ सहकारीसँग उद्योग र सेवा क्षेत्र विस्तार गर्ने नीति अनुरूप सहकारीमा आधारित स्थानीय उद्योग र सेवाक्षेत्रको सम्भाव्यता अध्ययन गरिने छ ।<br>२.१.५ सम्भाव्यता र लागत लाभका आधारमा सहकारी खेती वा उद्योग वा सेवा क्षेत्रमा लाग्न चाहने सहकारीका सरोकारवाला |

| | |
|---|---|
| | सदस्यहरूलाई व्यवसाय विशेष क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिने छ । |

सहकारी क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | स्थानीय सञ्चार माध्यम मार्फत सहकारी शिक्षा सञ्चार कार्यक्रम सञ्चालन | संख्या | ० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १२० | न.पा. |
| | | १.१.२ | महिला सहकारी विकास तथा विस्तार उत्प्रेरणा तालिम | संख्या | ० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ३०० | न.पा. |
| | १.२ | १.२.१ | सहकारी व्यवस्थापन कार्यविधि प्याकेज, नीति, कानुन तथा मापदण्ड निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.२.२ | सहकारीको स्थानीय अर्थतन्त्रमा पारेको प्रभाव अध्ययन | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.२.३ | कृषि सघन क्षेत्र स्तरीय कृषि सहकारी संस्था विस्तारका लागि कृषक अन्तरक्रिया कार्यक्रम | संख्या | ० | २ | ७० | २ | ७० | २ | ७० | २ | ७० | २ | ७० | ३५ | न.पा. |
| २. | २.१ | २.१.१ | उत्पादनशील क्षेत्रमा सहकारी लगानी अभिवृद्धिका लागि सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ४०० | | ० | | ० | | ० | | ० | ४०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.२ | अति विपन्न नागरीक घरधुरीलाई सहकारीमा प्रवेश गराउन बीउ पूँजी वितरण | संख्या | ० | ५० | १००० | ५० | १००० | ५० | १००० | ५० | १००० | ५० | १००० | २० | न.पा. |
| | | २.१.३ | उत्कृष्ट सहकारी पुरस्कार प्रदान | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | २.१.४ | सहकारी खेती प्रवर्द्धन तालिम | संख्या | ० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | ५०० | न.पा. |
| | | २.१.५ | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | | २.१.६ | सहकारी उद्योग तथा सेवा क्षेत्रमा जानचाहने उद्यमीलाई विशेष तालिम | संख्या | ० | २ | ४०० | २ | ४०० | २ | ४०० | २ | ४०० | २ | ४०० | २०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- सहकारीमा महिला सदस्यता संख्यामा उल्लेख्य वृद्धि हुनेछ ।
- विपन्न वर्गलाई सहकारीमा आवद्ध गर्न सहयोग पुग्नेछ ।
- सहकारी संस्थाहरूको संस्थागत र गुणात्मक विकास हुनेछ ।
- सहकारी संस्थाहरूको क्षमता विकास र सेवा विस्तार हुनेछ ।
- कृषि, उद्योग, पर्यटन तथा सेवा क्षेत्रको विकासमा सहकारीको भूमिका वृद्धि हुनेछ ।

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### पृष्ठभूमि

देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ रहेका युवाहरूको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेको खण्डमा राष्ट्रले ठुलो फड्को मार्ने निश्चित छ । नगरपालिकामा रहेका कुल जनसंख्या मध्ये १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा धेरै अर्थात् ५१.७५ प्रतिशत रहेको देखिन्छ । मानव स्रोतको हिसाबले नगरपालिका सम्पन्नताको स्तरमा रहेको छ । काम गर्न सक्ने उच्च सकिय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांस हो । जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठुलो जनसांख्यिक लाभ बोकेको यस नगरपालिकाले युवा शक्तिलाई देशमै उपयूक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ ।

नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ । जसअनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी स्पष्ट पारिएको छ । अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ र प्रदेश कानुनको अधिनमा रहि सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वय सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- नगरपालिका क्षेत्रभित्र स्थानीय स्रोत साधनको उपयोग गरी परम्परागत पेशालाई आधुनिक सिपसँग साक्षात्कार गर्न युवा लक्षित तालिम सञ्चालन गर्ने नीति लिइएको
- नगरपालिकाको नीति तथा कार्यक्रममा बेरोजगार युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्ने नीति लिइएको
- नगरपालिकामा १५ देखि ५९ उमेर समूहको जनसंख्या धेरै अर्थात् ५१.७५ प्रतिशत रहेको ।
- नगरपालिकास्तरमा युवासँग सम्बन्धित आय आर्जनका कार्यक्रमहरू, क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको ।
- युवा शक्ति नगरपालिकाको मानव संसाधनको महत्वपूर्ण स्रोत हुनु ।
- नगरपालिकाको भावी समृद्धि युवाको काँधमा रहनु
- गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी युवामैत्री, तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउन सकिने ।
- उच्च तथा प्राविधिक शिक्षाका अवसरहरू नगरपालिकामै सिर्जना गरी रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने ।
- सङ्घीयता पश्चात स्थानीयतहलाई सामाजिक सुरक्षाको अधिकार प्राप्त हुनु ।
- नेपाल सरकारले सामाजिक सुरक्षाको विषयलाई प्राथमिकता प्रदान गर्नु ।
- सामाजिक सुरक्षा वितरणको कार्यक्रम बैंकमार्फत सुरुवात हुनु ।
- सामाजिक सुरक्षा सम्बन्धी जनचेतनामा समेत वृद्धि हुनु ।
- सामाजिक सुरक्षा मौलिक हकको रूपमा स्थापित हुनु ।

### दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- नगरपालिकामा युवा लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्न नसकेको ।
- नगरपालिकाबाट स्वभाविक रूपमा ठुलो हिस्सा शिक्षा तथा रोजगारका लागि शहरी क्षेत्र तथा विदेश पलायन भइरहेको ।
- प्रधानमन्त्री युवा रोजगार कार्यक्रम आशातित रूपमा युवा आकर्षण र युवामैत्री हुन नसकेको
- युवा जनशक्तिलाई स्थानीय आवश्यकता अनुरूप यथोचित अभिमूखीकरण तथा तालिमको व्यवस्था हुन नसकेको ।

- नगरपालिकामा रहेका वेरोजगार युवाहरू निरास, निश्क्रिय भई मोबाइल, सामाजिक सञ्जाल लगायतका प्रतिफलहिन क्रियाकलापमा सम्लग्न हुने लत बढ्दै गएको ।
- कतिपय युवाहरू गलत सँगत, लागुपदार्थ सेवन, झैझगडा लगायतका कुलतमा फस्ने अवस्था रहेको ।
- नगरपालिकामा अध्ययन तथा रोजगारका लागि शहर तथा विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सिर्जना गर्न चुनौती रहेको
- नगरपालिकाका सम्पूर्ण वेरोजगार युवालाई थेग्न सक्ने गरी रोजगारीको सिर्जना गर्न चुनौती रहेको ।
- कोभिड-१९बाट प्रभावित वैदेशिक रोजगारबाट फर्किएका तथा नगरपालिकाका वेरोजगार युवालाई यथोचित सम्बोधन गर्न नसकिएको ।
- पूर्वाधारको समूचित विकास गर्न नसकिएका कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्नति गर्ने कार्य चुनौतीपूर्ण ।
- कुलतमा फसेका वा फस्ने खतरामा रहेका युवालाई रोक्ने कार्यक्रम तत्काल सञ्चालन गर्नुपर्ने चुनौती रहेको ।
- सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित समुदायमा केन्द्रित भई पूर्ण प्रभावकारी र संस्थागत हुन नसक्नु ।
- सामाजिक सुरक्षाले समेट्नु पर्ने वर्गलाई समेट्न एकीकृत सूचना प्रणालीको व्यवस्था नहुनु साथै त्यस्ता वर्ग छुट्न सक्ने अवस्था रहेको ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

"सबल, प्रतिस्पर्धि र आत्मनिर्भर युवा मानव संसाधनको निर्माण, असक्त अवस्थामा निस्चिन्तता सामाजिक सुरक्षा"

### लक्ष्य

नगरपालिकामा युवाको नेतृत्व तथा क्षमता विकासको लागि उद्यमशीलताको विकास गरी स्वरोजगार बनाउने

असक्षम र असक्त भई जीवन निर्वाह गर्न नसक्ने अवस्थाका सबैलाई राज्यद्वारा अभिभावकत्व दिने

## उद्देश्यहरू

१. श्रमशील र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्ने

२. असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सामाजिक जीवनमा निर्वाका लागि सहारा दिने ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: श्रमशील र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्ने** | |
| १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्ने | १.१.१नगरपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे स्थितिपत्र तयार पार्ने<br>१.१.२नगरपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ । |
| १.२ दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने | १.२.१युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्धदक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरूको रुचि र झुकाव अनुसार नियमित सिप विकास रोजगारी मूलक र Motivatonal तालिम सञ्चालन गरिने छ ।<br>१.२.२ समाजमा शान्ति सुव्यवस्था, आपतकालीन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्ने अभिमुखीकरण तालिम सञ्चालन गरिने छ ।<br>१.२.३गायन, वाद्यवाधन, नृत्य, कला, अभिनय आदिमा विशेष रुचि भएका युवाको पहिचान गरी वडास्तरीय सांस्कृतिक समितिमा आवद्ध गराई उनीहरूलाई विशेष तालिम प्रदान गरिने छ ।<br>१.२.४ कुनैपनि युवालाई बेरोजगार नराख्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उनीहरूलाई समेटि नगरघरमा आवश्यक अर्धदक्ष कामहरू जस्तै इलेक्ट्रिसियन, प्लम्बिङ, कृषि श्रम, निर्माण आदिका लागि विशेष तालिम सञ्चालन गरिने छ । |

| | |
|---|---|
| | १.२.५ नगरपालिकाभर सञ्चालनमा रहेका युवा क्लबहरूको अभिलेखीकरण गरी प्रत्येक क्लबलाई युवाका सरोकार समाधान गर्ने केन्द्रको रूपमा विकास गर्न एक नगरपालिका स्तरीय युवा सम्मेलनको आयोजना गरिने छ ।<br>१.२.६यस प्रकारका युवा क्लवका क्रियाकलापलाई संस्थागत रूपमा विकास गर्न केन्द्रिय स्तरमा सफल युवाहरूसँग साक्षात्कार गरी युवा क्लवलाई साधन स्रोत सम्पन्न गराइनेछ ।<br>१.२.७ कुलतमा फसेका युवाहरूको वडागत विवरण तयार पारी युवा क्लबको नेतृत्वमा सहिमार्गमा डोऱ्याउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.२.८ युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनिहरूको थप नेतृत्व विकास तथा उद्यमशील विकास तालिम सञ्चालन गरिने छ ।<br>१.२.९ जीवन निर्वाहमा चरम कठिनाइ भोगी वेरोजगार तथा अर्ध वेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.२.१० विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ । |
| **उद्देश्य २ : असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सामाजिक जीवनमा निर्वाका लागि सहारा दिने ।** | |
| २.१ सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने । | २.१.१सामाजिक सुरक्षा कार्यक्रममा समेटिने वर्गको परिभाषा र मापदण्ड संघीय र प्रादेशिक सरकारको नीति र कानुनको अधिनमा रहि निर्माण गर्ने र सो को आधारमा त्यस्ता व्यक्तिहरूको व्यक्तिगत विवरण तयार पारी सूचना प्रणालीमा आवद्ध गर्ने ।<br>२.१.२ सामाजिक सुरक्षाका प्रकारहरू निश्चित गरी आवश्यकता र संवेदनशीलताका आधारमा तहहरू छुट्याइने छ । यसरी संवेदनशीलताको तह बमोजिम सुरक्षाको प्रकार, निश्चय गरिनुका साथै मापदण्ड र विद्यमान ऐन कानुनको परिधिमा रहि सामाजिक सुरक्षाको दायरा वृद्धि गर्न स्रोतका आधारमा अध्ययन गरिने छ ।<br>२.१.३योगदानमा आधारित सामाजिक सुरक्षाव्यवस्था लागू गर्न आवश्यक तयारी अध्ययन गरिने छ । |

| | |
|---|---|
| | २.१.४ निजी र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक तथा अन्य जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध गर्न निजी क्षेत्रसँग अन्तरक्रिया गरिने छ ।<br>२.१.५ सामाजिक सुरक्षाका विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.१.६हाल संचालनमा रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरुको सेवा प्रवाहमा रहेको प्रभावकारीता अध्ययन गरी विवरण प्रकाशन गरिने छ ।<br>२.१.७ प्रभावकारीता अध्ययन प्रतिवेदनको आधारमा आवश्यक सुधारहरू गरिने छ । |

युवा मानव संसाधन श्रम तथा रोजगारको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | युवा स्थितिपत्र तयार पार्ने | संख्या | ० | १ | ६०० | | ० | | ० | | ० | | ० | ६०० | न.पा. |
| | | १.१.२ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार पार्ने | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | १.२ | १.२.१ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | संख्या | ० | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | २५० | न.पा. |
| | | १.२.२ | युवा स्वयंसेवा दस्ता तालिम | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.२.३ | युवा कलाकारीता तालिम | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.२.४ | प्रधानमन्त्री रोजगार विशेष तालिम | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.२.५ | नगरपालिकास्तरीय युवा सम्मेलनको आयोजना गरिने छ। | संख्या | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १००० | न.पा. |
| | | १.२.६ | युवा क्लवका क्रियाकलापलाई संस्थागत रुपमा विकास गर्न केन्द्रिय स्तरमा सफल | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | युवाहरूसँग साक्षात्कार गर्ने | | | | | | | | | | | | | | |
| | | १.२.७ | कुलतमा फसेका युवाहरूको वडागत विवरण तयार पारी युवा क्लबको नेतृत्वमा सहिमार्गमा डोचाउन अभिमुखीकरण कार्यक्रम सञ्चालन | संख्या | ० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | ५० | न.पा. |
| | | १.२.८ | युवा उद्यमीहरूको वडागत विवरण सङ्कलन गरी उनिहरूको थप नेतृत्व विकास तथा उद्यमशील विकास तालिम सञ्चालन | संख्या | ० | १० | ३००० | १० | ३००० | १० | ३००० | १० | ३००० | १० | ३००० | ३०० | न.पा. |
| | | १.२.९ | वेरोजगार तथा अर्ध वेरोजगार युवाहरूलाई माथी उठाउन वस्तुगत युवा उत्थान तथा सवलिकरण कार्यक्रम सञ्चालन | संख्या | ० | ५० | ५००० | ५० | ५००० | ५० | ५००० | ५० | ५००० | ५० | ५००० | १०० | न.पा. |
| | | १.२.१० | विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम सञ्चालन | संख्या | ० | ५० | ५००० | ५० | ५००० | ५० | ५००० | ५० | ५००० | ५० | ५००० | १०० | न.पा. |
| २. | २.१ | २.१.१ | सामाजिक सुरक्षा तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.१.२ | सामाजिक सुरक्षाका प्रकृति र तहहरूको निर्क्यौल गर्ने र दायरा वृद्धि गर्न अध्ययन | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | | २.१.३ | योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्थित गर्न तयारी | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | २.१.४ | अनौपचारिक तथा निजी क्षेत्रमा जनशक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षामा संलग्न गराउन तयारी तथा अन्तरक्रिया | संख्या | ० | १ | ३५ | १ | ३५ | १ | ३५ | १ | ३५ | १ | ३५ | ३५ | न.पा. |
| | | २.१.५ | जनचेतनामूलक कार्यक्रम संचालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | २.१.६ | सामाजिक सुरक्षाका कार्यक्रमहरुको प्रभावकारीता अध्ययन गरी विवरण प्रकाशन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | २.१.७ | सामाजिक सुरक्षा सुधार कार्यक्रम | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |

**अपेक्षित उपलब्धि तथा नतिजा खाका**

- ✓ सिपयुक्त अर्धदक्ष र दक्ष मानव संसाधनको विकास हुनेछ ।
- ✓ बेरोजगार युवाको जनसंख्यामा उल्लेख्य कमी आएको हुनेछ ।

- ✓ नागरिकहरूमा सामाजिक सुरक्षापाउनु मौलिक हक हो र यसमा सक्रिय जीवनमा सहयोग गर्नुपर्छ भन्ने जनचेतनाको विकास हुनेछ ।
- ✓ असक्षम, असक्त र असहाय अवस्थाका सबै नागरिकलाई राज्यले सामाजिक सुरक्षाको सहारा सुनिश्चित गरेको हुनेछ ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **६.** | **युवा श्रम तथा रोजगार** | | | | |
| **१** | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | १४.३ | १० |
| **२** | असर | पुरुष बेरोजगार युवा | प्रतिशत | १५.७ | १० |
| **३** | असर | महिला बेरोजगार युवा | प्रतिशत | १५ | १० |
| **४** | असर | रोजगार युवा (प्रतिशत) | प्रतिशत | ८५ | ९० |
| **५** | असर | पुरुष रोजगार युवा | प्रतिशत | ८४.३ | ९० |
| **६** | असर | महिला रोजगार युवा | प्रतिशत | ८५.७ | ९० |
| **७** | असर | न्यूनतम रोजगारीका लागि विदेशिने युवाहरू | प्रतिशत | १२ | ५ |
| **८** | प्रतिफल | आफ्नै स्वामित्वमा उद्योग भएका युवा उद्यमीहरूको | संख्या | ३० | २०० |
| **९** | प्रतिफल | महिला युवा उद्यमीहरूको | संख्या | ४५ | ३०० |
| **१०** | असर | दुर्व्यसनमा फसेका युवा | प्रतिशत | ५ | ० |
| **११** | प्रतिफल | जटिल प्रकारका रोगबाट ग्रसित युवा | संख्या | १ | ० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१२** | प्रतिफल | अपराधिक कार्यमा संलग्न युवा | संख्या | | ० |
| **१३** | प्रतिफल | राष्ट्रिय रूपमा ख्याती प्राप्त युवा (कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | १ | १० |
| **१४** | असर | सामाजिक सुरक्षा प्राप्त व्यक्ति | प्रतिशत | १०० | १०० |
| **१५** | असर | योगदानमा आधारित सामाजिक सुरक्षामा समेटिएको जनसंख्या | प्रतिशत | १०० | १०० |

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ४.६ भूमि व्यवस्थापन (भू-उपयोग)

### पृष्ठभूमि

समुद्री सतहबाट ५४१ मि.देखि २४२६ मि. को उचाईमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल १२८.९६ व.कि.मी. रहेको छ। यो नगरपालिका मध्य पहाडि खण्डमा रहेको छ। झिमरुक नदी तथा यसका सहायक नदीको तटीय क्षेत्रको रूपमा होचा बेसी क्षेत्रहरू पनि पर्याप्त रहेका छन। पहाडी क्षेत्रमा पर्ने नगरपालिकाको ३९.९९ प्रतिशत भूभाग खेतियोग्य जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा केही सहरीकरणको प्रभाव, जनसंख्या वृद्धि र बाँझो रहने साथै भू- खण्डीकरण बढेको छ। जंगल तथा जलाधार क्षेत्रको प्रचुरता भएको यस नगरपालिका भएर परिसरमा सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरू बग्ने गर्दछन्। कुल क्षेत्रफल मध्ये वन जङगल र बुट्यानले उल्लेख्य भाग अर्थात् ५४.७८ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको छ भने ०.७८ वर्ग कि. मि. जलक्षेत्रले ओगटेको छ। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, रहर आदि हुन्। वातावरणीय संवेदनशीलताको हिसाबले यस नगरपालिकाको सडक छेउमा पहिरो जाने गरेको साथै तटीय क्षेत्रमा जमिन कटानको समेत जोखिम रहेको छ। व्यवस्थित र वैज्ञानिक भू-उपयोग योजना साथै जोखिम नक्सा निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत यस नगरपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिन्छ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- पहाडी क्षेत्र भए तापनि जमिनमा उर्वराशक्ति राम्रो रहेको।
- वन जङल क्षेत्रले आधा जस्तै जग्गा अर्थात् ४२.४८ प्रतिशत भू-भाग ओगटेको।
- झिमरुक नदीको जलभण्डार झिमरुक फाँट क्षेत्रको लागि पर्याप्त रहेको।
- जडिवुटी, फलफूल र मसलाजन्य पदार्थको उत्पादनको राम्रो सम्भावना रहेको।
- भूमिको वैज्ञानिक र दिगो सदुपयोग मार्फत दीर्घकालीन समृद्धि हासिल गर्न सकिने।
- स्थानीय तहमा भूमि व्यवस्थापन सम्बन्धी अधिकार रहेको।
- भूकम्प प्रतिरोधात्मक घर निर्माण गरी वस्ती बसाउन सकिने।

### दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- विभिन्न वडाहरूका विभिन्न स्थानमा हिउँदमा समेत धुले पहिरो जाने गरेको।

- जमिनको पूर्ण र वैज्ञानिक सदुपयोग हुन नसकेको ।
- जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने चुनौती रहेको ।
- एकीकृत वस्ती विकास र वस्ती व्यवस्थापन गर्न ठुलो आकारको बजेटको आवश्यकता पर्ने ।
- उच्च भू-भागमा माटोको तापक्रम कम रहने तथा भिरालोपन भएकोले माटो सजिलैसँग बग्ने गरेको
- स्थानीयले लामो समयदेखि बसोवास गर्दै आएको वस्ती स्थानान्तरणका लागि सहमत हुन नसकेको ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

भू-स्रोतको पूर्ण सदुपयोग मार्फत आर्थिक समृद्धि

### लक्ष्य

वैज्ञानिक पद्धति मार्फत भू-उपयोग योजना लागू गरी भूमिलाई आर्थिक विकासको आधार बनाउने

### उद्देश्य

१. खेतीयोग्य जमिनको वैज्ञानिक पद्धति मार्फत पूर्ण सदुपयोग गर्ने

## रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उद्देश्य १ : खेतीयोग्य जमिनको वैज्ञानिक पद्धति मार्फत पूर्ण सदुपयोग गर्ने ।** | |
| १.१ राष्ट्रिय र प्रादेशिक भू-उपयोग नीति अनुरूप स्थानीय भू-उपयोग योजना र कृषि नीति निर्माण गर्ने । | १.१.१ नगरपालिकाको जमिनलाई भू-उपयोग योजना अनुरूप वर्गीकरण गरिने छ ।<br>१.१.२ नगरपालिका भित्र रहेको सबै प्रकारको जग्गाको पूर्णरूपमा लगत संकलन गरी व्यक्तिगत, सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार पारि भूमि प्रशासन प्रणालीमा आवद्ध गरिने छ । |

| | |
|---|---|
| | १.१.३ नगरपालिकामा उपलब्ध सिंचित र असिंचित जमिनको लगत तयार गरी कृषि योग्य जग्गाको सदुपयोग भए नभएको तथ्याङ्क अद्यावधिक हुने संयन्त्र निर्माण गरिने छ। |
| १.२ खेती गर्न इच्छुक तर आफ्नो जमिन नभएका कृषकहरूको लगत संकलन गर्ने | १.२.१ भूमि बैङ्कको स्थापना गरिने छ।<br>१.२.२ करारमा खेती गर्न इच्छुक कृषकलाई आवश्यक जमिन उपलब्ध गराइने छ।<br>१.२.३ सामूहिक खेती प्रोत्साहन गर्न संभाव्यता अध्ययन तथा कृषक अभिमुखीकरण गरिने छ। |
| १.३ जग्गा बाँझो राख्ने कृषकको लगत संकलन गर्ने | १.३.१ जग्गा बाँझो राख्न नपाउने नीति अबलम्बन गरी जमिन बाँझो राख्ने जग्गा धनीलाई भूमिकरमा निश्चित प्रतिशतले बढी लिने नियम लागू गरिने छ। |
| १.४ जग्गा चक्लाबन्दी गर्ने | १.४.१ नगरपालिकाभर जग्गा चक्लाबन्दी गर्न चाहने कृषकहरूको विवरण संकलन गरिने छ<br>१.४.२ जग्गा चक्लाबन्दी गर्न चाहने कृषकहरूलाई अभिमुखीकरण गरीनेछ<br>१.४.३ सामूहिक खेती गर्न चाहने कृषकहरू पहिचान गरी कृषक समूह गठन गरिने छ<br>१.४.४ यस्ता सामूहिक खेती गर्न चाहने कृषकलाई कृषि सहकारीसँग आवद्ध गरिने छ।<br>१.४.५ चक्लाबन्दी गरी सामूहिक खेती गर्न चाहने कृषकलाई मापदण्डका आधारमा मल, वीउ, ज्ञान, सिप, प्रविधि र अन्य कृषि सामग्रीमा निश्चित प्रतिशत अनुदान दिई प्रोत्साहन गरिने छ। |

भूमि व्यवस्थापन (भू-उपयोग) को विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | नगरपालिका भू-उपयोग योजना निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.२ | भूमि अभिलेख प्रणाली निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.३ | सिंचित, असिंचित, बाँझो तथा खेती भएको जमिनको अद्यावधिक तथ्याङ्क प्रणाली निर्माण | संख्या | ० | १ | ४०० | | ० | | ० | | ० | | ० | ४०० | न.पा. |
| | १.२ | १.२.१ | भूमि बैङ्क स्थापना | संख्या | ० | १ | २५०० | | ० | | ० | | ० | | ० | २५०० | न.पा. |
| | | १.२.२ | करार खेतीका लागि इच्छुक कृषक लगत संकलन | संख्या | ० | १ | ४०० | | ० | | ० | | ० | | ० | ४०० | न.पा. |
| | | १.२.३ | सामूहिक खेती अभिमुखिकारण तथा तालिम | संख्या | ० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | २०० | न.पा. |
| | १.३ | १.३.१ | खेतीयोग्य क्षेत्र बाँझो रहन नदिन कार्ययोजना निर्माण | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | १.४ | १.४.१ | जग्गा चक्लाबन्दी गर्ने कृषकको लगत संकलन | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.४.२ | जग्गा चक्लाबन्दी अभिमुखीकरण कार्यक्रम | संख्या | ० | १० | ५०० | | ० | | ० | | ० | | ० | ५० | न.पा. |
| | | १. ४.३ | जग्गा चक्लाबन्दी गर्ने कृषक समूह गठन | संख्या | ० | १० | २०० | | ० | | ० | | ० | | ० | २० | न.पा. |
| | | १.४.३ | कृषक समूह तथा कृषि सहकारी बिच अन्तरक्रिया | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा. |
| | | १.४.४ | चक्लाबन्दी तथा सामूहिक खेती गर्ने कृषकलाई अनुदान | संख्या | ० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | ५०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- नगरपालिकामा उपलब्ध्ध खेतीयोग्य जमिनको वैज्ञानिक र पुर्ण सदुपयोग भएको हुनेछ ।

### अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन ।
- कामको थालनीपश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ४.७ गरिबी निवारण

### पृष्ठभूमि

वि.स. २०१३ साल देखि नेपालले आवधिक योजना निर्माण सुरु गरे देखि हालसम्मका पन्ध्र ओटा आवधिक योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्धाको रूपमा गरिबी निवारण रहेको छ । हरेक योजनाहरूले अति महत्व दिएपनि गरिबी निवारणमा भने आशातित सफलता हासिल गर्न सकिएको छैन । दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने रहेको छ भने राष्ट्रिय लक्ष्य कुल जनसंख्याको ५ प्रतिशतमा सीमित गर्ने रहेको छ ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- गरिबी निवारणका कार्यक्रम तथा योजना तर्जुमा गर्ने अधिकार स्थानीयतहको सरकारलाई प्राप्त भएकोले बास्तविक गरिब पहिचान गरी त्यसको निराकरण गर्न सहज हुने ।
- खेतीयोग्य उर्वर जमिन पर्याप्त भएको, पर्यटन तथा उद्योगहरूको सम्भावना रहेकोले गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्ने अवसरहरू रहेको ।
- स्थानीय तहमै रोजगार सेवा केन्द्रको प्रबन्ध र सदृढिकरण गर्ने नीति लिइएको ।
- नगरपालिकाले गरिबी निवारणलाई प्राथमिक दिएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता राष्ट्रिय नीतिहरू कार्यान्वयनमा आएको ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सिपलाई गरिबी निवारणमा सदुपयोग गर्न सकिने ।

- रोजगारी सिर्जना, सिपमूलक तालिम आदिमा नगरपालिकाले प्रत्यक्ष सहयोग गर्न सक्ने वैज्ञानिक र नीतिगत आधार तयार भएको ।

## दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- वास्तविक गरिबको पहिचान हुन नसकेको
- सरकारको मूल कार्यक्रमहरूमा गरिब परिवारको वास्तविक पहुँच पुग्न नसकेको ।
- कृषि, उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमुखी हुने गरेको
- शिक्षा र जनचेतनामा कमी रहेकोले गरिबी घटाउन कठिन र चुनौतीपूर्ण रहेको
- युवाहरू अवसर नपाएर विदेश पलायन हुनुपरेको ।
- विगतका गरिबी निवारणका कार्यक्रमहरू वास्तविक रूपमा प्रभावकारी हुन नसकेको
- श्रम र सबै प्रकृतीको कामको सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको ।
- रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसकेको

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

ज्ञान, सिप र उद्यमशीलताको विकास गरी गरिबी न्युनिकरण गर्ने

### लक्ष्य

आगामी पाँच वर्षमा हालको गरिबीलाई पचास प्रतिशत कम गर्ने

### उद्देश्यहरू

१. निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने | १.१.१ नगरपालिका भर गरिबीको परिभाषा भित्र पर्ने परिवार वा व्यक्तिको वास्तविक सूचना संकलन र अद्यावधिक गरिने छ ।<br>१.१.२ बेरोजगारको तथ्याङ्क संकलन र अद्यावधिक गरिने छ । |

| | |
|---|---|
| | १.१.३ गरिबीका प्रमुख कारण र गरिबीको सघनता भएका क्षेत्रहरूको पहिचान गरिने छ। |
| १.२ सामाजिक सुरक्षाकार्यक्रम सञ्चालन गर्न | १.२.१ निरपेक्ष गरिबीमा रहेको जनसंख्या लक्षित पोषण तथा खाद्य सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिने छ।<br>१.२.२ नगरपालिकाको अनुदानमा लक्षित गरिब घरपरिवारको स्वास्थ्य बिमा गरिने छ।<br>१.२.३ गरिब आवास कार्यक्रम सञ्चालन गरिने छ।<br>१.२.४ नगरपालिकाभर रहेका असक्त, असहाय, फकिर तथा सडक मानवहरूको तथ्याङ्क संकलन गरिने छ।<br>१.२.५ असक्त, असहाय तथा बेसहाराहरूलाई आश्रय स्थल तथा पोषणको प्रबन्ध गरिने छ। |
| १.३ विपन्न लक्षित सिपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने | १.३.१ प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न स्थापित रोजगार सेवा केन्द्रलाई सक्रिय बनाई नगरपालिकामा निरन्तर सिर्जना हुन सक्ने रोजगारका क्षेत्रका बारे सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरिने छ।<br>१.३.२ कृषि क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गर्न दक्ष कृषि श्रमिक स्रोत केन्द्र स्थापना गरिने छ।<br>१.३.३ कृषि श्रमिकहरूलाई सिपमूलक तालिम प्रदान गरिने छ।<br>१.३.४ बेरोजगार युवाहरूको लगत संकलन गरी उनीहरूको रुचि र क्षमता पहिचान गरी सोही अनुसार तालिम प्रदान गरिने छ।<br>१.३.५ रोजगार सेवा केन्द्रको अगुवाइमा Job bank को स्थापना गर्न नियमित अध्ययन र अनुसन्धान गरिने छ।<br>१.३.६ रोजगारी सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त हुने सूचना प्रविधि संयन्त्रको निर्माण गरिने छ।<br>१.३.७ विपन्न लक्षित करार खेती प्रणाली विकास गर्न भूमि बैङ्क स्थापना गरिने छ। |

| | |
|---|---|
| | १.३.८ अति विपन्न परिवारका सदस्यहरूलाई घरेलु तथा कुटिर उद्योग सञ्चालन गर्न शुन्य प्रतिशत ब्याजमा मापदण्डका आधारमा अनुदान प्रदान गरिने छ । |

गरिबी निवारणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | गरिब परिवार पहिचान सूचना संकलन | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.१.२ | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.१.३ | गरिबीका प्रमुख विशिष्टिकृत कारणहरूको अध्ययन गर्ने | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | १.२ | १.२.१ | गरिब लक्षित पोषण तथा खाद्य सुरक्षाकार्यक्रम | संख्या | ० | १० | ३००० | १० | ३००० | १० | ३००० | १० | ३००० | १० | ३००० | ३०० | न.पा. |
| | | १.२.२ | विपन्न परीवार स्वास्थ्य बिमा कार्यक्रम | संख्या | ० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | २०० | न.पा. |
| | | १.२.३ | विपन्न नागरीक आवास कार्यक्रम | संख्या | ० | ५० | १२५०० | ५० | १२५०० | ५० | १२५०० | ५० | १२५०० | ५० | १२५०० | २५० | न.पा. |
| | | १.२.४ | अशक्त, असहाय, बेसहारा सडक मानव तथ्याङ्क संकलन | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | | १.२.५ | बेसहारा आश्रयस्थान निर्माण | संख्या | ० | | ० | १ | १०००० | | ० | | ० | | ० | १०००० | न.पा. |
| | १.३ | १.३.१ | रोजगार सेवा केन्द्रद्वारा रोजगारीका क्षेत्र | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिचान गर्न सम्भाव्यता अध्ययन | | | | | | | | | | | | | | |
| | | १.३.२ | दक्ष कृषि श्रमिक स्रोतकेन्द्र स्थापना | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | | १.३.३ | कृषि श्रमिक सिपमूलक तालिम | संख्या | ० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | २०० | न.पा. |
| | | १.३.४ | बेरोजगारलाई रुचि अनुसार तालिम सञ्चालन | संख्या | ० | १० | १५०० | १० | १५०० | १० | १५०० | १० | १५०० | १० | १५०० | १५० | न.पा. |
| | | १.३.५ | Job Bank को स्थापना गर्न अध्ययन | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | | १.३.६ | Job Information Software निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.३.७ | विपन्न लक्षित विषेश भूमि बैङ्क स्थापना | संख्या | ० | | ० | १ | ५००० | | ० | | ० | | ० | ५००० | न.पा. |
| | | १.३.८ | अति विपन्न परीवार लक्षित उद्यमी अनुदान | संख्या | ० | ५० | २५०० | ५० | २५०० | ५० | २५०० | ५० | २५०० | ५० | २५०० | ५० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- ✓ आफ्नो आम्दानीले बाह्र महिना खान नपुग्ने परिवार संख्या हालकोबाट ५० प्रतिशत कम हुनेछ ।
- ✓ रोजगारीका अवसरहरू सिर्जना हुनेछन् ।
- ✓ गरिब घरपरिवारको जीवनस्तर सुधार हुनेछ ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १ | प्रभाव | गरिबीको रेखामुनि रहेको परीवार | प्रतिशत | १८.२ | १० |
| २ | प्रभाव | बहुआयामिक गरिबीको दर | प्रतिशत | २९.९ | १५ |
| ३ | प्रभाव | बेरोजगारी दर | प्रतिशत | १४.३ | १० |
| ४ | प्रतिफल | गरिब लक्षित कार्यक्रमबाट प्रत्यक्ष लाभ लिने घरपरिवार | संख्या | ३०० | १००० |
| ५ | प्रतिफल | भूमिहिन तर करार खेतीबाट लाभन्वित घरपरिवार | संख्या | ० | ५०० |
| ६ | प्रतिफल | आयमूलक सिप विकास तालिमद्वारा लाभान्वित घरपरिवार | संख्या | ० | ३०० |
| ७ | असर | अशक्त, असहाय, बेसहारा आश्रयस्थलमा समेटिने | संख्या | ० | २०० |
| ८ | प्रतिफल | स्वास्थ्य बिमाबाट सूरक्षित गरिएका विपन्न परिवार | संख्या | ० | ५००० |

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# परिच्छेद ५ : सामाजिक विकासको अवस्था

## ५.१ स्वास्थ्य तथा पोषण

### पृष्ठभूमि

आम नागरिकको स्वास्थ्य र देशको समग्र विकास बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकाङ्कहरूको रूपमा लिइन्छ । विगतका दशकमा गरिबी र द्वन्द्वका बावजुद पनि नेपालले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको पाइन्छ । नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा सङ्क्रामक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई वाञ्छित तहसम्म घटाउनु, कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, हरेक समुदाय र वर्गलाई गुणस्तरीय र निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो । यसका लागि पालिकास्तरमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ ।

स्वास्थ्य पूर्वाधार र सेवा प्रवाहको दृष्टिकोणले प्युठान नगरपालिका सन्तोषजनक अवस्थामा रहेको छ । हाल नगरपालिका भित्र ५० शैयाको जिल्ला अस्पताल १, स्वास्थ्य चौकीहरु ६ वटा, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु ४ वटा, शहरी स्वास्थ्य केन्द्रहरु २ वटा, ४१ वटा खोप केन्द्र, २३ वटा गाउँघर क्लिनिक र ६९ जना सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु, निजी अस्पताल १ र केहि क्लिनिक तथा पोलिक्लिनिकहरुबाट स्वास्थ्य सेवाहरु प्रदान गर्दै आएको भएतापनि नगर क्षेत्र भित्र दुर्गम तथा भौगोलिक विकटता, सबै सिजनमा स्वास्थ्य संस्थामा पुग्न बाटो सहज नहुनु, पिछडिएको समुदाय, गरीबी, अशिक्षा, प्रयाप्त भौतिक पूर्वाधारको अभाव, स्वास्थ्य क्षेत्रमा प्रयाप्त लगानीको कमिले गर्दा अझैपनि बहुसंख्यक नगरबासीहरुले स्वास्थ्य सेवा लिनबाट पछाडी परेको हुँदा कुपोषण, मातृमृत्यु, नसर्ने रोगहरुको बढ्दो प्रकोप, घरैमा सुत्केरी गराउने प्रचलन, कोभिड १९ को प्रकोप लगाएत गरीबीको कारणले मानसिक स्वास्थ्य समस्या देखापर्नु, विद्यमान रितिरिवाज, चालचलन तथा संस्कारले स्वास्थ्यमा प्रत्येक्ष असर गर्नु, अझैपनि धामीझाँक्रीहरु प्रति विश्वास गर्नु तथा विविध प्रकारका तत्वहरुका कारणले गर्दा स्वास्थ्य सेवामा कमि आउने गरेको देखिएको छ । नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरूलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

| क. स. | संस्था | संख्या |
|---|---|---|
| १ | जिल्ला अस्पताल | १ |
| २ | स्वास्थ्य चौकी | ६ |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | ४ |
| ४ | शहरी स्वास्थ्य केन्द्र | २ |
| ५ | खोप केन्द्र | ४१ |
| ६ | गाँउघर क्लिनिक | २३ |
| ७ | चौविसै घण्टा प्रसुती सेवा भएका स्वास्थ्य संस्था | ११ |
| ८ | सुरक्षित गर्भपतन भएका स्वास्थ्य संस्था | १ |
| ९ | किशोर किशोरी मैत्री भएका स्वास्थ्य संस्था | ११ |
| १० | महिला स्वास्थ्य स्वयम सेविका | ६९ |
| ११ | प्रस्तावित नरेन्द्र गायत्री आँखा उपचार केन्द्र विजुवार | १ |
| १२ | सामुदायिक स्वास्थ्य इकाई | २ |
| १३ | निजी अस्पताल | १ |

स्रोत : प्युठान नगरपालिकाको स्वास्थ्य नीति तथा पञ्च वर्षिय रणनीतक योजना, २०७९

सबै वडामा स्वास्थ्य स्वयमसेविका मार्फत परिवार नियोजन सेवा, प्रजनन तथा प्रसुती सेवा तथा पोषण सेवा सञ्चालनमा रहेका छन भने स्वास्थ्य सूचना सञ्चार तथा प्रचार प्रसारलाई निरन्तर अगाडि बढाइएको छ। नगरपालिकामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध भए तापनि उच्च स्वास्थ्य सेवाको लागि नगरपालिकाको योजना रहेको छ।

**सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू**

- नगरपालिकामा एउटा जिल्ला अस्पताल, ६ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, २ वटा शहरी स्वास्थ्य केन्द्र रहेका।
- सबै वडाहरूमा खोप केन्द्रहरू, नगरघर क्लिनिक तथा सामुदायिक स्वास्थ्य इकाइहरू रहेका र नियमित रुपमा सञ्चालन भइरहेको।
- नगरपालिकाका सबै वडाहरू पूर्ण खोप सुनिश्चितलाई दिगोपनाका लागि निरन्तरता दिइरहेको।

- प्युठान नगरपालिकाको प्रतिवद्धता, स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुचको सुनिश्चितता भन्ने नारालाई आत्मसात गरिएको ।
- नगरपालिकाबासीको आधारभूत स्वास्थ्य सेवाका लागि उपलब्ध हुने निःशुल्क औषधिको सहज व्यवस्थापन तथा समूचित वितरणको सुनिश्चितता गरिएको ।
- स्थानीय तहले स्वास्थ्य सम्वन्धी निति तथा रणनितिहरु तयार गर्ने जिम्मेवारी पाउनु ।
- नगरपालिकामा ६९ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरू रहेका ।
- वार्षिक नीति तथा कार्यक्रममा अस्पताल निर्माण, महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई प्रोत्साहन भत्ता तथा पोषण सुधार गर्ने नीति लिइएको ।
- सबै स्वास्थ्य संस्था तथा नगरपालिकाबाट निस्कने फोहोरमैलाको प्रबन्ध गर्न कुहिने र नकुहिने फोहोर अलग्याई उचित व्यवस्थापनको प्रबन्ध भइरहेको ।
- स्वास्थ्य क्षेत्रमा प्रभावकारी र आवश्यक सेवा सञ्चालन तथा विस्तारको लागि नगरपालिकाद्वारा स्वास्थ्य नीति तथा रणनीतिक योजना (२०७८ देखि २०८३) निर्माण भएको ।
- निःशुल्क वितरण गरिने सबैखाले औषधीको सहज आपूर्तिको व्यवस्था गरिएको ।
- विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने ।
- गर्भवती जाँच उत्प्रेरणा र आमा समूह स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य सँस्थामा बर्थिङ् सेन्टरहरू निर्माण गरी सेवा प्रदान गर्न सकिने ।
- एक सुविधासम्पन्न अस्पताल स्थापना गरी नगरपालिकाबासीलाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सकिने ।
- आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य सेवा केन्द्र निर्माण गरी नगरपालिकाबासीमा स्वास्थ्य सेवाको पहुँच विकास गर्न सकिने ।
- संस्थागत सुत्केरी हुने आमाहरुलाई ३ र ७ दिनमा घरमै जाँच हुने व्यवस्था मिलाएको ।
- स्वास्थ्य संस्थामा सुत्केरीहुन आउने आमाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा ।
- ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरैमा गई उपचार गरेको साथै निःशूल्क आँखा उपचारको व्यवस्था भएको ।
- महिला स्वास्थ्य स्वयंसेवीकालाई थप तथा सबलीकरण गर्न उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेवीकालाई सम्मान गर्ने कार्यक्रम सन्चालन गर्न सकिने ।
- विपद कोष स्थापना भएको ।

## दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- आपतकालीन ठुलो स्तरको उपचार सेवाको कमी ।
- जटिल रोगको उपचार तथा शल्यक्रिया सेवा आदि उपलब्ध नभएको ।
- सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव साथै विज्ञ डाक्टरहरू लामो समय सेवा गर्ने वातावरणको सिर्जना गर्नपर्ने ।
- स्वास्थ्य चेतनाको कमीका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने ।
- समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठुलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने ।
- स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने ।
- आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठुलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको ।
- कतिपय निजी औषधी पसलले बिना प्रेस्क्रिप्सन औषधी बेच्ने प्रचलन माथि नगरपालिकाले निगरानी गर्नुपर्ने ।
- सबै खोपकेन्द्र तथा गाउँघर क्लिनिकहरुको भवनहरु निर्माण हुन नसकेको ।
- धेरै स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसार भौतिक पूर्वाधारको व्यवस्था नभएको ।
- सबै वडामा वर्थिङ सेन्टर सेवा विस्तार गर्न नसकिएको ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा जनशक्तिको कमि ।
- जनसंख्या अनुसार स्वास्थ्यकर्मिहरुको दरवन्दी कमि ।
- सबै जनशक्तिहरुले तालिम पाउन नसक्नु ।
- स्वास्थ्य प्रोफाइल तयार नहुनु ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

स्वस्थ नगरको लागि सचेत, स्वस्थ र सुखी नागरिक

## लक्ष्य

साधन श्रोतको अधिकतम एवम् प्रभावकारी रुपमा परिचालन गरि समतामूलक सुदृढ स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरी नगरवासीको स्वास्थ्य स्थितीमा सुधार ल्याउने ।

## उद्देश्यहरू

१. आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका भित्र नागरिकहरुले सहज, सुलभ, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रयोग गर्न सक्ने गरी पहुँचमा बृद्धि गर्ने ।

२. स्वस्थ जीवनशैली, स्वास्थ्य प्रवर्द्धन, सकारात्मक व्यवहार परिवर्तन गर्न अनकुल वातावरण सृजना गर्ने ।

३. आकस्मिक तथा विपद् व्यवस्थापन गर्न आपतकालिन कोष मार्फत स्वास्थ्य सेवा प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका भित्र नागरिकहरुले सहज, सुलभ, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रयोग गर्न सक्ने गरी पहुँचमा बृद्धि गर्ने ।** | |
| | | ५.१.५ | विज्ञान र प्रविधि सम्बन्ध वैज्ञानिकहरूसँग साक्षात्कार कार्यक्रम | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | ५.१.६ | औपचारिक शिक्षा भन्दा वाहिर रहि विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरूपहिचान | संख्या | ० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- ✓ निरक्षरता शुन्यमा झर्नेछ ।
- ✓ आधारभूत शैक्षिक पूर्वाधारको प्रबन्ध हुनेछ ।
- ✓ आधारभूत शिक्षा सबैका लागि अनिवार्य र निशूल्क हुनेछ ।
- ✓ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ ।
- ✓ राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा उपलब्ध हुनेछ ।
- ✓ नैतिकता, राष्ट्रप्रेम र मानव मूल्यमा आधारित शिक्षाको विकास हुनेछ ।
- ✓ विज्ञान र प्रविधिमा युवाहरूको आकर्षण बढ्ने छ ।

# नतिजा खाका

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१.** | **शिक्षा विज्ञान तथा प्रविधि** | | | | |
| | असर | प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | १०० | १०० |
| | असर | प्राथमिक तह पूरा गर्ने दर | प्रतिशत | १०० | १०० |
| | असर | कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थी | प्रतिशत | ९८ | १०० |
| | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कुल विद्यार्थीमा) | प्रतिशत | १० | १० |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | ७९.८ | १०० |
| | असर | १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ७०.१ | १०० |
| | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | १०० | १०० |
| | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरू | प्रतिशत | १०० | १०० |
| | असर | WASH सुविधा भएका आधारभूत विद्यालयहरू | प्रतिशत | १०० | १०० |
| | असर | अपाङ्गमैत्री विद्यालयहरू | प्रतिशत | | १०० |
| | असर | न्यूनतम रूपमा सँगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | १०० | १०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | न्यूनतम रूपमा सँगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरू | प्रतिशत | १०० | १०० |
| | | (दिगो विकास लक्ष्य ४ अन्तर्गत) माथिका सबै सूचकहरू | | १०० | १०० |
| | असर | समग्र साक्षरता प्रतिशत | | ८४.५ | ९५ |
| | असर | साक्षरता प्रतिशत (पुरुष) | | ९१.६ | ९८ |
| | असर | साक्षरता प्रतिशत (महिला) | | ७८.८ | ९८ |
| | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | २ | २ |
| | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | ३ | ५ |
| | असर | आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ५६.३६ | ८० |
| | असर | माध्यमिक शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | २०.७ | ५० |
| | असर | स्नातक तह वा सो भन्दा बढी तहउत्तीर्ण जनसंख्या | प्रतिशत | २.८ | २० |
| | असर | प्राविधिक वा व्यवसायिक तालिम प्राप्त युवा संख्या | प्रतिशत | १५.८ | ३० |
| | असर | विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | प्रतिशत | ५० | १०० |
| | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | १०० | १०० |
| | असर | बुक कर्नर सुविभा भएका विद्यालय | प्रतिशत | १०० | १०० |
| | असर | सुविधायुक्त खेलमैदान भएका विद्यालय | प्रतिशत | | १०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | छात्राको लागि व्यवस्थित शौचालय भएका विद्यालय | प्रतिशत | | १०० |
| | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | | १०० |

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- स्थानीय स्तरबाट अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै अवरोध हुने छैन ।

## ५.३ खानेपानी तथा सरसफाई

### पृष्ठभूमि

स्वच्छ र सफा खानेपानी जीवनको प्रमुख आधार हो । सफा सुन्दर र स्वच्छ नगर सभ्यताको प्रमुख परिचायक हो । त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ । प्यूठान नगरपालिका पुर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारत्मक सुधार निश्चित छ । नेपालको संविधानले पनि खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रूपमा व्याख्या गरेको हुनाले स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउन गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गर्नुपर्ने साथै वैज्ञानिक विधिहरूको प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । प्युठान नगरपालिकामा 'एक घर एक धारा' कार्यक्रम लागू गरिएको छ ।

नगरपालिकामा खानेपानीको मुख्य स्रोतको सबै वडाहरूमा सबैभन्दा बढी धारा तथा पाइपको खानेपानी ८१.३५ प्रतिशत परिवारले, दोस्रो ठूलो स्रोतको रूपमा मुल धाराको १०.३३ प्रतिशत परिवारले प्रयोग गर्ने, ढाकिएको ईनार प्रयोग गर्ने घरधुरी संख्या अत्यन्तै न्यून छ । सुरक्षित खानेपानीको स्रोतकोरुमा धारा तथा पाईपको स्रोतलाई मानिन्छ । तुलनात्मक रूपमा नगरपालिकको वडा नं. ६ मा सबैभन्दा बढी ९२.११ प्रतिशत घरधुरीले धारा तथा पाईपलाई मुख्य पानी को स्रोतको प्रयोग गरेका छन् भने वडा नं. १ मा ७१.६३ प्रतिशतले प्रयोग गरेका छन् । नगरपालिकाको प्राय वस्तिहरूमा स्वच्छ र प्रशस्त पिउने पानीको पहुँच कमजोर रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेकाले यसवारे जनचेतना फैलाउन आवश्यक छ । साना मुहान र गुणस्तरीय संरक्षण ट्याङकी नभएकोले विभिन्न वडा क्षेत्रहरूमा अझैपनि खानेपानिको समस्या रहेको पाईन्छ । सबै घरधुरीले स्वच्छ पिउनेपानीको उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न नगरपालिकाले विशेष कार्यक्रमहरू योजनावद्ध रूपमा ल्याउनुपर्ने देखिन्छ ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- झिमरुक नदीबाट प्रशस्त पानी शुद्धीकरण गरी आपुर्ति गर्न सकिने ।
- विभिन्न खोलाको जलस्रोतको उपलब्धता हुनु ।
- प्रदेश र सघिय सरकारले खानेपानी आयोजनाको लागि बजेट छुट्याएको ।
- "एक घर एक धारा" कार्यक्रमलाई प्राथमिकीकरण गरिएको ।

- नगरपालिकामा पानी संरक्षण गरी दीगो रूपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने
- बजार क्षेत्रमा फोहोर व्यवस्थापन गर्न केही ठाउँमा डस्टबिनहरूको व्यवस्था गर्न सकिने ।
- पानी शुद्धीकरण प्रक्रियाको चेतनामूलक कार्यक्रम र तालिम संचालन गर्न सकिने ।
- घरघरमा पानी संकलन ट्यांकी राख्न प्रोत्साहन गर्दै ट्यांकी वितरण गर्ने गरीएको ।
- "सफा घर, टोल र सहर प्युठानवासीको एउटै रहर" अभियान मार्फत नगरपालिकाले फोहोरमैलाको अल्पकालीन व्यवस्थापनको सुरुवात गर्न सक्ने ।
- फोहोरमैला व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी फोहोरमैला संकलन गर्न सकिने ।

## दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- प्रचुर मात्रामा जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको ।
- सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ प्रशस्त पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको ।
- पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको ।
- फोहोरमैला संकलन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्था भइनसकेको ।
- अधिकांश घरहरूमा व्यवस्थित शौचालयको साथै नगरपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको ।
- विशेष गरी सघन बस्तीमा रहेका बजार केन्द्रहरूमा सडकहरूमा नाला व्यवस्थापन हुन नसकेको ।
- वैज्ञानिकरूपमा फोहोरमैला व्यवस्थापन हुन नसकेको ।
- कच्ची सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको ।
- फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने ।

- पिउने पानी तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

स्वच्छ, स्वस्थ र सुन्दर नगरपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाइ

### लक्ष्य

नगरपालिकाका सम्पूर्ण बस्तीहरूमा स्वच्छ खानेपानी पुऱ्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने

### उद्देश्यहरू

१. नगरपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउने

२. नगरपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुऱ्याउने

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : नगरपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउने ।** | |
| १.१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने । | १.१.१. "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरूमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिने छ ।<br>१.१.२. संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिने छ ।<br>१.१.३. हाल सन्चालित खानेपानी आयोजनाहरू समयमै निर्माण सम्पन्न गरी उपभोक्ता समिति मार्फत सेवा सञ्चालनमा ल्याइनेछ । नेपालमा असल अभ्यासका हिसावले अत्यन्त सफल खानेपानी उपभोक्ता समितिहरूका अनुभवहरू अनुसरण गर्न अध्ययन भ्रमण गरिने छ । (उदाहरणका लागि |

| | |
|---|---|
| | इटहरी उप महानगरपालिकाको खानेपानी उपभोक्ता समिति अत्यन्तै सफल मानिन्छ ।) |
| १.२. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने । | १.२.१. खानेपानीका मुहानहरू सार्वजनिक सम्पती भएकोले सम्पूर्ण मुहानहरूको नक्साङ्कन पश्चात वस्तुगत विवरण संकलन गरिने छ ।<br>१.२.२. खानेपानीका संरचनाहरूको स्तरोन्नति तथा मुहान सुधार गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिने छ ।<br>१.२.३. हरेक घरपरिवारमा पाइपमार्फत खानेपानी आपूर्ति प्रणाली निर्माण गरिने छ ।<br>१.२.४. खानेपानीको उपभोगको मात्रा अनुसार महशुल उठाई निर्माण, मर्मत सम्भार तथा व्यवस्थापन कोषको व्यवस्था गरिने छ । |
| **उद्देश्य २ : नगरपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुऱ्याउने ।** | |
| २.१. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने । | २.१.१. प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ ।<br>२.१.२. घर घरबाट निस्कने फोहरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विषेश तालिम सञ्चालन गरिने छ । |
| २.२. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने । | २.२.१. प्रत्येक सार्वजनिक स्थल, विद्यालय, सामुदायिक भवन, अस्पताल, बजार केन्द्र, बसपार्क जस्ता क्षेत्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइने छ ।<br>२.२.२. उल्लेखित स्थानहरूमा फोहोरलाई वर्गीकरण गरी फ्याक्नका लागि बास्केट तथा कण्टेनरको व्यवस्था गरिने छ ।<br>२.२.३. फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन उपयुक्त स्थान पहिचान गरी ल्याण्डफिल साईट निर्माण गरिने छ ।<br>२.२.४. फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी वातावरण स्वच्छ राखिनेछ ।<br>२.२.५. मुख्य बजार क्षेत्रका चोक र सडक वरपर नियमित सफाई गरिने छ । |

| | |
|---|---|
| | २.२.६. बजार केन्द्रहरूमा घरबाट निस्कने फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र निजी क्षेत्रसँग सहकार्य गरिने छ ।<br>२.२.७. पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिने छ साथै नदीनाला, जलाशय तथा तालतलैयाको पर्यावरणीय स्वच्छता कायम गरिने छ । |
| २.३.सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.३.१. घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गिकरण गर्न, कम्पोस्ट मल बनाउन र पुर्नप्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.३.२. घर, आँगन र टोल सफा राख्न प्रत्येक वडामा सरकारी, निजी, गैसस तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरी स्थानीयबासीको संलग्नतामा नियमित रूपमा सरसफाई अभियान सञ्चालन गरी जनचेतना फैलाईनेछ ।<br>२.३.३. स्थानीय सञ्चार माध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । |

## खानेपानी तथा सरसफाईको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | एक घर एक धारा कार्यक्रम | धारा | ० | २००० | २०००० | २००० | २०००० | २००० | २०००० | २००० | २०००० | ५००० | ५०००० | १० | न.पा. |
| | | १.१.२ | संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.१.३ | खानेपानी उपभोक्ता समिति मार्फत सेवा सञ्चालन तथा अध्ययन भ्रमणको लागि कार्ययोजना तयार | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | १.२ | १.२.१ | खानेपानी मुहान क्षेत्र पहिचान तथा विवरण संकलन | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.२.२ | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | संख्या | ० | १ | ५००० | | ० | | ० | | ० | | ० | ५००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.२ | वडा नं १ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.२ | वडा नं २ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.२ | वडा नं ३ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.२ | वडा नं ४ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.२ | वडा नं ५ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.२ | वडा नं ६ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.२ | वडा नं ७ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.२ | वडा नं ८ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.३ | वडा नं ९ मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.४ | वडा नं १० मा खानेपानी आयोजना | संख्या | ० | | ० | १ | २००० | | ० | | ० | | ० | २००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.५ | खानेपानी आपूर्ति पाइप लाईन विस्तार | संख्या | ० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | २००० | न.पा. |
| | | १.२.६ | खानेपानी आपूर्ति व्यवस्थापन कोष तथा अनुगमन संयन्त्र निर्माण | संख्या | ० | १ | ५००० | | ० | | ० | | ० | | ० | ५००० | न.पा. |
| २ | २.१. | २.१.१. | शौचालय निर्माण गर्न अनुदान | संख्या | ० | १० | २०००० | १० | २०००० | १० | २०००० | १० | २०००० | १० | २०००० | २००० | न.पा. |
| | | २.१.२. | वडास्तरीय कम्पोस्ट मल उत्पादन तालिम | संख्या | ० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | ५० | न.पा. |
| | २.२. | २.२.१. | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी शौचालय निर्माण | संख्या | ० | १० | १००० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | २.२.२. | सार्वजनिक स्थल तथा बजार केन्द्र पहिचान गरी फोहर फ्याक्ने कन्टेनरको व्यवस्था | संख्या | ० | १० | २००० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | २.२.३. | नगरपालिकाद्वारा सम्भाव्य स्थानमा ल्यान्डफिल साइटको निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.२.४. | सघन वस्ती क्षेत्रमा ढल निर्माण | संख्या | ० | १० | १०००० | १० | १०००० | १० | १०००० | १० | १०००० | १० | १०००० | १००० | न.पा. |
| | | २.२.५. | सरसफाइ कर्मचारीको व्यवस्था | संख्या | ० | ३ | २७०० | ३ | २७०० | ३ | २७०० | ३ | २७०० | ३ | २७०० | ९०० | न.पा. |
| | | २.२.६. | फोहोर व्यवस्थापनका लागि टोल विकास संस्था र निजी क्षेत्रसँग सहकार्यका लागि कार्ययोजना निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | २.२.७. | पानीको मुहान संरक्षण तथा संरचना मर्मत | संख्या | ० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | २०० | न.पा. |
| | २.३. | २.३.१. | फोहोर पुनर्प्रयोग गर्न तालिम | संख्या | ० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | १० | २००० | २०० | न.पा. |
| | | २.३.२. | विभिन्न संघ संस्थासँग समन्वय गरी सामुदायिक स्तरमा प्रत्येक हप्ताको शनिबार सरसफाई कार्यक्रम सञ्चालन | संख्या | ० | ५२ | १०४० | ५२ | १०४० | ५२ | १०४० | ५२ | १०४० | ५२ | १०४० | २० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.३.३. | स्थानीय सञ्चार माध्यममा सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम प्रसारण । | संख्या | ० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १२० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- ✓ नगरपालिकाका सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुने,
- ✓ सम्पूर्ण घरधुरीमा शौचालयको व्यवस्था भएको हुने,
- ✓ सार्वजनिक स्थल तथा बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुने
- ✓ सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुने ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **खानेपानी तथा सरसफाई** | | | | |
| | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएको परिवार (प्रतिशत) | प्रतिशत | ८१.३५ | १०० |
| | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ८१.३५ | १०० |
| | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ८१.३५ | १०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात | प्रतिशत | | १०० |
| | असर | ढल प्रणालीहरू/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार | प्रतिशत | | ५० |
| | प्रतिफल | संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | १९ | १९ |
| | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | १०० |
| | प्रतिफल | डस्टबिन प्रयोग गर्ने र फोहरलाई वर्गीकरण गर्ने घरपरिवार | संख्या | ० | १०० |
| | प्रतिफल | सामुदायिक हिसाबले सँगठित रूपमा नियमित नगरघर तथा टोल सरसफाई कार्यक्रम संख्या (वार्षिक) | संख्या | ० | १ |

## अनुमान तथा जोखिम पक्ष

- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- स्थानीय स्तरबाट कुनै अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै अवरोध हुने छैन ।
- सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### (अ) लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण

#### पृष्ठभूमि

नेपालमा सामाजिक जागरण, जातिय, लैङ्गिक तथा वर्गिय स्वरूपको समाजमा व्यापक रूपान्तरण भैनसकेकोले लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान, सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन् । नेपालका अन्य स्थानहरूमा जस्तै यस नगरपालिकामा समेत यी सवालहरूको व्यापक सार्न्दभिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ । नेपालको संविधानमा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । हाल यस नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कुल जनसंख्या ४२,१३० रहेको छ जस मध्ये पुरुष १८८७९ र महिला २३२५१ रहेका छन् । यस नगरपालिकामा परिवार संख्या ११२३५ रहेको छ । त्यस्तै जनधनत्व प्रति वर्ग कि. मि. ३२७ छ भने, वार्षिक ०.९६ प्रतिशतले जनसंख्या बढीरहेको छ । सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) मा महिलाको भन्दा पुरुषको जनसंख्या ४३७२ ले कमि रहेको छ भने ६० वर्ष माथीको जनसंख्या ४३३८ अर्थात १०.३० प्रतिशत रहेको रहेको छ। समाजमा सीमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जीवनयापन गर्नपाउने नैसर्गिक अधिकार सुनिञ्चित नगर्दा सम्म सभ्य र सौहार्दपूर्ण समाजको परिकल्पना गर्न सकिदैन त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ ।

#### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- नगरपालिकाले हरेक बर्ष जेष्ठ नागरिक, महिला तथा अपाङ्गता भएका ब्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गरिएको ।
- नगरपालिकाबाट कम्तीमा वर्षको एकपटक जेष्ठ नागरिक सम्मान गर्ने कार्यक्रम रहेको ।
- प्रत्येक वडा तथा टोलमा महिला तथा आमा समूह गठन भएको र हिंसा न्यूनीकरण, क्षमता अभिवृद्धि तथा मूलप्रवाहीकरणका कार्यहरू भइरहेको ।

- नारी दिवसमा जनचेतना जगाउने काम भइरहेको ।
- एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि यातायात, स्वास्थ्य र शिक्षा निःशुल्क गर्ने नगरपालिकाको नीति लिन सकिने ।
- सुनौलो हजार दिन पोषण कार्यक्रम संचालन गर्न सकिने ।
- लैङ्गिक हिंसा न्यूनीकरण, लागु औषध दुर्व्यसनी, मानव बेचबिखन सम्बन्धी सचेतना मूलक कार्यक्रम सञ्चालन भइरहेको ।
- विपन्न महिलालाई सिपमूलक तथा उद्यमशीलतामा तालिममा जोड दिई आय आर्जनका कार्यक्रम गर्ने गरिएको ।
- आदिवासी जनजाति, दलित, सीमान्तकृत, लोपोन्मूख वर्गहरूको यथार्थ लगत संकलन गरी परम्परागत पेशा, व्यवसाय, लोपोन्मूख कला, ज्ञान, सिप पहिचान गरेर क्षमता विकास कार्यक्रम गर्ने नीति लिइएको ।
- दलित वर्गमाथि हुने भेदभाव न्यूनीकरण गरी परम्परागत ज्ञान र सिपलाई व्यवसायीकरण गर्ने प्रयत्न गर्न सकिने ।
- छुवाछुत तथा सामाजिक विभेद क्रमशः न्यून हुँदै गएको ।
- सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको ।
- महिलाहरू राजनीति, सामाजिक कार्यलगायत विभिन्न विकासका गतिविधिहरूमा सरिक हुन थालेको ।
- समाजमा छोरा र छोरी एकै हुन् भन्ने सोचको क्रमश विकास हुँदै गएको ।
- प्रत्येक वडामा १ महिला सदस्य र १ दलित महिला सदस्य अनिवार्य रूपमा निर्वाचित हुने व्यवस्था अनुसार निर्वाचित भई उनीहरूले सम्पूर्ण महिला, दलित, जनजातिहरूको हक हित तथा अधिकारको पक्षमा आवाज उठाएका कारण सामाजिक न्याय, समानता लगायत समाज सुधारका पक्षमा केही प्रगति भएको ।
- अपाङ्ग पुनर्स्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन सकिने ।
- भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउनु पर्ने र निर्माण गर्न लागिएको ।
- सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहीकरणमा ल्याउँदा नगरपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने ।

- एकल महिला, बेरोजगार महिला, अति पिछडिएका तथा विपन्नहरूका लागि रोजगारमूलक तालिमको व्यवस्था गर्न सकिने ।

## दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- नगरपालिकामा बैङ्किङ सुविधाको अवस्था कमजोर हुँदा सामाजिक सुरक्षा भत्ता लिन टाढा जानपर्ने अवस्था रहेको ।
- नगरपालिकामा सामुदायिक भेटघाट केन्द्र, वृद्धाश्रम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको ।
- नगरपालिकामा पुरुषको भन्दा महिलाको जनसंख्या बढी भए पनि परम्परागत रूपमा रहेको लैङ्गिक विभेद पूर्ण रूपमा अन्त्य हुन नसकेको
- समाजमा महिलाको समग्र सामाजिक स्तर अत्यन्त कमजोर रहेको ।
- जातीय भेदभाव पूर्ण रूपले अन्त्य हुन नसकेको ।
- सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको ।
- जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका ।
- महिला तथा जनजातिहरूको उद्यमशीलता विकास तथा शसक्तिकरण सम्बन्धी तालिमहरू संचालन गर्दा लक्षित वर्ग सम्म पुग्न नसकेको । महिला तथा जनजातिमा पनि टाठा बाठाको नै पकड रहेको ।
- लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने ।
- सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहीकरण गर्नुपर्ने ।
- व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन् स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने ।
- घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने ।

- नगरपालिकाभित्र गठन भएका दर्जनौं आमा समूहहरूलाई जाँड रक्सी र जुवातास का साथै लागुपदार्थको विकृति विरुद्ध अभियान सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्ने ।
- बालश्रम, बालविवाह तथा बहुविवाहलाई दण्डित गर्नुपर्ने ।
- बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्नुपर्ने ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

प्युठानको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता

### लक्ष्य

सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने

### उद्देश्यहरू

१. लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्ने ।

२. सामाजमा महिलाहरुको समतामूलक र अर्थपुर्ण सहभागिता वृद्धी गराई मूलप्रवाहीकरण र सशक्तिकरण गर्ने ।

## णनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने | १.१.१ अनिवार्य नारी शिक्षा सम्बन्धी विशेष नीति तथा कार्ययोजना निर्माण गरिने छ ।<br>१.१.२ छात्रामैत्री वातावरण निर्माण गर्न हरेक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिसँग नियमित अन्तरक्रिया सञ्चालन गरिने छ ।<br>१.१.३ महिला अधिकार, महिला हिंसा, यौन शोषण, यौन हिंसा जस्ता विषयहरूको समुचित सम्बोधन हुनेगरी महिलालाई सचेत बनाउन हरेक वडामा रहेका महिला अधिकारकर्मी, महिला नेतृ, शिक्षिका लगायत सचेत र सक्षम महिलाको संयोजकत्वमा महिला सेल गठन गरिने छ । |

| | |
|---|---|
| | १.१.४ प्रत्येक वडामा रहेका महिला सेलहरूमार्फत हरेक महिना पुरुषहरूको समेत संलग्नतामा महिला जागरण सचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.५ विद्यालय पाठ्यक्रम निर्धारण गर्दा छात्र तथा छात्रा दुवैलाई प्रजनन्, स्वास्थ्य, यौन स्वास्थ्य लगायतका लैङ्गिक सवालहरू समेट्ने गरी निर्धारण गरिने छ र सो माध्यमिक शिक्षामा अनिवार्य लागू गरिने छ ।<br>१.१.६ स्थानीय सञ्चार माध्यामहरूबाट लैङ्गिकता तथा महिला जागरण सम्बन्धी सामाग्री नियमित प्रसारण गरिने छ ।<br>१.१.७ बुहारी शिक्षालाई अनिवार्य गरिने छ ।<br>१.१.८ दाइजो प्रथा तथा लैङ्गिक हिंसा विरुद्ध हरेक वर्ष विशेष जागरण सप्ताह मनाइने छ ।<br>१.१.९ विद्यालयमा सामाजिक शिक्षा अध्यापनरत शिक्षक शिक्षिकालाई समेटेर लैङ्गिक हिंसा र महिला जागरण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिने छ । |
| १.२ महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका कार्यक्रमहरू अभियानको रुपमा सञ्चालन गर्ने | १.२.१ नगरपालिकामा स्थापना भई कार्य गरिरहेका सबै प्रकारका महिला समूह, आमा समूह, किशोरी समूह लगायतका समूहलाई लक्षित गरी वार्षिक पात्रोका आधारमा नियमित आयआर्जन तालिम, सिप तथा उद्यमशीलता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिने छ ।<br>१.२.२ नगरपालिकाभर रहेका महिला उद्यमीहरूको अभिलेख तयार गरिने छ ।<br>१.२.३ महिला उद्यमीहरूलाई नगरपालिका बाहिरका सफल महिला उद्यमीहरूसँग वर्षमा एक पटक साक्षात्कार गराइने छ ।<br>१.२.४ मापदण्डका आधारमा महिला उद्यमीहरूलाई उनीहरूको नाममा दर्ता भई सञ्चालन हुने साना तथा घरेलु उद्योगमा ब्याजमा अनुदान प्रदान गरिने छ ।<br>१.२.५ सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरूको अभिलेख तयार पारी निःशुल्क तयारी कक्षा सञ्चालन गरिने छ ।<br>१.२.६ स्थानीय न्यायिक समितिलाई नियमित तालिम सञ्चालन गरिने छ । |

| | |
|---|---|
| | १.२.७ महिलाका नाममा रहेको अचल सम्पत्ति सम्बन्धी वस्तुगत विवरण संकलन गरिने छ र त्यसमा वृद्धि गर्न ऐन कानुनमा सहुलियतको प्रबन्ध गरिने छ ।<br>१.२.८ "एकल महिला आत्मनिर्भर कार्यक्रम" सञ्चालन गर्न ब्याज अनुदान कोष निर्माण गरिने छ ।<br>१.२.९ महिला हिंसा पहरेदारी तथा कानुनी सेवाका लागि वडास्तरीय महिला सेल गठन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.२.१० नगरपालिकास्तरीय एक महिला सुरक्षागृहको निर्माण गरिने छ ।<br>१.२.११ नगरपालिकास्तरीय एक महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना गरिने छ ।<br>१.२.१२ नगरपालिकामा उच्च शिक्षामा छात्राको उपस्थिति वृद्धि गर्न बालिका बिमा कार्यक्रम लागू गरिने छ । |
| १.३ जेष्ठ नागरिकको सामाजिक सुरक्षार आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने | १.३.१ संविधान र नेपाल सरकारले घोषणा गरेका जेष्ठ नागरिक सामाजिक सुरक्षाअन्तर्गतका सबै कार्यक्रम चुस्त दुरुस्त रुपमा प्रभावकारी बनाउन नगरपालिकाभित्र जेष्ठ नागरिक प्रतिकार्य इकाइ सञ्चालन गरिने छ ।<br>१.३.२ वडास्तरीय जेष्ठ नागरिक निःशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिने छ ।<br>१.३.३ एक वडा एक जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण गरिने छ ।<br>१.३.४ प्रत्येक वडामा जेष्ठ नागरिक लक्षित योग तथा ध्यान केन्द्र सञ्चालन गरिने छ ।<br>१.३.५ स्थानीय सञ्चार माध्यमसँगको सहकार्यमा जेष्ठ नागरिकहरूका जीवन अनुभव साट्न र सुन्न "जेष्ठ नागरिक आवाज" कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.३.६ वर्षमा १ पटक आन्तरिक पर्यटन प्रवर्द्धन तथा जेष्ठ नागरिक सम्मान स्वरूप निश्चित मापदण्डका आधारमा जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम सञ्चालन गर्न परिवहन अनुदान प्रदान गरिने छ ।<br>१.३.७ वडास्तरमा आफ्ना रितीथिति, संस्कार, धर्म सम्प्रदाय अनुरूपका भजन कीर्तन, गायन, बाद्यवाधन कार्यक्रम संचालन गर्न जेष्ठ नागरिक कीर्तन |

| | |
|---|---|
| | मण्डली गठन गरी बाद्यवाधन यन्त्रमा मापदण्ड बनाई अनुदान प्रदान गरिने छ ।<br>१.३.८ ८० वर्ष नाघेका जेष्ठ नागरिकहरूलाई सु-आहारा कार्यक्रम सञ्चालन गरी पोषिलो आहारा वितरण गर्ने प्रबन्ध गरिने छ ।<br>१.३.९ जेष्ठ नागरिकको सम्पूर्ण स्वास्थ्य उपचार सुनिश्चित गर्न अति विपन्न परिवारको स्वास्थ्य बिमामा अनुदान प्रदान गरिने छ । |
| १.४ अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरू संचालन गरी उनीहरूको आत्मबल बढाउने र आत्मसम्मान जगाउने । | १.४.१ नगरपालिकाभर रहेका सम्पूर्ण अपाङ्गता भएका नागरिकहरूको व्यक्तिगत विवरण संकलन गरिने छ ।<br>१.४.२ अपाङ्गता परिचय पत्र अपाङ्गताको प्रकार अनुसार परिचय पत्र वितरण गरिने छ ।<br>१.४.३ अपाङ्गता भएका विद्यालय जाने बालबालिकाको विवरण तयार पारी उनीहरूको शिक्षा आर्जनमा भएका कठिनाई सम्बोधन गर्न विशेष अध्ययन पश्चात कार्ययोजना निर्माण गरिने छ ।<br>१.४.४ ह्वील चियर आवस्यक अपाङ्गहरूको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिने छ ।<br>१.४.५ विशेष क्षमता भएका अपाङ्गहरूको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता सिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिने छ ।<br>१.४.६ पूर्ण अपाङ्गता भई जीवन निर्वाह गर्न पूर्ण असक्तहरूको विवरण संकलन गरी सामाजिक सुरक्षाकार्यक्रम संचालन गरिने छ ।<br>१.४.७ नगरपालिकामा अब बन्ने सबैखाले सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गमैत्री बनाउन निर्माण मापदण्ड र कार्यविधि परिमार्जन गरिने छ ।<br>१.४.८ अपाङ्गता भएका नागरिकहरूको समस्या कठिनाई र आवाजहरू उजागर गर्न अपाङ्गता भएका नागरिकको नेतृत्वमा एक नगरपालिका स्तरीय अपाङ्गता नागरिक सहयोग तथा सरोकार मञ्च गठन गर्न नगरपालिकाले सहजिकरण गर्नेछ ।<br>१.४.९ अपाङ्गता भएका तर विशेष कलाको क्षमता भएकालाई लक्षित गरी प्रोत्साहन अनुदान दिइने छ । |

| | |
|---|---|
| १.५ जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, मुस्लिम तथा राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरूका मूल सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहीकरण कार्यनीति निर्माण गर्ने | १.५.१ लोपोन्मुख, अल्पसंख्यक, सीमान्तकृत तथा राज्यको मूल प्रवाहीकरणभन्दा बाहिर रहेका वर्ग, व्यक्ति वा समुदायको यर्थाथ स्थितिका बारेमा अध्ययन गरी स्थितिपत्र प्रकाशन गरिने छ ।<br>१.५.२ आदिवासी, जनजाति तथा मुस्लिमहरूका मौलिकता र पहिचान रहनसहन, रितिथिति, परम्परा, भेषभूषा खानपान, कला, चाडवाड आदिका बारेमा विस्तृत विवरण सहितको अभिलेख तयार पारिनेछ ।<br>१.५.३ सकारात्मक विभेदको सिद्धान्त अनुरूप राज्यको आरक्षण कोटामा सरकारी सेवामा प्रवेश गर्न चाहने यो वर्गका आकांक्षीहरूलाई लक्षित गरी विशेष तयारी कक्षाहरू निःशुल्क सञ्चालन गरिने छ ।<br>१.५.४ लक्षित वर्गका विद्यालय जाने बालबालिकाको शिक्षाको अवसर सुनिश्चित गर्न अभिभावक शिक्षा र शैक्षिक सामाग्रीमा अनुदान प्रदान गरिने छ ।<br>१.५.५ छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न राज्यको मूल कानुनको अधिनमा रहि त्यस्ता कार्यलाई दण्डित गर्न स्थानीय कानुन निर्माण गर्दै न्यायिक समितिलाई सक्रिय तुल्याइनेछ ।<br>१.५.६ यि लक्षित वर्गलाई समेट्ने सिप विकास र व्यवसायिक आयआर्जनका लागि तालिम सञ्चालन गरिने छ ।<br>१.५.७ लोपोन्मुख भाषा तथा लिपिको संरक्षण गर्न परामर्श अध्ययन तथा अनुसन्धान गरिने छ ।<br>१.५.८ सामाजिक अन्तरघुलन कार्यक्रम अन्तर्गत वर्षमा एक पटक विशेष राष्ट्रिय दिवसको अवसरमा नगरपालिकाको आयोजनामा सबै जात वर्ग सम्प्रदाय दलित उत्पिडितहरू सम्मिलित चियापान तथा अनुभूति आदान प्रदान कार्यक्रम आयोजना गरिने छ ।<br>१.५.९ विपन्न र सीमान्तकृत समुदायले सञ्चालन गर्ने लघु उद्यम तथा व्यवसायमा मापदण्डका आधारमा शुन्य प्रतिशत ब्याजका लागि अनुदान प्रदान गरिने छ । |

## लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | अनिवार्य नारी शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.२ | छात्रा मैत्री शौचालय निर्माण तथा स्तरोन्नती | संख्या | ० | | ० | ३० | १५०० | ३० | १५०० | | ० | | ० | ५० | न.पा. |
| | | १.१.२ | छात्राहरूलाई Sanitary Pad वितरण | संख्या | ० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १० | १०००<br>० | १०० | न.पा. |
| | | १.१.३ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी सेल गठन र परिचालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.१.४ | महिला सेल मार्फत हरेक महिना जनचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.१.५ | माध्यमिक शिक्षामा यौन, लैङ्गिकता तथा प्रजनन् शिक्षा | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्बन्धी पाठ्यक्रम निर्धारण | | | | | | | | | | | | | | |
| | | १.१.६ | लैङ्गिकता र महिला जागरण सञ्चार कार्यक्रम संचालन | संख्या | ० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १२० | न.पा. |
| | | १.१.७ | अनिवार्य बुहारी शिक्षा कार्यक्रम | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.१.८ | महिला हिंसा र दाइजो प्रथा विरुद्ध वार्षिक रूपमा सप्ताह व्यापी कार्यक्रम | संख्या | ० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | १० | २०० | २० | न.पा. |
| | | १.१.९ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण, बलात्कार जस्ता विषयमा शिक्षक-शिक्षिका अभिमुखीकरण कार्यक्रम | संख्या | ० | १० | १०० | १० | १०० | १० | १०० | १० | १०० | १० | १०० | १० | न.पा. |
| | १.२ | १.२.१ | महिला सिप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.२.२ | महिला उद्यमी अभिलेख निर्माण | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.२.३ | सफल महिला उद्यमी साक्षात्कार कार्यक्रम | संख्या | ० | १ | ३० | १ | ३० | १ | ३० | १ | ३० | १ | ३० | ३० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.४ | महिला लघु उद्यमी तथा व्यवसायीलाई ब्याजमा अनुदान | संख्या | ० | ५० | २५०० | ५० | २५०० | ५० | २५०० | ५० | २५०० | ५० | २५०० | ५० | न.पा. |
| | | १.२.५ | सरकारी सेवा प्रवेश निःशुल्क तयारी कक्षा सञ्चालन | संख्या | ० | १ | ६०० | १ | ६०० | १ | ६०० | १ | ६०० | १ | ६०० | ६०० | न.पा. |
| | | १.२.६ | न्यायिक समिति लैङ्गिक भेदभाव विरुद्ध न्याय सम्पादन तालिम | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.२.७ | महिलाको स्वामित्वमा अचल सम्पत्ति वृद्धि गर्न स्थानीय ऐन कानुन संशोधन | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.२.८ | एकल महिला आत्मनिर्भर कार्यक्रम ब्याज अनुदान | संख्या | ० | ५० | १५०० | ५० | १५०० | ५० | १५०० | ५० | १५०० | ५० | १५०० | ३० | न.पा. |
| | | १.२.९ | महिला हिंसा पहरेदारी वडास्तरीय महिला सेल अभिमुखीकरण | संख्या | ० | १० | २५० | १० | २५० | १० | २५० | १० | २५० | १० | २५० | २५ | न.पा. |
| | | १.२.१० | महिला सुरक्षा गृहको निर्माण | संख्या | ० | १ | ५००० | | ० | | ० | | ० | | ० | ५००० | न.पा. |
| | | १.२.११ | महिला उद्यमी वस्तु बिक्री केन्द्र स्थापना | संख्या | ० | १ | २००० | | ० | | ० | | ० | | ० | २००० | न.पा. |
| | | १.२.१२ | उच्च शिक्षा बालिका बिमा कार्यक्रम | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १.३ | १.३.१ | नगरपालिकामा “जेष्ठ नागरिक सहयोग कक्ष” गठन | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.३.२ | जेष्ठ नागरिक वडास्तरीय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.३.३ | वडास्तरीय जेष्ठ नागरिक सत्संग केन्द्र निर्माण | संख्या | ० | १० | १००० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.३.४ | जेष्ठ नागरिक योग तथा ध्यान केन्द्र सञ्चालन | संख्या | ० | १० | १००० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.३.५ | जेष्ठ नागरिक आवाज कार्यक्रम सञ्चालन | संख्या | ० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १२० | न.पा. |
| | | १.३.६ | जेष्ठ नागरिक तिर्थाटन परिवहन अनुदान | संख्या | ० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५० | न.पा. |
| | | १.३.७ | जेष्ठ नागरिक कीर्तन तथा मनोरञ्जन मण्डली गठन तथा वाद्ययन्त्र अनुदान | संख्या | ० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५० | न.पा. |
| | | १.३.८ | ८० वर्ष नाघेका जेष्ठ नागरिकलाई सु-आहारा कार्यक्रम | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.३.९ | जेष्ठ नागरिक स्वास्थ्य बिमा | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यक्रममा अति विपन्न अनुदान | | | | | | | | | | | | | | |
| | १.४ | १.४.१ | सम्पूर्ण अपाङ्गता भएकाहरूको व्यक्तिगत विवरण संकलन | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.४.२ | अपाङ्गता परिचय पत्र वितरण | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.४.३ | अपाङ्गता भएका विद्यालय जाने बालबालिकाका समस्या बुझ्न अध्ययन | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.४.४ | ह्विलचेयर आवश्यक तर नपाएका अपाङ्गको लागि ह्विलचेयर खरिद | संख्या | ० | ५० | १००० | | ० | | ० | | ० | | ० | २० | न.पा. |
| | | १.४.५ | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा सिप विकास तालिम | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.४.६ | पूर्ण अपाङ्गहरूलाई जीवन निर्वाह भत्ता | संख्या | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १०००| १००० | न.पा. |
| | | १.४.७ | सार्वजनिक भौतिक निर्माणमा अपाङ्गमैत्री बनाउन मापदण्ड परिमार्जन | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.४.८ | अपाङ्ग नागरिक सहयोग तथा सरोकार मञ्च गठन | संख्या | ० | १ | २५ | | ० | | ० | | ० | | ० | २५ | न.पा. |
| | | १.४.९ | अपाङ्गता भएका कलाकारलाई विशेष प्रोत्साहन अनुदान | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | १.५ | १.५.१ | सीमान्तकृत तथा मूल प्रवाहीकरणमा छुटेका वर्गको स्थितिपत्र प्रकाशन | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.५.२ | आदिवासी, जनजाति, मुस्लिम लगायतका वर्गको सांस्कृतिक पहिचान सम्बन्धी अध्ययन गरी पार्श्वचित्र प्रकाशन | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.५.३ | सरकारी सेवामा मूल प्रवाहीकरण लक्षित विशेष तयारी कक्षा सञ्चालन | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.५.४ | लक्षित वर्ग अभिभावक शिक्षा तथा शैक्षिक सामाग्री वितरण | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.५.५ | छुवाछुत र सामाजिक भेदभाव न्यूनीकरण विशेष न्यायिक समिति तालिम | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.५.६ | लक्षित वर्ग विशेष आय आर्जन तालिम | संख्या | ० | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | १ | १५० | १५० | न.पा. |
| | | १.५.७ | लोपोन्मुख भाषा तथा लिपि अध्ययन परामर्श | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.५.८ | सामाजिक अन्तरघुलन चियापान कार्यक्रम | संख्या | ० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | १ | ५० | ५० | न.पा. |
| | | १.५.९ | लक्षित वर्ग अति विपन्न उद्यमी ब्याज अनुदान | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- ✓ महिला सचेतनामा वृद्धि हुनेछ ।
- ✓ सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्नेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरूका कठिनाइहरू न्यूनिकरण हुनेछ ।
- ✓ सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउनेछ ।
- ✓ जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुनेछ ।

### नतिजा सूचक

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता सामाजिक समावेशीकरण** | | | | |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | नगरपालिकामा महिला उद्यमीहरूको | संख्या | ४५ | ३०० |
| | प्रतिफल | पूर्णरूपमा आत्मनिर्भर एकल महिलाको संख्या (प्रतिशतमा बढाउँदै लैजाने) | प्रतिशत | | १०० |
| | प्रतिफल | बालश्रमिकहरू (घटाउँदै लैजाने) | संख्या | | १०० |
| | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | ० | १ |
| | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | ० | १ |
| | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | ० | १ |
| | असर | सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | प्रतिशत | | १०० |
| | असर | सार्वजनिक निकायहरूको नीतिनिर्माण पदहरूमा रहेका महिलाहरूको अनुपात | प्रतिशत | ३३ | ५० |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका जनजातिको प्रतिशत | प्रतिशत | ३३ | ५० |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका आदिवासीको प्रतिशत | प्रतिशत | ३३ | ५० |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मधेशीको प्रतिशत | प्रतिशत | ३३ | ५० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका मुस्लिमको प्रतिशत | प्रतिशत | ३३ | ५० |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका पिछडा वर्गको प्रतिशत | प्रतिशत | ३३ | ५० |
| | असर | सार्वजनिक निकायहरूका नीति निर्माण पद, राजनीति तथा कर्मचारी तन्त्रको पदमा रहेका अल्पसंख्यकको प्रतिशत | प्रतिशत | ३३ | ५० |
| | प्रतिफल | महिला, किशोरी तथा बालबालिकाहरूको बेचबिखन (सङ्ख्या) | संख्या | | ० |
| | असर | श्रमशक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात | प्रतिशत | १.१:१ | १:१ |
| | असर | महिलाले घरायसी काममा खर्चेको औसत समय/घण्टामा | घण्टामा | १४ | ८ |
| | असर | नगरपालिकाबाट  राष्ट्रिय संसद्मा प्रतिनिधित्व (प्रतिशत) | प्रतिशत | | १ |
| | असर | नगरपालिका प्रादेशिक संसदमा प्रतिनिधित्व (प्रतिशत) | प्रतिशत | | १ |
| | असर | स्थानीय सरकारका तहहरूमा प्रतिनिधित्व (Bodies) (प्रतिशत) | प्रतिशत | १०० | १०० |
| | असर | निजी क्षेत्रको निर्णायक तहमा महिलाहरूको सहभागिता (प्रतिशत) | प्रतिशत | ३३ | ५० |
| | असर | सहकारी क्षेत्रमा महिलाहरूको सहभागिता (प्रतिशत) | प्रतिशत | | ५० |
| | प्रतिफल | महिलाहरूको स्वामित्व भएका उद्यमहरूको सङ्ख्या | संख्या | ४५ | ३०० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) | संख्या | ७.२ | २० |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन) | संख्या | ९.६ | २० |
| | प्रतिफल | महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व ( घर) | संख्या | १०.७ | २० |

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको प्राकृतिक विपद आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।

## (आ) बालबालिका

### पृष्ठभूमि

बालबालिकाको क्षेत्रमा गरेको लगानीले बालबालिकाको समग्र अवस्थाले भोलिको राष्ट्र निर्माण तथा समाज निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुनेछ भन्ने निर्धारण गरिने वृहद लगानीसँग गाँसिएका विषयहरू हुन् । यस प्युठान नगरपालिकामा राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार ० देखि १४ वर्ष उमेर समूहका बालका ६७०४ जना र बालिका ५९६७ गरी जम्मा १२६७१ जना रहेका छन् । जम्मा जनसंख्या मध्यको बालबालिकाको संख्या ३०.०८ प्रतिशत रहेको छ। यो जनसांख्यिक हिसावले जनसंख्याको ठुलो हिस्सा मानिन्छ। बालबालिकाको संख्या धेरै हुनुले नगरपालिकाको ठुलो रकम यि बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गर्नुपर्ने देखाउछ ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- स्थानीय सरकारले बाल सरोकारका विषयलाई आफ्ना नीति तथा कार्यक्रममा महत्व दिने गरेको ।
- माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको जिम्मेवारीमा रहेको ।
- सङ्घीयता पश्चात बालबालिकाको मौलिक अधिकार संरक्षणको जिम्मेवारी स्थानीय सरकारलाई आएको ।
- नगरपालिकाको ठुलो हिस्सा बालबालिका भएकोले उनीहरूको राम्रो हेरचाह गर्न सबै भविष्यका लागि असल समाज र नागरिक निर्माण गर्न सकिने ।
- नेपालको संविधान २०७२ ले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको ।
- योजना निर्माण र अन्य कार्यमा बालबालिकाहरूलाई संलग्न गराइएको ।

### दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- राज्यद्वारा बालबालिकाको क्षेत्रमा गरेको लगानि पर्याप्त र प्रभावकारी नभएको
- विपन्नताका कारण धेरै बालबालिकाहरू आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनुपरेको ।
- बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिएको ।
- बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नु चुनौती र जिम्मेवारी रहेको

- समयमै बालबालिकाका सवालहरूको सम्बोधन गर्न नसके भोलिको भविष्य अनिश्चित र अन्धकार हुने जोखिम रहेको ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

नैसर्गिक अधिकार पूर्ण बालमैत्री समाज

### लक्ष्य

बालबालिकाको, अधिकार अन्तर्गत स्वास्थ्य, पोषण, उचित स्याहार र शिक्षाका आधारभूत आवश्यकता पूरा गर्ने

### उद्देश्यहरू

१. बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्ने ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्ने ।** | |
| १.१ बाल अधिकार सम्बन्धी जनचेतना जागरण गर्ने | १.१.१ बाल अधिकार र बालबालिकामा गरिने लगानीका सम्बद्धमा अभिभावकहरूलाई सचेत बनाउने कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिने छ ।<br>१.१.२ बालबालिकाहरू स्वंयलाई बालबालिकाका आवश्यकता र अधिकारका विषयमा सचेत तुल्याउन विद्यालय पाठ्यक्रम बाहेक स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.३ बालमैत्री स्थानीय शासन (CFLG) कार्यक्रम कार्यान्वयन गर्ने हेतुले नगरपालिकाका समग्र बालबालिकाको वस्तुगत अवस्थाबारे अध्ययन गरी बालबालिका स्थितिपत्र तयार पारिनेछ । |

| | |
|---|---|
| १.२ अतिविपन्न तथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने | १.२.१ नगरपालिका वर्षभरी खान लगाउन नपुग्ने अतिविपन्न परिवारका तथा असहाय बालबालिकाको व्यक्तिगत विवरण तयार पारिनेछ ।<br>१.२.२ असहाय बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको प्रबन्ध गरिने छ ।<br>१.२.३ नगरपालिकास्तरीय एक असहाय बाल गृहको स्थापना गरिने छ । |
| १.३ बालअधिकार सम्बन्धी नीतिगत सूधार तथा व्यवस्था | १.३.१ नगरपालिकालाई बालश्रम मूक्त घोषणा गर्न गृहकार्य गरिने छ ।<br>१.३.२ बालविवाह मुक्त नगरपालिका घोषणा गर्न गृहकार्य गरिने छ ।<br>१.३.३ सबै प्रकारका बाल हिंसा विरुद्ध आवाज उठाउन सञ्चार माध्यम, सामाजिक संजाल तथा सरकारी र गैर सरकारी संस्थाको सहयोग लिइनेछ ।<br>१.३.४ नगरपालिका तथा वडास्तरीय बालक्लब स्थापना र तीनको प्रभावकारीता वृद्धि गर्न बालबालिकालाई Motivational तथा नेतृत्व विकास तालिम प्रदान गरिने छ ।<br>१.३.५ बालबालिका विरुद्ध हुने हिंसा तथा शोषणका क्रियाकलाप नियन्त्रण गर्न एक बालहेल्प लाईन सेवा सञ्चालन गरिने छ ।<br>१.३.६ नगरपालिकास्तरीय एक बाल उद्यान निर्माण गर्न सम्भाव्यता अध्ययन गरिने छ ।<br>१.३.७ बालबालिकासँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत हरेक महिनाको एक पटक नगरपालिका अध्यक्षसँग बालबालिकाको सरोकार सम्बन्धी बालबालिकासँग प्रत्यक्ष अन्तरक्रिया आयोजना गरिने छ ।<br>१.३.८ बाल प्रतिभा पहिचान विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.३.९ नगरपालिकालाई हाम्रा बालबालिका राम्रा बालबालिकाको मान्यतालाई स्थापित गर्दै बालमैत्री पालिकाको रूपमा घोषणा गरिने छ ।<br>१.३.१० बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० बमोजिम पालिकाको उपाध्यक्ष/उपप्रमुखले तोकेको कार्यपालिकाको |

| | |
|---|---|
| | सदस्यको अध्यक्षतामा स्थानीय बालअधिकार समिति गठन गरिने छ ।<br>१.३.११ऐनको दफा ६१ बमोजिम बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन र अनाथ र असहाय बालबालिकालाई संरक्षण प्रदान गर्न एक जना बालकल्याण अधिकारी नियुक्त गरिने छ ।<br>१.३.१२ स्थानीयस्तरमा बाल मनोविज्ञानको रूपमा काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको योग्यता पूरा गरी स्थानीय बालअधिकार समितिमा सूचीकृत हुने प्रावधान लागू गरिने छ ।<br>१.३.१३ऐनको दफा ६३ बमोजिम बालबालिकालाई तत्काल संरक्षण, उद्धार, राहत र पुनर्स्थापना गर्न एक बालकोष निर्माण गरिने छ ।<br>१.३.१४ बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ५२ बमोजिम पालिकाले बालगृहको स्थापना गरिने छ ।<br>१.३.१५ बाल प्रतिभा पहिचान विशेष कार्यक्रम सञ्चालन गरिने छ । |

## बालबालिकाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | संख्या | ० | १० | २०० | | ० | | ० | | ० | | ० | २० | न.पा. |
| | | १.१.२ | स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम | संख्या | ० | ६० | ६०० | ६० | ६०० | ६० | ६०० | ६० | ६०० | ६० | ६०० | १० | न.पा. |
| | | १.१.३ | बालबालिकाको वस्तुगत स्थितिपत्र तयारी | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.१.४ | विशेष अवसर (बाल दिवस) मा सप्ताहव्यापि बालअधिकार जागरण अभियान सञ्चालन | संख्या | ० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १०० | न.पा. |
| | १.२ | १.२.१ | अतिविपन्न, असहाय बालबालिको व्यक्तिगत विवरण तयारी | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.२.२ | अति विपन्न तथा असहाय बालबालिकाको, शिक्षा स्वास्थ्य र पोषणको प्रबन्ध | संख्या | ० | १ | २०० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | १.२.३ | बालगृहको निर्माण | संख्या | ० | १ | २००० | | ० | | ० | | ० | | ० | २००० | न.पा. |
| | १.३ | १.३.१ | बालश्रम मुक्त नगरपालिका घोषणा | संख्या | ० | | ० | | ० | १ | ५०० | | ० | | ० | ५०० | न.पा. |

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ। नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठुलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा वि.सं. २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। यस नगरपालिकामा विशेषगरी पहिरो, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढैंलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन्। यस्ता प्रकोपहरू पूर्ण नियन्त्रण गर्न नसकेपनि आवश्यक अध्ययन गरी प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। हाल कोभिड-१९ ले जीवन थप जटिल बनाएको छ। यसका लागि नगरपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्ने योजना रहेको छ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- नगरपालिकाले विपत न्यूनीकरणको लागि अहिले देखी नै पूर्व तयारीमा लाग्न विपद व्यवस्थापन समिति गठन गर्न सकिने।
- भुकम्प, कोभिड-१९, बाढी जस्ता प्रकोप नियन्त्रणका लागि नगरपालिकामा आपतकालीन विपत व्यवस्थापन कोष स्थापना भएको।
- पालिकास्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन भएको।

- विपद्का बेला जम्मा हुने स्थान, सूचना दिने संयन्त्र, आकस्मिक स्वास्थ्य सेवा, उद्धार कोषको व्यवस्था रहेको ।

## दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- भिमरुक नदी आसपास रहेका बस्ती र भिमरुक फाँट वर्षायाममा बाढी र कटानको जोखिममा रहेको ।
- बर्सेनि वर्षातको समयमा नदी कटान तथा भू-क्षय समस्या हुने गरेको
- जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेका, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको
- प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद् जोखिम बढ्दै गएको
- जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद् न्यूनीकरणका लागि ठोस योजना बनाई लागू गर्नुपर्ने ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने

### लक्ष्य

विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना कार्यान्वयनबाट विपद उत्थानसिल समुदाय बनाउने ।

### उद्देश्यहरू

१. प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरण गर्ने
२. विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने
३. क्षतिग्रस्त कमजोर भिरालो जमिनको स्थिरीकरण तथा पहिरो र कटान ग्रस्त क्षेत्रको संरक्षण गर्ने

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|

| उद्देश्य १ : प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरण गर्ने | |
|---|---|
| १.१. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने । | १.१.१. नगरपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरू राखिनेछ ।<br>१.१.२. नगरपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिने छ । |
| १.२. विपद् पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने । | १.२.१. बाढी, मौसम लगायतको पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा संचालन गरिने छ ।<br>१.२.२. प्रकोप सम्भाव्य स्थलहरूमा विपद् पूर्व संकेत दिने उपकरणहरू जडान गरिने छ ।<br>१.२.३. नियमित रूपमा भैरहने प्राकृतिक प्रकोपको अध्ययन गरी प्रकोप पात्रो तयार गरिने छ ।<br>१.२.४. विपद् सम्बन्धी पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चार माध्यम मार्फत सम्प्रेषण गरिने छ । |
| १.३. बिमा योजना लागू गर्ने । | १.३.१. विपद् सम्भावित क्षेत्रका प्रत्येक नागरिकको अनिवार्य बिमा योजना लागू गरिने छ र अति विपन्न परिवारको बिमा नगरपालिकाले गरिदिनेछ । |
| **उद्देश्य २ : विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने** | |
| २.१. विपत व्यवस्थापन योजना निर्माण गर्ने । | २.१.१. नगरपालिकामा आइपर्ने प्रमुख प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरूको पहिचान गरी एकीकृत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गरिने छ । |
| २.२. विपत व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने । | २.२.१. विपतको बेला पिउने पानी, खाद्यान्न, औषधी उपचार आदिको पूर्वतयारी गर्न वडा स्तरीय संयन्त्र निर्माण गरिने छ ।<br>२.२.२. विपतका बेला भेला हुने खुल्ला स्थानहरू तय गरी पूर्वाधार निर्माण गरिने छ ।<br>२.२.३. स्वास्थ्यकर्मीहरू सम्मिलित नगरपालिकास्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिने छ ।<br>२.२.४. बेलाबेलामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरू संचालन गरिने छ । |

| | |
|---|---|
| | २.२.५.वडास्तरमा युवाहरू सम्मिलित विपद् प्रतिकार्य स्वयंसेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गरिने छ ।<br>२.२.६. विपद व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिने छ<br>२.२.७विपतका बेला आवश्यक पर्ने उपकरण, उद्धार सामाग्री, एम्वुलेन्स, स्काभेटर, डोरी, पाल लगायतका सामाग्रीहरूको जोहो गरिने छ । |
| २.३. विपद् व्यवस्थापन कोष प्रभावकारी बनाउने । | २.३.१. नगरपालिकामा कोभिड १९ को रोकथाम तथा नियन्त्रण गर्न, भूकम्प, असीना, आगलागी, बाढी, सर्पको टोकाइ, चट्याङ जस्ता महामारीबाट प्रकोप, दुर्घटना, बादर लगायतका जनावरको आतंक आदिको व्यवस्थापन गर्न स्थापित "विपद व्यवस्थापन कोष" व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गरिने छ । |
| २.४.स्थानीय संरचना निर्माण मापदण्ड प्रभावकारी बनाउने । | २.४.१. घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सापास, माटो परीक्षण तथा फिल्ड चेकजाँच गरेर विपद् जोखिम अध्ययन पश्चात मात्र विपद प्रतिरोधी संरचनाहरू निर्माण गरिने छ । |
| २.५. जलवायु अनुकूलन तथा जलवायु परिवर्तन न्यूनीकरणका लागि क्षमता विकास गर्ने । | २.५.१. जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिइनेछ ।<br>२.५.२. जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीयस्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू संचालन गरिने छ ।<br>२.५.३. स्थानीयस्तरमा तथा बिद्यालयहरूमा जलवायु परिवर्तनका बारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ । |
| २.६.जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २.६.१.विपद्बाट बच्ने उपायका बारेमा सचेतना कार्यक्रमलाई समुदायमा अभियानका रूपमा सञ्चालन गरिने छ । |

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १ | १.१. | १.१.१. | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.२. | उच्च जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गर्ने | संख्या | ० | | ० | १ | ५००० | | ० | | ० | | ० | ५००० | न.पा. |
| | १.२. | १.२.१. | विपद् पूर्वानुमान तथा पूर्व सूचना प्रणालीको विकास र सञ्चालन | संख्या | ० | १ | ४०० | | ० | | ० | | ० | | ० | ४०० | न.पा. |
| | | १.२.२. | विपद् पूर्व संकेत दिने उपकरण जडान | संख्या | ० | १ | ५००० | | ० | | ० | | ० | | ० | ५००० | न.पा. |
| | | १.२.३. | प्रकोप पात्रो तयार | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.२.४. | विपद् सम्बन्धी पूर्व सूचना सम्प्रेषण | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | १.३. | १.३.१. | बिमा योजनामा अनुदान | संख्या | ० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | २००० | न.पा. |
| २ | २.१. | २.१.१. | एकीकृत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | २.२. | २.२.१. | वडा स्तरीय विपद् व्यवस्थापन संयन्त्र निर्माण | संख्या | ० | १० | २००० | | ० | | ० | | ० | | ० | २०० | न.पा. |
| | | २.२.२. | खुल्ला स्थान तय गरी पूर्वाधार निर्माण | संख्या | ० | १० | १०००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २.२.३. | संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन माहामारीका लागि आइसोलेसन केन्द्र निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | २.२.४. | उद्धार सम्बन्धित पूर्वाभ्यास सञ्चालन | संख्या | ० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ३०० | न.पा. |
| | | २.२.५. | विपद् प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | संख्या | ० | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | ३५० | न.पा. |
| | | २.२.६. | विभिन्न संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | २.२.७ | विपत् उद्धार सामाग्री खरिद | संख्या | ० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | १ | २००० | २००० | न.पा. |
| | २.३. | २.३.१. | विपद् व्यवस्थापन कोष निर्माण तथा रकम थप | संख्या | ० | १ | ५००० | | ० | | ० | | ० | | ० | ५००० | न.पा. |
| | | २.३.१ | तारजाली व्यवस्थापन | संख्या | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १००० | न.पा. |
| | | २.३.१. | सबै वडा मा कटान रोक्न तटबन्धन | संख्या | ० | १ | ९००० | १ | ९००० | १ | ९००० | १ | ९००० | १ | ९००० | ९००० | न.पा. |
| | २.४. | २.४.१. | विपद् प्रतिरोधी संरचनाहरू निर्माण मापदण्ड लागू | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | २.५. | २.५.१. | विज्ञसँग परामर्श सेवा लिने | संख्या | ० | १ | २० | १ | २० | १ | २० | १ | २० | १ | २० | २० | न.पा. |
| | | २.५.२. | तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | संख्या | ० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १२० | न.पा. |
| | | २.५.३. | अन्तरक्रिया कार्यक्रम संचालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २.६. | २.६.१. | सचेतना अभियान सञ्चालन | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- ✓ विपदहरूको जोखिम नक्साङ्कन भएको हुने
- ✓ भौतिक संरचनाहरू मापदण्ड बमोजिम विपद् प्रतिरोधी भएको हुने
- ✓ विपद् पूर्वानुमान तथा पूर्वसूचना प्रणाली प्रभावकारी भएको हुने
- ✓ विपद् सम्बन्धी नीति तथा योजना बनेको हुने
- ✓ विपदबाट हुने क्षतिमा न्यूनीकरण भएको हुने
- ✓ जलवायु परिवर्तनका असरहरूको अनुकूलन तथा न्यूनीकरण भएको हुनेछ ।

**नतिजा सूचक**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | **विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन** | | | | |
| | प्रतिफल | विपद्को कारण ज्यान गुमाउनेको संख्या | संख्या | ० | ० |
| | प्रतिफल | विपद्को कारण घाइते हुनेको संख्या | संख्या | ० | ० |
| | असर | विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | | ० |
| | प्रतिफल | विपद्को बेला भेला हुने स्थानको | संख्या | २ | ० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | दमकल संख्या | संख्या | २ | २ |
| | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | ० | १ |
| | प्रतिफल | विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | १ | १ |
| | असर | भूकम्प प्रतिरोधी घरको प्रतिशत | | १०.४ | २५ |
| | प्रतिफल | जलवायु परिवर्तन अनुकूलन योजना अन्तर्गत समुदायस्तरमा कार्यान्वयन भएका कार्यक्रमहरूको संख्या | संख्या | ० | ५० |
| | प्रतिफल | जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | १४ | १४ |
| | असर | जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या | प्रतिशत | १०० | १०० |

## अनुमान तथा जोखिम पक्ष

- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपद आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।

# परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### पृष्ठभूमि

वास्तविक रूपमा स्थानीय जनताका मर्म र आकांक्षा अनुरूप असल शासनको स्थापना गरी सेवा प्रवाहमा जनताको सहज पहुँचको अनुभती दिलाउन सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ। राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी शासन, जनसहभागिता, शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको पुर्ण पालना गर्न सकेको खण्डमा मात्र संघीय संविधानको मर्मअनुरूप हाल अवलम्बन गरिएको सङ्घीयताको मर्म अनुरूप जनताको घरदैलोमै राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ। नगरपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, इन्टरनेट नेटवर्किङ मार्फत वडालाई नगरपालिका केन्द्रसँग जोड्ने कार्य, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई अझ चुस्त र व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक छ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- नगरपालिकाले तीन वर्षिय संस्थागत क्षमता विकास तथा मानव संशाधन विकास योजना निर्माण गरेको।
- नगरपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्राप्त भएको
- सेवामा नियमितता, पारदर्शिता र जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाह गरिएको।
- जनादेश प्राप्त निर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त तथा सरल बनाउन सबै वडा कार्यलयहरूलाई नगरपालिकासँग Broad Band अर्थात् High Speed Internet बाट नेटवर्किङ कार्य भैरहेको।
- न्यायिक समितिको व्यवस्था भएको।
- विपन्न, न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक, हिंसा पीडित महिला र द्वन्द पीडितको अभिलेख तयार गर्ने पहल भएको।

- विभिन्न विषयगत शाखा सेवा सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको विकास भएको ।
- स्थानीय सरकारले भ्रष्टाचारशून्य प्रशासनको नीति लिएको ।
- कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था भएको ।
- केही वडा कार्यालय भवन निर्माण योजना सम्पन्न हुने चरणमा रहेको ।
- स्थानीय जनशक्तिको परिचालन गरी योजना-आयोजनाहरूलाई कम खर्चिलो बनाउने नीति लिइएको ।
- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र राजश्व सन्कलनलाई विद्युतीय सूचना प्रणालीमा विकास गरिएको ।
- गुनासो तथा सुझाव सङ्कलनको व्यवस्था भएको ।
- कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको ।
- सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको ।
- युवा स्वरोजगारका कार्यक्रमलाई प्राथमिकतामा राखिएको ।
- सामाजिक सुरक्षा भत्ता वितरण बैकिंग हुनुका साथै सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको ।
- ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, सीमान्तकृत र विपन्न वर्गका बासिन्दाका लागि विशेष सहयोगको व्यवस्था भएको ।
- नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण र सदुपयोग गर्ने योजना रहेको ।
- नगरपालिका तथा मातहतका कार्यालयहरूमा क्षतिपुर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्न सकिने ।
- कार्यपालिकाको निर्णय सार्वजनिक गरी जनताप्रति उत्तरदायी हुने संस्कार विकास गर्न सकिने ।
- नगरपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता नगरपालिका स्तरमा बनाएर लागु गरिएको ।
- E-governance को सुरुवात गर्न सकिने ।
- न्यायिक समितिलाई पूर्णता दिई आफ्नो अधिकार क्षेत्रभित्रका विवाद व्यवस्थापन गर्न सकिने ।

- स्थानीय सरकार स्वायत्त भएका कारण नगरपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने ।
- विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने ।
- जनगुनासोलाई तत्काल सम्बोधन गरी जनताका समस्या समाधान गरीजनताको मन जित्न सकिने ।
- आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने ।
- आवश्यकता अनुसार प्रहरी तथा सुरक्षा निकायको व्यवस्थापन गर्न सकिने ।
- सञ्चार माध्यम मार्फत नगरपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्ने गरिएको ।

## दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- लामो राजनैतिक संक्रमणबाट स्थापित नयाँ संघीय प्रणाली अनुरूपको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको ।
- जनप्रतिनिधि र जनताहरूको संघीयताको अभ्यास तथा अनुभव नभएको ।
- स्थानीयवासीको राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको ।
- संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको ।
- केही वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका आफ्नै कार्यालय भवन नभएको ।
- नगरपालिका केन्द्र/वडाकेन्द्रमा पर्याप्त भौतिक सामग्री (फर्निचर, कन्प्युटर, ल्यापटप आदि) उपलब्ध नभएको ।
- जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई संघीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने ।
- सेवा प्रवाह र विकास निर्माणका काममा आर्थिक अनियमितता वृद्धि हुन सक्ने ।
- पूर्वाग्रहरहित न्याय प्रणाली विकास गर्नुपर्ने ।
- राजश्व अपचलन हुन सक्ने ।
- जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वय र कर्मचारी व्यवस्थापनमा कठिनाइ हुन सक्ने ।

- जनउत्तरदायी र जनतामैत्री शासन प्रणालीको विकास गर्नुपर्ने ।
- सबै कार्यालयलाई कर सूचनामैत्री तथा प्रविधियुक्त बनाउन ठुलो बजेटको आवश्यकता पर्ने ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

सबल, सक्षम, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना

### लक्ष्य

सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ,  समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने

### उद्देश्यहरू

१. भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउने ।

२. नगरपालिकाको विकास गतिविधि तथा सेवा प्रवाह प्रणालीलाई सरल, स्पष्ट र जवाफदेही बनाउने

३. नगरपालिकाको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्ने

४. नगरपालिकाको स्रोत परिचालन क्षमता तथा राजस्व प्रणाली सुदृढ बनाउने

५. योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.१जनचासोमा केन्द्रित जनमूखी सरकार महशुस हुने सेवा प्रणाली प्रवर्द्धन गर्ने | १.१.१नियमित रुपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी राज्यद्वारा प्रवाह हुने सेवामा रहेका जन गुनासो र चासोको अध्ययन गरिने छ ।<br>१.१.२राज्यको कानुनको परिधिमा रहि सेवा प्रवाहलाई दुरुस्त बनाउन नागरिक सर्वेक्षणका आधारमा कर्मचारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.३वडास्तरमा आवश्यकता अनुसार “घुम्ती स्थानीय सरकार” कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.४ सेवा प्रवाहलाई दुरुस्त राख्न विद्युतिय सूचना प्रणालीमा रूपान्तरण गर्न आवश्यक Software हरूको प्रबन्ध गरिने छ । |

| | |
|---|---|
| | १.१.५ कर्मचारीहरू लाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक तालिमको प्रबन्ध गरिने छ ।<br>१.१.६ जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण गरिने छ ।<br>१.१.७ सूचना प्रविधिमा वडाका क्रियाकलापलाई समेट्न आवश्यक पूर्वाधार खरिद गरिने छ ।<br>१.१.८ इन्टरनेट सुविधाको स्तर वृद्धि गरी प्रत्येक वडामा दिगो इन्टरनेट सुविधा सुनिश्चित गरिने छ ।<br>१.१.९ सार्वजनिक अभिलेख प्रणाली र पञ्जिकरणलाई प्रविधि मैत्री र पूर्ण अद्यावधिक हुने संयन्त्र निर्माण गरिने छ ।<br>१.१.१० स्थानीय न्यायिक समितिलाई स्रोत साधन यूक्त बनाइनेछ ।<br>१.१.११ आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरिने छ ।<br>१.१.१२ स्थानीय सञ्चार माध्यम मार्फत स्थानीय सरकार रेडियो कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.१३ उत्कृष्ट कर्मचारी पुरस्कारको प्रबन्ध गरिने छ ।<br>१.१.१४ सार्वजनिक सूचना प्रणालीमा जनताको सहज पहुँच हुने संयन्त्र निर्माण गरिने छ ।<br>१.१.१५ विकासमा निजी क्षेत्रको सहयोग लिन नियमित अन्तरक्रिया आयोजना गरिने छ ।<br>१.१.१६ सङ्गठन व्यवस्थापन सर्वेक्षण अनुरुप दरवन्दी व्यवस्थापन गरिने छ ।<br>१.१.१७ जनप्रतिनिधि र कर्मचारी केन्द्रित क्षमता विकास सुशासन र सदाचार सम्बन्धी तालिम तथा अभिमुखीकरण गरिने छ ।<br>१.१.१८ पूँजीगत खर्चको पात्रो तयार गरी सार्वजनिक खर्च अन्तर्गत पूँजीगत खर्च क्षमता विकास गरिने छ ।<br>१.१.१९ विकास निर्माणमा प्रगति विवरणलाई जनतासामू नियमित सार्वजनिक गर्न सूचना प्रविधिको विकास गरी सहज र पहुँच योग्य बनाइने छ ।<br>१.१.२० आयोजना तथा निर्माणस्थलमा आयोजनाको विस्तृत विवरण सम्बन्धी बोर्ड अनिवार्य राखिनेछ । |

| | |
|---|---|
| | १.१.२१ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक सुधार गरिने छ ।<br>१.१.२२ वडा स्तरमा सञ्चालन हुने विकास योजनाहरु वडाको भूगोल, जनसंख्या र मानव विकास जस्ता सूचकहरुलाई आधार मानी प्राथमिकताका आधारमा सञ्चालन गरिने छ ।<br>१.१.२३ नगरपालिका भित्र संचालन हुने गतिविधि र नगरपालिकाले प्रवाह गर्ने सेवाबाट उठ्ने राजस्व जस्ता कुराहरुलाई software system मार्फत लागू गरिने छ ।<br>१.१.२४ नागरिकहरूलाई प्रवाह गरिने सेवा एकद्वार प्रणालीमार्फत गरिने छ ।<br>१.१.२५ स्थानीय तहमा आवश्यक पर्ने सामग्री खरिद गर्दा स्थानीय तहमा सञ्चालित व्यवसायीलाई प्राथमिकता दिइने ।<br>१.१.२६ सार्वजनिक सुनुवाइका कार्यक्रम नियमित गरिने छ । |

## सुशासन तथा सेवा प्रवाहको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.१.२ | सर्वेक्षणका आधारमा कर्मचारी तथा जनप्रतिनिधि अभिमुखीकरण | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.१.३ | घुम्ती स्थानीय सरकार कार्यक्रम | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.४ | Governance Software खरिद | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.१.५ | IT तालिम (कर्मचारी) | संख्या | ० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ३०० | न.पा. |
| | | १.१.६ | गुनासो सम्बोधन पूर्वाधार खरिद | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.७ | सूचना प्रविधि पूर्वाधार खरिद | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.१.८ | इन्टरनेट स्तरवृद्धि र सेवा विस्तार | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.१.९ | सार्वजनिक अभिलेख र पञ्जिकरण डिजिटलाइजेसन | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.१० | न्यायिक समिति क्षमता विकास | संख्या | ० | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | १ | ३५० | ३५० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.११ | आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन | संख्या | ० | १ | ५० | | ० | | ० | | ० | | ० | ५० | न.पा. |
| | | १.१.१२ | स्थानीय सरकार रेडियो कार्यक्रम | संख्या | ० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १२० | न.पा. |
| | | १.१.१३ | उत्कृष्ट कर्मचारी पुरस्कार | संख्या | ० | १ | २० | १ | २० | १ | २० | १ | २० | १ | २० | २० | न.पा. |
| | | १.१.१४ | सार्वजनिक सूचना व्यवस्थापन प्रणाली निर्माण | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.१५ | निजी क्षेत्र अन्तरक्रिया | संख्या | ० | १ | ३० | १ | ३० | १ | ३० | १ | ३० | १ | ३० | ३० | न.पा. |
| | | १.१.१६ | O and M Survey | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.१.१७ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तालिम | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.१.१८ | पूँजीगत खर्च पात्रो निर्माण | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.१.१९ | विकास निर्माण प्रगति विवरण Display Board निर्माण | संख्या | ० | १ | ४५० | | ० | | ० | | ० | | ० | ४५० | न.पा. |
| | | १.१.२० | आयोजना स्थल विवरण प्रकाशन | संख्या | ० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | २०० | न.पा. |
| | | १.१.२१ | नागरिक वडापत्र कार्यान्वयन सुधार योजना निर्माण | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.१.२२ | प्राथमिकताका आधारमा विकास योजनाहरु सञ्चालन | संख्या | ० | १ | ५००० | १ | ५००० | १ | ५०० ० | १ | ५०० ० | १ | ५०० ० | ५००० | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.२३ | Software system लागू | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.१.२४ | एकद्वार प्रणाली मार्फत सेवा प्रवाह | संख्या | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १००० | न.पा. |
| | | १.१.२५ | स्थानीय तहमा सञ्चालित व्यवसायीलाई प्राथमिकता | संख्या | ० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | १००० | न.पा. |
| | | १.१.२६ | सार्वजनिक सुनुवाइ संचालन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- जनचासोमा केन्द्रित जनमुखी सरकार महसुस हुने सेवा प्रणालीको विकास भएको हुनेछ ।

**नतिजा सूचक**

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| १. | **सुशासन तथा सेवा प्रवाह** | | | | |
| | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | ० | १ |
| | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | ० | १ |
| | प्रतिफल | अनुगमन | संख्या | निरन्तर | निरन्तर |
| | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | | १०० |
| | असर | लक्षित आयोजना सम्पन्न | प्रतिशत | १०० | १०० |

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | प्रतिफल | न्यायिक समितिबाट फछ्र्यौट मुद्दा संख्या (वार्षिक) | संख्या | | १०० |
| | प्रतिफल | जनगुनासो संख्या | संख्या | | ५ |
| | प्रतिफल | गुनासो सम्बोधन प्रणालीबाट सम्बोधन भएका गुनासा | प्रतिशत | | १०० |

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

## ८.२ मानव अधिकार तथा सामाजिक न्याय

### पृष्ठभूमि

मानवहित र सामाजिक न्यायका निम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकता बारे ज्ञान हुनुपर्दछ । आधारभूत तहमा मौलिक हकको रूपमा नेपालको संविधानले प्रत्याभूत गरेका मानवअधिकार उपभोगको सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरूजस्तै प्रशासन, प्रहरी र राज्यका संबैधानिक अंगहरूजस्तै न्यायालय, मानव अधिकार आयोग, स्थानीय न्यायिक समिति, आदि हुन् । स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नु पर्ने भएकोले स्थानीय विकास योजनाका यि विषयको सम्बोधन गरिएको छ ।

### सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू

- मानव अधिकारको विश्वव्यापि घोषणापत्रका प्रमुख मूल्य र मान्यतालाई नेपालको संविधानले आत्मसाथ गरी मौलिक हकमा व्यवस्था गरेको ।
- स्थानीय सरकारलाई मानव अधिकार रक्षा गर्ने अधिकार प्राप्त हुनु ।
- स्थानीय न्यायिक समितिको प्रबन्ध हुनु ।
- स्वतन्त्र न्यापालिकाको परिकल्पना गरी न्याय सम्पादन संयन्त्र निर्माण हुनु ।
- स्थानीय स्तरमा मानव अधिकार र सामाजिक न्यायका पक्षमा जनचेतना वृद्धि हुँदै जानु ।

### दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू

- समाजमा सामाजिक जागरणको अवस्था कमजोर हुनु ।
- परम्परागत रूपमा रहेका अन्धविश्वास, कुरिति, कुसंस्कार र भेदभावपूर्ण सामाजिक प्रणालीमा कारण सामाजिक न्याय संकटमा पर्नु ।
- अशिक्षा, अज्ञानता र पछौटेपन कायमै रहनु ।
- गरिबी र विपन्नता कायमै रहनु ।
- मानव अधिकारयुक्त पूर्ण सामाजिक न्याय स्थापित गर्ने चुनौती हुनु ।

### उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### दीर्घकालीन सोच

सामाजिक रुपले न्यायपूर्ण समाजको निर्माण

## लक्ष्य

मानव अधिकार उल्लङघनका घटनाहरूमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने

## उद्देश्यहरू

१. मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्ने ।** | |
| १.१ मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र शशक्तिकरण गर्ने | १.१.१ मानव बेचविखन र ओसार पसारका दृष्टिकोणले अत्यन्त जोखिममा रहेका वर्ग क्षेत्र र समुदायको सूक्ष्म ढंगले अध्ययन गरी स्थितिपत्र तयार पारिनेछ ।<br>१.१.२ मानवअधिकार उल्लङघन तथा मानव बेचविखन र ओसारप्रसार विरुद्ध व्यापक रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्यम, सामाजिक सञ्जाल र पत्रकारहरूको सहयोग लिइनेछ ।<br>१.१.३ यौन हिंसा, यौन शोषण र बलात्कार जस्ता जघन्य अपराध न्यूनीकरण गर्न कानुनी उपचार खोज्न र दोषीलाई कानुनको दायरामा ल्याउन प्रत्येक वडामा महिला अधिकारकर्मीहरू, समाजसेवीहरू, राजनैतिक नेतृहरू तथा आमा समूहहरूको अगुवाइमा एक शसक्त मानव अधिकार सेलको गठन गरिने छ ।<br>१.१.४ वेपत्ता पारिएका, द्वन्द पीडित, बेचबिखनमा परेका, शहिद परिवार, लक्षित परिवारको लगत संकलन गरी उनीहरूको शसक्तिकरणका तथा सामाजिक पुन स्थापनाका लागि विशेष प्याकेज निर्माण गरी आयआर्जन र सामाजिक एकिकरणलाई सहज बनाइने छ ।<br>१.१.५ मानव अधिकार उल्लङ्घनका घटनाहरू न्यायिक समितिमा दर्ता गर्न वडास्तरीय महिला सेल गठन गरी सचेतना कार्यक्रम सञ्चालन गरिने छ । |

| | |
|---|---|
| | १.१.६ माध्यमिक तहमा अध्ययनरत छात्र छात्रा केन्द्रित यौन हिंसा, यौन शोषण, बलात्कार, दाइजो र बाल अधिकारका विषयमा हरेक महिनामा एक पटक हुनेगरी घुम्ती कक्षा सञ्चालनको व्यवस्था मिलाईने छ ।<br>१.१.७ न्यायमा पहुँच नभएका विपन्न वर्गहरूलाई निःशुल्क कानुनी परामर्श सेवा दिन संस्थागत व्यवस्था गरिने छ ।<br>१.१.८ संविधान प्रदप्त सबै मौलिक हकहरूको कार्यान्वयन गराउन आवश्यक संयन्त्रको विकास गर्न अध्ययन गरी आवश्यक स्थानीय कानुन र राज्यका यन्त्रको प्रबन्ध गरिने छ । |

## मानव अधिकार तथा सामाजिक न्यायको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | जोखिम समूह र व्यक्तिको पहिचान गर्ने | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.२ | सामाजिक सञ्जाल तथा स्थानीय संचार माध्यम मार्फत जनचेतनामूलक कार्यक्रम | संख्या | ० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १ | १२० | १२० | न.पा. |
| | | १.१.३ | वडास्तरीय मानव अधिकार सेल गठन | संख्या | ० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | १०० | न.पा. |
| | | १.१.४ | आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि लक्षित समूह आय आर्जन कार्यक्रम | संख्या | ० | १०० | ५००० | १०० | ५००० | १०० | ५००० | १०० | ५००० | १०० | ५००० | ५० | न.पा. |
| | | १.१.५ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल गठन तथा अभिमुखीकरण | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.१.६ | मानवअधिकार विद्यालय घुम्ती कक्षा संचालन | संख्या | ० | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | ६० | ९०० | १५ | न.पा. |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.७ | निःशुल्क कानुनी परामर्श सेवा सञ्चालन | संख्या | ० | १ | ४८० | १ | ४८० | १ | ४८० | १ | ४८० | १ | ४८० | ४८० | न.पा. |
| | | १.१.८ | मौलिक हक कार्यान्वयन स्थिति बारे अध्ययन | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

मानवअधिकार उल्लङ्घन, मानव बेचविखन, यौन हिंसा र शोषण लगायतका सामाजिक अपराधका घटनाहरूमा महशुस हुनेगरी कमी आएका हुनेछन ।

### नतिजा सूचक

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **१.** | **मानव अधिकार तथा सामाजिक न्याय** | | | | |
| | प्रतिफल | जोखिममा परेका व्यक्तिको संख्या | संख्या | | ० |
| | प्रतिफल | मानव अधिकार सेल संख्या | संख्या | ० | १ |
| | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम संख्या | संख्या | | १० |
| | प्रतिफल | न्यायिक समितिमा दर्ता भएका मानव अधिकार उल्लङ्घनका संख्या | संख्या | | |
| | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा संख्या | संख्या | ० | १ |
| | प्रतिफल | निःशुल्क कानुनी परामर्शबाट दर्ता भएका मुद्दा संख्या | संख्या | ० | १ |

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# ८.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

## पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रूपमा कार्यन्वयन गर्न वस्तुनिष्ठ सूचना र त्यसको सही विश्लेषणको अनिवार्यता हुन्छ। नगरपालिकामा गरिने हरेक किसिमका क्रियाकलापहरू र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा ब्यक्त गर्न मिल्दछ। तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा नगरपालिकाको स्थितिवारे थाहा पाउन सकिन्छ। यसका लागि हरेक सूचनालाई अद्यावधिक गर्ने, सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ। अर्को तर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुदा राज्यको स्रोत र साधनको व्यापक दुरूपयोग हुन सक्ने जोखिम रहन्छ। यि पक्षहरूलाई ध्यानमा राखी तथ्याङ्क व्यावस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापनलाई सुद्धढ तुल्याउन योजनाले सम्वोधन गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ।

## उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

### दीर्घकालीन सोच

चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन

### लक्ष्य

सूचना प्रविधिको अधिकत्तम प्रयोग मार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने

### उद्देश्यहरू

१. स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउने ।

## रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उद्देश्य १: थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउने ।** | |
| १.१सुदृढ अभिलेख प्रणालीको विकास गर्ने | १.१.१ सूचना प्रविधिको प्रयोग गरी स्थानिय सरकार सँग सम्बद्ध सबै सूचना र तथ्यांकको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्यांक तथा सूचना ईकाइ निर्माण गरिनेछ ।<br>१.१.२ सबै प्रकारका सूचनाहरू अद्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी software हरू खरिद गरिने छ ।<br>१.१.३ अभिलेख इकाइमा आवश्यक दरबन्दीको प्रबन्ध गरिने छ । |
| १.२ आर्थिक प्रशसन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तिय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने | १.२.१ सार्वजनिक खर्चका मापदण्ड र मितव्ययिता कायम हुने नीति निर्माण गरी लागू गरिने छ ।<br>१.२.२ अनुगमन प्रणालीलाई दुरुस्त बनाउन वार्षिक कार्य योजना तयार पारिनेछ ।<br>१.२.३ राजश्व संकलनलाई करदाता मैत्री बनाउन आवश्यक अध्ययन गरी सोही अनुसारको प्रणाली विकास गरिने छ ।<br>१.२.४ सम्पूर्ण व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याउन घुम्ती व्यवसाय दर्ता अभियान सञ्चालन गरिने छ ।<br>१.२.५ राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्छ भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिने छ ।<br>१.२.६ राजश्वका स्रोतहरूको पहिचान गर्न राजश्व सुधार कार्य योजना तयार गरी लागू गरिने छ । |

| | |
|---|---|
| | १.२.७ नगरपालिकाका ठूला करदातालाई सार्वजनिक सम्मान गरिने छ । <br> १.२.८ सीमान्तकृत वर्ग र महिला उद्यमीलाई व्यवसाय सञ्चालन गर्न मापदण्डका आधारमा विशेष सहुलियतको प्रबन्ध गरिने छ । <br> १.२.९ नगरपालिकाको आयव्ययको विवरण नियमित रूपमा प्रकाशन गर्ने प्रबन्ध मिलाईने छ । |

## तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | ईकाई | बजेट (रु. हजारमा) | | | | | | | | | | | प्रति इकाइ लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आधार वर्ष | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | | | |
| | | | | | | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | इकाइ | रकम | | |
| १. | १.१ | १.१.१ | तथ्याङ्क तथा सूचना इकाइ गठन | संख्या | ० | १ | ५०० | | ० | | ० | | ० | | ० | ५०० | न.पा. |
| | | १.१.२ | सूचना अभिलेखाङ्कन Software खरिद | संख्या | ० | १ | १००० | | ० | | ० | | ० | | ० | १००० | न.पा. |
| | | १.१.३ | अभिलेख इकाइमा दरवन्दी व्यवस्थापन | संख्या | ० | १ | ४८० | १ | ४८० | १ | ४८० | १ | ४८० | १ | ४८० | ४८० | न.पा. |
| | १.२ | १.२.१ | सार्वजनिक खर्चको मापदण्ड निर्माण | संख्या | ० | १ | ३०० | | ० | | ० | | ० | | ० | ३०० | न.पा. |
| | | १.२.२ | अनुगमन संयन्त्र क्षमता विकास | संख्या | ० | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | १ | २५० | २५० | न.पा. |
| | | १.२.३ | अनुगमन वार्षिक कार्ययोजना तयारी | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |
| | | १.२.४ | करदातामैत्री राजश्व संकलन प्रणाली निर्माण अध्ययन | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |
| | | १.२.५ | करदाता शिक्षा कार्यक्रम | संख्या | ० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५०० | न.पा. |
| | | १.२.६ | राजश्व सुधार कार्ययोजना लागू | संख्या | ० | १ | १०० | | ० | | ० | | ० | | ० | १०० | न.पा. |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.७ | ठूला करदाता सम्मान | संख्या | ० | १ | २५ | १ | २५ | १ | २५ | १ | २५ | १ | २५ | २५ | न.पा. |
| | | १.२.८ | व्यवसाय दर्ता छुट (लक्षित समुदाय) तथा अनुदान | संख्या | ० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १ | न.पा. |
| | | १.२.९ | नगरपालिकाको आयव्यय नियमित प्रकाशन प्रणाली निर्माण | संख्या | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १०० | न.पा. |

## अपेक्षित उपलब्धि तथा नतिजा खाका

- ✓ लक्षित समुदायलाई व्यवसाय दर्तामा छुट तथा अनुदान दिइएको हुने
- ✓ नगरपालिकाको आय व्यय नियमित प्रकाशन गर्ने प्रणालीको विकास भएको हुनेछ ।

### नतिजा सूचक

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| **३.** | **तथ्याङ्क व्यवस्थापन राजश्व परिचालन** | | | | |
| | प्रतिफल | तथ्याङ्क व्यवस्थापन प्रणालीमा आवद्ध सूचना प्रणाली संख्या | | ० | १ |
| | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | | ० | १ |
| | असर | कुल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा (प्रतिशत) | | ५ | २० |

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | अन्तिम वर्ष |
|---|---|---|---|---|---|
| | असर | कुल स्वीकृत बजेटको खर्च प्रतिशत (वार्षिक) | | ८५ | १०० |
| | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | | | १००० |
| | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | | ९९ | १०० |

## अनुमान तथा जोखिम पक्ष

- पूर्ण राजनैतिक स्थिरता तथा आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- कुनै प्रकारको ठुलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

# परिच्छेद ९ : कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि नगरपालिका वा स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्नुपर्दछ ।

## ९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट

यो आवधिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत अनुमानकोआधार कार्यशाला गोष्ठीको छलफल तथा सम्बन्धित प्राविधिकहरूसँग गरिएको छलफलका आधारमा तय गरिएको प्राविधिक संभाव्यता तथा प्रति एकाइ लागत रहेको छ। आवधिक विकास योजनाको नतिजा प्राप्त गर्नका लागि प्रस्तावित आयोजना तथा कार्यक्रम लगायत अति आवश्यक नियमित तथा सालबसाली कार्यक्रम सञ्चालन गर्न आवश्यक स्रोतको अनुमान गरिएको छ। जसअनुसार आवधिक विकास योजना अवधिका लागि कुल ७०,१७,४०० हजार रकम आवश्यक पर्ने अनुमान गरिएको छ । योजनाको प्रतिफल वा विषय क्षेत्रअनुसारको अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका : योजना कार्यान्वयनका लागि विषयक्षेत्र अनुसारको आवश्यक कुल बजेट रु हजारमा**

| क्र. सं. | विषयगत क्षेत्र | रकम (रु.'०००) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २८,७७,२७५ | ४१.०० |
| २ | सामाजिक विकास | २९,०३,४२५ | ४१.३७ |
| ३ | पूर्वाधार विकास | ८,८६,२७५ | १२.६३ |
| ४ | वन, वातावरण, विपद्व्यवस्थापन | २,४३,४५० | ३.४७ |
| ५ | संस्थागत विकास र सुशासन | १,०६,९७५ | १.५२ |
| **कुल जम्मा** | | **७०,१७,४००** | **१००.००** |

तालिका : योजना कार्यान्वयनका लागि विषयक्षेत्र विस्तृत विवरण अनुसारको बजेट विवरण

| क्र.सं. | शिर्षक | आवधिक योजना को लागत |
|---|---|---|
| १ | **आर्थिक विकास** | **२८७७२७५** |
| | कृषि | १५३८८५० |
| | पशुपन्छी विकास | ५०२००० |
| | सिचाई | ८८००० |
| | पर्यटन | २५९७५० |
| | संस्कृति | ९५२५० |
| | उद्योग | ९२२०० |
| | बैक तथा वित्तिय | २७६५० |
| | सहकारी | १६६५० |
| | युवा मानव संसाधन श्रम तथा रोजगार | ८०८२५ |
| | भूमि व्यवस्थापन | ४१४०० |
| | गरिवी निवारण | १३४७०० |
| २ | **सामाजिक विकास** | **२९०३४२५** |
| | स्वास्थ्य | ५४४९५० |
| | शिक्षा, विज्ञान तथा प्रविधि | १५९२२०० |
| | खानेपानी तथा सरसफाई | ३६७५०० |
| | लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण | ६८७२५ |
| | बालबालिका | १५६५० |
| | खेलकुद तथा मनोरञ्जन | १४६३०० |
| | शान्ति सुरक्षा | १५८२०० |
| | शवदाहस्थल तथा चिहान व्यवस्थापन | ९९०० |
| ३ | **पूर्वाधार विकास** | **८८६२७५** |
| | आवास, भवन तथा वस्ती विकास | ४७०५० |
| | सडक तथा यातायात | ७५१९५० |
| | उर्जा | ७३१२५ |
| | सूचना तथा सञ्चार | १४१५० |
| ४ | **वन तथा वातावरण** | **२४३४५०** |

| क्र.सं. | शिर्षक | आवधिक योजना को लागत |
|---|---|---|
| | वन तथा भू-संरक्षण | ३४२०० |
| | जलाधार व्यवस्थापन | ३३६५० |
| | वातावरण संरक्षण | ६५१५० |
| | विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन | ११०४५० |
| ५ | **संस्थागत विकास र सुशासन** | **१०६९७५** |
| | सुशासन तथा सेवा प्रवाह | ५८२०० |
| | मानव अधिकार तथा सामाजिक न्याय | ३९००० |
| | तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ार्यक्रम | ९७७५ |
| **जम्माा** | | **७०१७४००** |

## ९.३ स्रोत अनुमान तथा प्रक्षेपण

प्युठान नगरापलिकाले आफ्नो योजना तथा बजेट निर्माणका क्रममा तलको तालिकाको आधारमा बजेटको सुनिश्चितता गर्ने छ ।

| क्र.सं. | शिर्षक | गत वर्षको यथार्थ | चालु वर्षको संशोधित अनुमान | आगामी वर्षको प्रक्षेपण | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| (क) | सहकारी क्षेत्र | | | | | |
| (ख) | निजी क्षेत्र | | | | | |
| (ग) | व्यक्तिगत सहयता तथा संघ, संस्था | | | | | |
| (घ) | सार्वजनिक क्षेत्र | | | | | |

## ९.४ स्रोत परिचालन रणनीति

स्थानीय सरकारका वित्तीय स्रोतहरु सङ्घीय तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकहरुमा प्राप्त हुने अनुदानहरु हुन् । यसका अलावा सहकारी, समुदाय र निजी क्षेत्रका साथै स्थानीयस्तरमा संकलन हुने

राजश्व समेत वित्तिय स्रोतहरु हुन् । यसर्थ यी सम्पूर्ण स्रोतहरुको समुचित परिचालन मार्फत लक्ष्यहरु हासिल गर्न निम्न स्रोत परिचालन रणनीति तय गरिएको छ ।

१. सार्वजनिक, निजी, सहकारी साझेदारीको अवधाणा अवलम्बन गर्ने ।

२. वित्तीय संस्थाहरुसँग सहकार्य र समन्वय गर्ने ।

३. उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्ने ।

४. तीनै तहका सरकारहरुबीच सहकार्य गर्ने ।

५. निजी क्षेत्रको लगानी आकर्षण गर्ने नीति तय गर्ने ।

६. गैर आवासिय नेपालीको लगानी संकलन गरी विप्रेषणलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने ।

७. अनुत्पादक खर्चलाई कटौती गर्ने ।

८. तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गर्ने ।

९. पूर्ण रुपमा पूर्व तयारी पश्चात मात्र आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन गर्ने ।

१०. रकमान्तरलाई निरुत्साहित गर्ने ।

११. चालु खर्चको सिमा निर्धारण गरी पूँजीगत खर्च वृद्धि गर्ने ।

१२. स्थानीय गौरवका आयोजनाहरुको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्ने र सोका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।

## ९.५ आवधिक योजना कार्यान्वयन

सामान्यतया कुनैपनि कार्यक्रमलाई प्राथमिकताको आधारमा चार तहमा राखेर मूल्याङ्कन गर्न सकिन्छ ।

### १. "अति उत्तम"- ३ अंक

"अति उत्तम" तह अन्तर्गत कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **प्रत्यक्ष र उल्लेखनीय** योगदान पुऱ्याउँछ । अर्थात् कुनैपनि स्थानमा आवागमनमा निकै कठिनता छ र सडकको स्तरोन्नति गर्ने कार्यक्रमले आवागमनलाई प्रत्यक्ष र उल्लेखनीय प्रभाव पार्दछ भने सो कार्यक्रम कार्यान्वयनका हिसाबले पहिलो प्राथमिकता तथा अति उत्तम वर्गमा पर्दछ । यस प्रकारका कार्यक्रममा सो शिर्षक अन्तर्गत विनियोजित बजेटको ५० प्रतिशत भन्दा बढी रकम पर्न आउँछ ।

## २. **"उत्तम"- २ अंक**

"उत्तम" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **अप्रत्यक्ष तर उल्लेखनीय** योगदान पुऱ्याउँछ। अर्थात् कुनैपनि स्थानमा धार्मिक तथा अन्धविश्वासले सामाजिक कुरीति र जटिलता सिर्जना गरेको छ भने विद्यालय खोली शिक्षाको विकास गर्दा सामाजिक जटिलता न्यून गर्न अप्रत्यक्ष तथा उल्लेखनीय योगदान पुऱ्याउँछ। यस प्रकारको कार्यक्रम प्राथमिकताको हिसाबले दोस्रो प्राथमिकतामा पर्दछ भने यसलाई उत्तम मानी २ अंक प्रदान गर्नुपर्दछ। यस प्रकारको कार्यक्रममा समेत सम्बन्धित शिर्षक मध्ये ५० प्रतिशत भन्दा बढी बजेट विनियोजन हुन्छ।

## ३. **"सामान्य"- १ अंक**

"सामान्य" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **सामान्य वा कम** मात्र योगदान दिन्छ भने सो कार्यक्रममा विनियोजित रकम मध्ये ५० प्रतिशत भन्दा कम रकम मात्र छुट्याइन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकताको आधारमा तेस्रो तहमा पर्दछ भने त्यसलाई १ अंक दिनुपर्दछ।

## ४. **"न्यून"- ० अंक**

"न्यून" तह अन्तर्गत तोकिएको कार्यक्रमले तोकिएको लक्ष्य प्राप्त गर्न **न्यून वा योगदान नै नपुऱ्याउने** हुन्छ। यस प्रकारको कार्यक्रम प्राथमिकतामा पर्दैन तसर्थ यसलाई शुन्य अंक प्रदान गरिन्छ।

यसरी कार्यक्रम प्राथमिकिकरण गर्दा विषय क्षेत्रगत विकास कार्यक्रम तथा उपक्षेत्रहरूका प्रत्येक कार्यक्रमहरूको मूल्याङ्कन गरी चार तहमा विभाजन गर्न सकिन्छ। अर्थात् उदाहरणको लागि भौतिक पूर्वाधार अन्तर्गत कुनै निश्चित स्थानदेखि अर्को स्थान जोड्न सडकको स्तरोन्नति गर्दा सो सडकले स्थानीयबासीको तत्कालीन वा दीर्घकालीन प्रमुख समस्या वा मागलाई कुन तहबाट सम्बोधन गर्न सक्छ भनी मुल्याङ्कन गर्नुपर्दछ। त्यसोगर्दा सो कार्यक्रम

अति उत्तम भए → पहिलो प्राथमिकता

उत्तम भए → दोस्रो प्राथमिकता

सामान्य भए → तेस्रो प्राथमिकता

न्यून भए → प्राथमिकतामा नपर्ने हुन्छ।

एवम रीतले प्रत्येक विषयगत क्षेत्र र सो क्षेत्र अन्तर्गतका उपक्षेत्रका सम्पूर्ण कार्यक्रमहरूलाई तोकिएको लक्ष्य हासिल गर्न कस्तो प्रकारको योगदान पुऱ्याउँछ भनी मूल्याङ्कन गर्दा माथि उल्लेखित तहहरूमा विभाजन गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ । यसकासाथै अन्य आधारमा :

(१) चालु वार्षिक योजनाको फराकिलो आधारको समावेशी आर्थिक उद्देश्य वृद्धिको लक्ष्य प्राप्तिमा कुन तहको योगदान पुऱ्याउँछ ?

(२) दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(३) जनसहभागिता सुनिश्चित गर्न कुन तहको योगदान पुऱ्याउँछ ?

(४) समावेशीकरणमा कुन तहको योगदान पुऱ्याउँछ ?

(५) यदि सञ्चालित आयोजनाहरू छन् भने पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारीको अवस्था हेरी कुन तहको योगदान पुऱ्याउँछ ?

यसरी यी प्रश्नहरूले गर्दा कस्तो उत्तर आउँछ सोको आधारमा कार्यक्रमलाई माथि उल्लेखित

"अति उत्तम"

"उत्तम"

"सामान्य" र

"न्यून" तहमा विभाजन गरी प्राथमिकता निर्धारण गर्न सकिन्छ साथै स्थानीय विकास गुरुयोजनाको मूल लक्ष्य स्थानीयबासीका आधारभूत आवश्यकता सम्बोधन गरी क्रमश: उच्च विकासतर्फ लम्कनु पर्ने भएकाले कार्यक्रम तय गर्दा वडास्तरमा निम्न बमोजिम गर्नुपर्दछ ।

## वडा तहका योजना छनौट तथा प्राथमिकीकरण

बस्ती तथा टोल स्तरमा कार्यक्रम बारे छलफल गर्दा दिगो विकास लक्ष्य प्राप्तगर्न मद्दत गर्ने कार्यक्रमबारे छलफल गर्नु पर्दछ । वडा तहअन्तर्गतका बस्ती र टोल स्तरको आयोजनाहरू छनौट गर्दा निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ ।

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ ।

(ख) प्रत्येक वडाले वडा भित्रका बस्ती र टोलहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तीमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत् जानकारी गराउनु पर्नेछ ।

(ग) नगरपालिका/नगरपालिका अन्तर्गतका वडाअन्तर्गत रहेका बस्ती/टोलको भेलामार्फत् बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने बस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्नुपर्ने हुन्छ।

(घ) बस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि लगायत सबै समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने हुन्छ।

(ङ) बस्ती/टोल भित्रका क्रियाशील सामुदायिक सस्थाहरू (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लव र सञ्जाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरूलाई पनि सहभागी गराउनु पर्ने हुन्छ।
